# RBPR Reagent kit मालसामान खरिदको लागि

## राष्ट्रियस्तरको खुल्ला बोलपत्र(NCB)

नेपाल सरकार
कृषि तथा पशुपंन्छी विकास मन्त्रालय
कृषि विभाग

**केन्द्रीय कृषि प्रयोगशाला**

हरिहरभवन, ललितपुर

फाल्गुण २०७५

प्रमुख

# RBPR Reagent kit मालसामान खरिदको
## बोलपत्र सम्बन्धी कागजातको प्रयोगको लागि
## मार्ग निर्देशन सहितको टिप्पणी

मालसामान खरिदको लागि यो नमूना बोलपत्र सम्बन्धी कागजात राष्ट्रिय स्तरको प्रतिष्पर्धी बोलपत्र प्रकियालाई सहजिकरण गर्ने उद्देश्यले नेपाल सरकार, केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवनले तयार पारेको हो र यो सार्वजनिक खरिद ऐन २०६३ ले परिभाषित गरेको सम्पूर्ण सार्वजनिक निकायहरुको लागि लागू हुनेछ ।

नमूना बोलपत्र सम्बन्धी कागजातको प्रयोग गरी मालसामान र सम्बद्ध सेवाहरुको खरिदको लागि आवश्यक बोलपत्र सम्बन्धी कागजात तयार पार्न सार्वजनिक निकायहरुलाई सघाउ पुयाउनको लागि यो मार्ग निर्देशन सहितको टिप्पणी (Guidance note) कृषि विभागले तयार पारेको हो । नमूना बोलपत्र सम्बन्धी कागजातमा कोष्ठक भित्र दिईएका मार्ग निर्देशन सहितका टिप्पणीहरु बोलपत्र सम्बन्धी कागजात तयार पार्दा हटाउनु पर्छ ।

यो नमूना बोलपत्र सम्बन्धी कागजातमा ८ खण्डहरु रहेका छन् जस मध्ये खण्ड १ (बोलपत्रदातालाई निर्देशन) र खण्ड ६ (करारका सामान्य शर्तहरु) लाई कुनै पनि अबस्थामा परिवर्तन वा परिमार्जन गर्नु हुँदैन । बोलपत्र आह्वानको सूचना (IFB) बिज्ञापनको लागि तयार पारिएको नमूना हो जसले बोलपत्रदातालाई बोलपत्र प्रकियामा भाग लिने वा नलिने भन्ने बारेमा निर्णय गर्न सघाउ पुयाउन सम्बन्धित र आवश्यक जानकारीहरु दिनेछ । सामान्य जानकारीको लागि मात्र यसलाई बोलपत्र सम्बन्धी कागजातमा समावेश गरिएको हो ।

सार्वजनिक निकायले खरिद सम्बन्धी आफ्ना निश्चित आवश्यकताहरु (Specific needs) बोलपत्र सम्बन्धी विवरण (Bid Data Sheet) र करारका विशेष शर्तहरु (Special Conditions of Contract) का साथै आवश्यकता सम्बन्धी विवरण मार्फत सम्बोधन (उल्लेख) गर्न सक्नेछन् ।

यो नमूना बोलपत्र सम्बन्धी कागजातलाई राम्ररी पुरा गरियो भने, बोलपत्रदातालाई बोलपत्र भर्न र पेश गर्न आवश्यक हुने सम्पूर्ण जानकारी प्राप्त हुनेछ । यसले खरिद इकाईलाई निष्पक्ष (Fair), पारदर्शी (Transparent) र सही (Accurate) ढंगबाट बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र मूल्यांकन गर्ने उचित आधार प्रदान गर्दछ ।

खरिद इकाईले, बोलपत्र आह्वानको सूचना प्रकाशित गर्नु अगावै खरिद आवश्यकता, प्रबिधिक विशेषताहरु, र लागत अनुमान निश्चित गरि तिनीहरुलाई अधिकार प्राप्त निकायबाट स्वीकृत गराउनु पर्दछ । यसको अतिरिक्त, खरिद इकाईले बजेटको उपलब्धता र खरिद आवश्यकताको सम्भावित प्याकेज र स्लाईस माथि पनि ध्यान दिनु पर्दछ ।



प्रमुख

यसको लगत्तै पछि नमूना बोलपत्र सम्बन्धी कागजातका खण्डहरुको बारेमा र यी खण्डहरुलाई खरिद निकायले कुनै खास खरिदको लागि बोलपत्र सम्बन्धी कागजात तयार पार्दा कसरी प्रयोग गर्नु पर्दछ भन्ने बारेमा संक्षिप्त बर्णन गरिएको छ ।

पशुपन्छी विकास
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

## खण्ड - १

# बोलपत्रदातालाई निर्देशन

## Instructions to Bidders (ITB)

यो खण्डले बोलपत्रदातालाई आफ्नो बोलपत्र तयार गर्न आवश्यक हुने जानकारीहरु प्रदान गर्नेछ । बोलपत्र पेश गर्ने, खोल्ने, मूल्याङ्कन गर्ने र ठेक्का प्रदान गर्ने सम्बन्धी जानकारीहरु पनि यो खण्डबाट प्राप्त हुनेछ । बोलपत्रदातालाई निर्देशनले बोलपत्र प्रकियालाई निर्देशित गर्ने कार्यबिधि तोक्नेछ ।

**बोलपत्रदातालाई निर्देशन** (ITB) मा प्रामाणिक कुरा (Standard provision) हरु राखिएको हुँदा त्यस्ता कुराहरु परिवर्तन नहुने किसिमले (अपरिवर्तनीय रहने गरी) तयार पारिएको छ र तिनमा रहेका बूँदाहरुलाई परिमार्जन गर्न पाईने छैन । निश्चित बोलपत्र प्रकियाको लागि तोकिनु पर्ने आवश्यक कुराहरु यो **बोलपत्रदातालाई निर्देशन**मा समावेश गरिएको छ र थप विवरणहरु आवश्यक भए बोलपत्र सम्बन्धी विवरण मार्फत दिन सकिने व्यवस्था गरिएको छ ।

यो खण्डमा, खरिदकर्ताले न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र पत्ता लगाउन प्रयोग गर्ने आधारहरु र बोलपत्रदाताको करार सम्पादन गर्न आवश्यक हुने योग्यता पनि समावेश गरिएकोछ ।

**बोलपत्रदातालाई निर्देशन** करार सम्बन्धी कागजात नभएकोले यसलाई करारको अंग मानिदैन ।

## खण्ड - २

# बोलपत्रसम्बन्धी विवरण

## Bid Data Sheet (BDS)

जारी गएिका प्रत्येक बोलपत्र प्रकियासंग विशेष रुपले सम्बन्धित जानकारी र सो संग विशेष रुपले सम्बन्धित व्यवस्थाहरु **बोलपत्र सम्बन्धी विवरण**मा रहनेछ । खरिदकर्ताले, **बोलपत्रदातालाई निर्देशन**मा उल्लेखभई **बोलपत्र सम्बन्धी विवरण**मा राख्न आवश्यक जानकारीहरु मात्र **बोलपत्र सम्बन्धी विवरणमा** राख्नु पर्दछ । **बोलपत्र सम्बन्धी विवरण**मा रहेका सबै दफाहरुमा आवश्यक जानकारीहरु भर्नु पर्नेछ र कुनै पनि दफा खालि छोड्नु हुँदैन ।



प्रमुख

**बोलपत्र सम्बन्धी विवरण** तयार पार्न सजिलो होस् भनेर, बोलपत्रदातालाई निर्देशनमा रहेका दफा नम्बरहरुलाई सोही अनुरुप नै **बोलपत्र सम्बन्धी विवरण**मा पनि राखिएको छ । यो खण्डमा खरिदकर्तालाई आवश्यक सबै जानकारीहरु कसरी भर्ने भन्ने जानकारी दिइएकोछ र खरिदकर्ताले भर्नु पर्ने आवश्यक सबै जानकारीहरु समेटेको **बोलपत्र सम्बन्धी विवरण**को ढाँचा पनि समावेश गरिएकोछ ।

**खण्ड - ३**

# मूल्याङ्कन र योग्यताका आधारहरु

## Evaluation and Qualification Criteria (EQC)

यस खण्ड (**मूल्याङ्कन र योग्यताका आधारहरु**) को उद्देश्य, खरिदकर्ताले बोलपत्रहरुको मूल्याङ्कन गर्न र न्यूनतम मूल्याङ्कित बोलपत्रदाताको पश्चात्-योग्यता परिक्षण गर्न प्रयोग गर्ने आधारहरु तोक्नु हो । खरिदकर्ताले मूल्याङ्कन र योग्यताका आधारहरु तयार पार्दा मालसामान तथा सम्बद्ध सेवाहरुको प्रकृति, परिमाण र मूल्यहरु माथि ध्यान दिनु पर्दछ र यसलाई बोलपत्र सम्बन्धी कागजातको एक अंगको रुपमा समावेश गर्नु पर्दछ । खरिद निकायले मूल्याङ्कन र योग्यताका आधारहरु निर्धारण गर्दा प्रतिष्पर्धालाई सीमित पार्ने वा पूरा गर्न कठीन हुने आधारहरु वा योग्यता तोक्नु हुँदैन । **मूल्याङ्कन र योग्यताका आधारहरु** करार सम्बन्धी कागजातको अंग होईन । खरिद निकायले ठेक्काको प्रकृति र जटीलतालाई हेरी मूल्याङ्कनका आधारहरु तोक्नु पर्दछ । मूल्याङ्कनका आधारहरुको नमूना तल दिईएकोछ:

**आर्थिक र प्राबिधिक पक्ष मूल्याङ्कनका आधारहरु**
**(Financial and Technical Criteria)**

यदि खरिद निकाय, **बोलपत्रदातालाई निर्देशनको दफा १५** बमोजिमको कबोल मूल्य बाहेक, तल उल्लिखित मध्ये थप कुनै कुराहरुको पनि आधार लिई बोलपत्र मूल्याङ्कन गर्न चाहन्छ भने ती कुराहरु बोलपत्र सम्बन्धी कागजातको यो खण्डमा उल्लेख गर्नु अनिवार्य हुन्छ ।

यस खण्डमा उल्लेख गरिने आधारहरुले, **खण्ड ५(आवश्यकता सम्बन्धी विवरण)** मा उल्लेख गरिएको आवश्यकता पूरा गर्न, सम्बन्धित मालसामान तथा सम्बद्ध सेवाहरुमा हुनु पर्ने प्राबिधिक पक्षको न्यूनतम् स्तर तोक्नु पर्दछ । यी आधारहरु अनुसार मूल्याङ्कन गर्दा, संभव भए सम्म मालसामान तथा सम्बद्ध सेवाहरु स्वीकार गर्न सकिने हिसाबले, प्रत्येक आधारहरुमा न्यूनतम् प्राप्ताङ्क तोकी, पास फेल प्रणाली अपनाई गर्नु पर्नेछ ।

यद्यपी, तोकिएको प्राबिधिक विवरणसंगको सामान्य भिन्नतालाई मात्र बोलपत्र अस्वीकार गर्ने कारण बनाईनु हुँदैन । उदाहरणको लागि, सहायक-मोटर (Auxiliary motor) को क्षमता (Power rating) तोकिएकोभन्दा कम हुनु, वा गाडीको लागि रेडियल-प्लाई टायरको सट्टा क्रस-प्लाई टायर प्रस्ताव गर्नुलाई सामान्य भिन्नता मान्न सकिन्छ । यस प्रकारका सामान्य भिन्नताहरुलाई, सम्बन्धित बोलपत्रको कबोल मूल्यमा जोडी, बोलपत्रको मूल्याङ्कन गर्न सकिन्छ ।



प्रमुख

**व्यापारिक पक्ष मूल्याङ्कनका आधारहरु**
**(Commercial Criteria)**

बोलपत्रको मूल्याङ्कन गर्दा व्यापारिक पक्ष मूल्याङ्कनका आधारहरुलाई सब भन्दा महत्वपूर्ण मानिन्छ । मूल्य मात्रै मूल्याङ्कनको आधार हुनु हुँदैन, किनकी मूल्यमा गणना गर्न सकिने अन्य कुराहरु पनि मूल्याङ्कनका आधार हुन सक्दछन् । उदाहरणको लागि, उर्जा खपत गर्ने उपकरण वा सुबिधाहरु जस्तै जेनेरटर वा पम्प, ट्रान्सफर्मर (क्षतिको गणना हुने), र उपकरणहरुको पछि हुने संचालन खर्च आदिहरुको हकमा तिनीहरुको कार्य-क्षमतालाई स्पेशिफिकेशनमा तोकिएको मापदण्डभन्दा कम वा बढी के छ हेरी, तिनीहरुको कबोल मूल्यमा सोही बमोजिम समायोजन गरी तिनीहरुको मूल्याङ्कित कबोल मूल्य निर्धारण गर्न सकिन्छ । यसरी निर्धारण गरिएको (कबोल मूल्यमा घटाइएको वा बढाइएको) मूल्य बोलपत्र सम्बन्धी कागजातमा, न्यूनतम "फङसनल ग्यारेण्टी"(Functional guarantee) र प्रक्षेपित संचालन खर्च (Projected operating costs)पनि बोलपत्र मूल्याङ्कनका आधारहरु हुनेछन् भनि तोकिएको अवस्थामा मात्र लागू गर्नु पर्दछ, र यस्ता कुराहरुको गणना गरी मूल्याङ्कनमा समावेश गर्ने तरिका पनि स्पष्ट रुपमा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्दछ ।

यदि बोलपत्रको मूल्याङ्कनमा व्यापारिक पक्षको मूल्याङ्कनका आधारहरुलाई समावेश नगर्ने हो भने, खरिद निकायले "लागू नहुने" भनि उल्लेख गर्नु पर्दछ ।

**भुक्तानीको शर्तमा (प्रस्तावित) भिन्नताको समायोजन**
**(Adjustment for Deviation from the Terms of Payment)**

**करारका विशेष शर्तहरुको उपदफा १५.१** मा तोकिएको भुक्तानीको शर्तमा भिन्नताको प्रस्ताव गर्न पाईने वा नपाईने खरिदकर्ताले स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । यदि भुक्तानीको शर्तमा भिन्नताको प्रस्ताव गर्न पाईने भए, खरिदकर्ताले बोलपत्रदाताको भिन्नताको प्रस्तावलाई देहाय बमोजिम समायोजन गर्नु पर्नेछ । सर्वप्रथम, खरिदकर्ताले **करारका विशेष शर्तहरुको दफा १५.१** मा तोकिए अनुसार नै बोलपत्रको मूल्याङ्कन गर्नु पर्दछ । त्यसपछि खरिदकर्ताले बोलपत्रदाताद्वारा प्रस्तावित भिन्नताले नगद-प्रबाहमा पार्ने असरको मूल्याङ्कन गरी त्यस्तो मूल्याङ्कनलाई बोलपत्रदाताको कबोल मूल्यमा समायोजन गर्नु पर्दछ । समायोजन गर्नु पर्ने मूल्य निकाल्न, थप भुक्तानी (Incremental payments) को सरदर मूल्यलाई, लगानीको पूरा अवधिको नगद-प्रबाह समेटी बर्तमान समयको मूल्य (Time value of money) निर्धारण गर्ने तरिका (Discounted cash flow) अपनाई समायोजन गर्नु पर्दछ ।

*(विकल्प १:"करारका विशेष शर्तहरुको उपदफा १५.१ मा तोकिएको भुक्तानीको शर्तमा भिन्नताको प्रस्ताव गर्न पाईने छैन" भनि उल्लेख गर्नुहोस् ।)*

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

*(विकल्प २: "**करारका विशेष शर्तहरुको उपदफा १५.१** मा तोकिएका भुक्तानीको शर्तमा भिन्नताको प्रस्ताव गर्न सकिनेछ र त्यस्तो बोलपत्रको मूल्याङ्कन गर्दा प्रस्तावित भिन्नतामा ... (प्रचलित ब्याजदर तोक्नुहोस्) प्रतिशत ब्याजदरको हिसाबले हुन आउने रकम जोडिनेछ" भनि उल्लेख गर्नुहोस् ।)*

यदि बोलपत्रको मूल्याङ्कनमा भुक्तानीको शर्तमा भिन्नताको समायोजन (Adjustment for deviations) लाई समावेश नगर्ने हो भने, खरिद निकायले "लागू नहुने" भनि उल्लेख गर्नु पर्दछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर



प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

## डेलिभरी र कार्य-सम्पन्न विवरणमा भिन्नताको समायोजन
## (Adjustment for Deviation in the Delivery and Completion Schedule)

बोलपत्रदाताले **खण्ड ५ (आवश्यकता सम्बन्धी विवरण)** मा उल्लेख गरिएको डेलिभरी (Delivery) र कार्य-सम्पन्न विवरण (Completion schedule) लाई आधार मानि आफ्नो मूल्य तय गर्नु पर्दछ । यसर्थ, तोकिएको डेलिभरी र कार्य-सम्पन्न विवरणमा भिन्नताको प्रस्ताव गर्न पाईने वा नपाईने खरिदकर्ताले स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । यदि डेलिभरी र कार्य-सम्पन्न विवरणमा भिन्नताको प्रस्ताव गर्न पाईने भए, खरिदकर्ताले बोलपत्रदाताको भिन्नताको प्रस्तावलाई तल दिइए बमोजिम समायोजन गर्नु पर्नेछ ।

*(विकल्प १: "**खण्ड ५ (आवश्यकता सम्बन्धी विवरण)** मा उल्लेख गरिएको डेलिभरी र कार्य-सम्पन्न विवरणमा भिन्नताको प्रस्ताव गर्न पाईने छैन" भनि उल्लेख गर्नुहोस् ।)*

*(विकल्प २: "**खण्ड ५ (आवश्यकता सम्बन्धी विवरण)** बमोजिम मालसामानहरुको सूचीमा दिईएका मालसामानहरु, स्वीकार्य समय-सीमा ( चाँडोमा (Earliest) डेलिभरी दिन सकिने र अन्तिम (Final) डेलिभरी दिन सकिने मिति) भित्र डेलिभरी दिनु पर्नेछ । चाँडोमा (Earliest) डेलिभरी दिन सकिने मितिभन्दा छिटो डेलिभरी दिने गरी बोलपत्र पेश गर्नेलाई कुनै विशेष प्राथमिकता (Credit)दिइने छैन, र अन्तिम (Final) डेलिभरी दिन सकिने मितिभन्दा ढिलो डेलिभरी दिने गरी पेश गरेको बोलपत्रलाई अप्रभावग्राही मानिने छ । डेलिभरी स्वीकार गर्न सकिने यस अवधिभित्र, चाँडोमा (Earliest) डेलिभरी दिन सकिने मिति भन्दा पछि डेलिभरी दिने गरी पेश गरेको बोलपत्रलाई, खण्ड ५ (डेलिभरी सम्बन्धी विवरण) मा उल्लेख गरिए अनुसारको चाँडोमा (Earliest) डेलिभरी दिन सकिने मितिभन्दा पछिको प्रत्येक दिनको लागि नीजले पेश गरेको कबोल मूल्यमा ०.०५ प्रतिशतको दरले जोडी समायोजन गरिनेछ र यस्तो समायोजन बोलपत्र मूल्याङ्कनको लागि मात्र गरिनेछ" भनि उल्लेख गर्नुहोस् ।)*

यदि बोलपत्रको मूल्याङ्कनमा भिन्नतालाई, डेलिभरी र कार्य-सम्पन्न विवरणमा समायोजन नगरिने हो भने, खरिद निकायले "लागू नहुने" भनि उल्लेख गर्नु पर्दछ ।

## संचालन र मर्मत सम्भार खर्च
## (Operating and Maintenance Costs)

मालसामानको आफ्नो जीवन-चक (Life cycle) अबधिभरको संचालन र मर्मत सम्भार (O&M) खर्च पनि उल्लेखनीय हुने भएमा, बोलपत्र मूल्याङ्कनमा संचालन र मर्मत सम्भार खर्चलाई पनि समावेश गर्नु पर्नेछ । भिन्न प्रबिधिको कारण, मालसामानहरुको पूँजीगत खर्च र संचालन र मर्मत सम्भार खर्चमा पनि व्यापक भिन्नता हुन सक्दछ । सामान्यतया, उत्पादनमा नयाँ तथा विस्तारित प्रबिधि र सामाग्रीको प्रयोग गरिएको मालसामानहरुमा लगानी खर्च बढी हुन्छ भने त्यस्तो मालसामानहरुको संचालन र मर्मत सम्भारमा भने कम खर्च लाग्ने हुन्छ । मालसामानहरुको जीवन-चक अबधिभरको संचालन र मर्मत सम्भार खर्चलाई बर्तमान मूल्य (Present value) मा ल्याई त्यसलाई मालसामानहरुको मूल्यमा जोडी, मालसामानहरुको संचालन र मर्मत सम्भार खर्चलाई मूल्याङ्कनमा समावेश गरिन्छ ।

मालसामानको संचालन र मर्मत सम्भार खर्च, सामान्यतया निम्न कुराहरुमाथि निर्भर गर्दछः

(क) मालसामानको शुरुको संचालन बर्ष । शुरुको संचालन बर्ष, मालसामानको मुख्य ओभरहल गर्नु पर्ने अबधि (सामान्यतया पाँचदेखि दश वर्षभन्दा) बढी हुने गरी राख्नु हुँदैन । मालसामानको कामको बोझ (Load) वा मालसामानको कामको समय (Working cycle)



प्रमुख

चाँही खरिदकर्ताले तोके बमोजिम (घण्टाको हिसाबमा, दैनिकहिसाबमा, मासिक हिसाबमा, वा सिजनल) हुन सक्नेछ ।

(ख) संचालन खर्च जस्तैः ईन्धन, बिजुली, जगेडा पार्टपूर्जा (स्पेयर पार्टस), श्रम र/वा मालसामानको संचालनको लागि आवश्यकअन्य सामाग्रीहरु ।

(ग) माथि (क) अनुसारको अबधिसम्म हुने माथि (ख) अनुसारको वार्षिक खर्चलाई, बर्तमान समयको मूल्य (Time value of money) मा परिवर्तन (Discount) गर्न आवश्यक हुने दर (प्रतिशतमा) ।

संचालन र मर्मत सम्भार खर्चलाई मूल्याङ्कनमा समावेश गरी मूल्याङ्कन गर्ने बिधि उल्लेख गर्नु पर्दछ र यदि बोलपत्रको मूल्याङ्कनमा संचालन र मर्मत सम्भार खर्चलाई समावेश नगर्ने हो भने, खरिद निकायले "लागू नहुने" भनि उल्लेख गर्नु पर्दछ ।

**जगेडा पार्टपूर्जा र बिकी पछिको सेवा सुबिधा**
**(Spare Parts and after Sales Service Facilities)**

**खण्ड ५ (आवश्यकता सम्बन्धी विवरण)** मा राखिएको मालसामान र सम्बद्ध सेवाहरुको सूचीमा आइटमगत रुपमा उल्लेख गरिएका जगेडा पार्टपूर्जा र औजार (Tools) हरु मात्र बोलपत्र मूल्याङ्कनमा समावेश गर्नु पर्दछ । संचालनको लागि विशेष रुपले आवश्यक हुने कारणले आपूर्तिकर्ताले शिफारिश गरेको जगेडा पार्टपूर्जालाई मूल्याङ्कनमा समावेश गर्नु हुँदैन ।

*("मालसामान संचालनको शुरुको अबधि (... अबधि लेख्नुहोस्) को लागि चाहिन सक्ने आइटमहरु (... जगेडा पार्टपूर्जा, उपकरण, जडानको लागि चाहिने मुख्य तथा अन्य विशेष अवयवहरुको नाम लेख्नुहोस्) र तिनीहरुको परिमाण **खण्ड ५ (आवश्यकता सम्बन्धी विवरण)** मा समावेश गरिएको छ । यी आइटमहरुको बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको एकाई मूल्यको आधारमा जम्मा मूल्य निकालिने छ र त्यस मूल्यलाई कबोल मूल्यमा जोडिनेछ भनि लेख्नुहोस् ।") र वा (यदि जगेडा पार्टपूर्जा र बिकी पछिको सेवा सुबिधा .... (स्थानको नाम लेख्नुहोस् जस्तैः काठमाण्डौं वा पोखरा) मा उपलब्ध नभएमा, कबोल मूल्यको १ (एक) प्रतिशतको हिसाबले हुन आउने रकम कबोल मूल्यमा जोडिनेछ भनि लेख्नुहोस् ।")*

यदि बोलपत्रको मूल्याङ्कनमा जगेडा पार्टपूर्जा र बिकी पछिको सेवा सुबिधा समावेश नगरिने हो भने, खरिद निकायले "लागू नहुने" भनि उल्लेख गर्नु पर्दछ ।

**मालसामानको कार्य-सम्पादन र उत्पादकत्व**
**(Performance and Productivity of the Goods)**

मालसामानको कार्य-सम्पादन र उत्पादकत्वलाई समायोजन गर्ने तत्व, **खण्ड ५ (आवश्यकता सम्बन्धी विवरण)** मा तोकिएको तिनीहरुको दक्षता (Efficiency) सम्बन्धी आवश्यकतालाई बोलपत्रदाताले आफ्नो बोलपत्रमा कबोल गरेको विवरणसंग तुलना गरी तोकिएको स्तरभन्दा बोलपत्रदाताले प्रस्ताव गरेको विवरण दक्षताको स्तरमा कति भिन्न छ भन्ने निकाल्नु पर्नेछ ।



प्रमुख

यस्तो भिन्नता निकाल्ने तरिका उल्लेख गर्नु पर्नेछ र यदि मूल्याङ्कनमा निर्माणाधीनको कार्य-सम्पादन र उत्पादकत्वलाई समावेश नगर्ने हो भने, खरिद निकायले "लागू नहुने" भनि उल्लेख गर्नु पर्दछ ।

**योग्यताका आधारहरु**
**(Qualification Criteria)**

सामान्य खालका र बजारमा सजिलैसंग उपलब्ध हुने "अफ-द-सेल्फ"(Off-the-shelf) प्रकृतिका सामानहरुको खरिदमा, बोलपत्रदाताको योग्यताको व्यापक परिक्षण गर्न जरुरी नहुन सक्छ । प्राबिधिक स्पेशिफिकेशन पूरा गरे नगरेको यकिन गरी मेशिन उपकरणको सन्तोषजनक ढंगले परिक्षण गरी खरिद गर्न सकिन्छ ।

यदि, बढी मूल्य भएको र प्राबिधिक हिसाबले जटिल प्लान्ट, उपकरण र मेशिनरीहरु खरिद गर्न छुट्टै पूर्व-योग्यता परिक्षण गर्न व्यवहारिक नदेखिएको तर न्यून मूल्याङ्कित बोलपत्रदातामा करार अनुसारको दायित्व पूरा गर्न सक्ने योग्यता छ भन्ने निर्क्यौल गर्न आवश्यक हुने अबस्थामा, खरिदकर्ताले यो खण्डमा, त्यस्तो खरिदको लागि उपयुक्त हुने योग्यताका आधारहरु समावेश गर्न सक्नेछ ।

खरिदको प्रकृति अनुसार, समय र पैसाको जोखिमलाई बिचार गरी, बोलपत्रदाताको वित्तिय, प्राबिधिक, उत्पादन, शिपिङ्ग, जडान लगायत करार बमोजिमको काम सम्पादन गर्न आवश्यक अन्य पक्षहरुको योग्यता निर्धारण गर्न आवश्यक हुन सक्दछ । यस्तो अबस्थामा, करार बमोजिमको काम सन्तोषजनक रुपमा सम्पादन गर्न आवश्यकहुने योग्यता मात्र माग्नु पर्दछ र यस्ता सम्पूर्ण आधारहरुलाई पास/फेल को आधारमा मात्र मूल्याङ्कन गर्नु पर्दछ । मालसामान रसम्बद्ध सेवाहरुको आपूर्तिमा बोलपत्रदाताको प्राबिधिक पक्ष, उत्पादन र जडान क्षमता, वित्तिय क्षमता लगायत अन्य आवश्यक पक्षहरुमा रहेको अनुभवको आपूकलाई स्वीकार हुने न्यूनतम स्तर तोक्नु पर्दछ ।

तल दिईएका आधारहरु छुट्टाछुट्टै वा समूहगत रुपमा बोलपत्रदातामा हुनुपर्ने योग्यता मूल्याङ्कनको लागि उपयोग गर्न सकिन्छ:

**संचालनको आकार (साईज)**
**(Size of Operation)**

औसत बार्षिक कारोबार भन्नाले विगत तीन वर्षभित्र सन्तोषजनक रुपमा सम्पन्न गरेको काम वा कार्यान्वयनको कममा रहेको काम वापत बोलपत्रदाताले पाएको भुक्तानी भन्ने बुझ्नु पर्दछ:

विगत तीन वर्षको सालाखाला बार्षिक कारोबार रु: ...



प्रमुख

**ठेक्का सम्बन्धी अनुभव**
**(Contractual Experience)**

विगत तीन वर्षमा मुख्य आपूर्तिकर्ताको रुपमा सन्तोषजनक रुपमा पूरा गरेको ठेक्का संख्याबाट ठेक्का सम्बन्धी अनुभव हेर्नु पर्दछ । यस्तो कामको मूल्य, प्रकृति, र जटिलता जारी गरिने ठेक्कासंग मिल्दोजुल्दो हुनु पर्दछ ।

**प्राबिधिक अनुभव**
**(Technical Experience)**

प्रस्तावित मालसामान कम्तिमा विगत (...) वर्षदेखि नियमित उत्पादनमा रहेको र समान प्रकृतिको मालसामान कम्तिमा (...) वटा बिक्री भएको र विगत (...) वर्षदेखि सन्तोषजनक रुपमा संचालनमा रहेको भनि उल्लेख गर्न सकिनेछ ।

**उत्पादन क्षमता**
**(Production Capacity)**

बोलपत्रदाता तोकिएको किसिम, आकार, र परिमाणको मालसामान आपूर्ति गर्न सक्षम छ भन्ने यकिन गर्न आवश्यक हुने गरी आपूर्तिकर्ताको न्यूनतम आपूर्ति वा उत्पादन गर्न सक्ने क्षमता उल्लेख गर्न सकिनेछ ।

**वित्तिय अवस्था**
**(Financial Position)**

बोलपत्रदाताको राम्रो वित्तिय अवस्था (दिर्घकालिन नाफाको स्थिति) दर्शाउने विगत तीन वर्षको लेखा परिक्षण गरिएको वित्तिय विवरणहरु (वासलात, आम्दानी विवरण) माग गर्न सकिनेछ ।

**नगद प्रवाहको क्षमता**
**(Cash Flow Capacity)**

करार कार्यान्वयको लागि आवश्यक हुने नगद प्रवाहको लागि तरल पूँजीको उपलब्धता वा तरल पूँजीमा रहेको पहुँच, कर्जा-प्रवाह, संचालन पूँजी (Working capital) र अरु स्रोतहरु माग गर्न सकिनेछ ।



प्रमुख

**विवाद/मुद्दामामिला सम्बन्धी विवरण**
**(Litigation History)**

किनारा लाग्न बाँकी सबै दावि, मध्यस्थता, वा अन्य विवाद/मुद्दाको जम्मा मूल्य बोलपत्रदाताको नेट-वर्षको (...प्रतिशत) भन्दा बढी हुनु हुँदैन ।

खरिद गरिने मालसामानको प्रकृति, मूल्य, र जटिलतालाई ध्यान दिई खरिद निकायले आवश्यक योग्यताहरु तोक्न सक्नेछ । तल केही उदाहरणहरु दिईएकोछ:

(क) प्रस्तावित मालसामान/उपकरणहरु नयाँ र कम्तिमा विगत २ वर्षदेखि नियमित उत्पादनमा रहेको हुनुपर्नेछ । यदि प्रस्तावित मोडेल नयाँ भए, समान प्रकृतिको मोडेल उत्पादनमा उत्पादकको कम्तिमा २ वर्षका अनुभव हुनुपर्नेछ ।

(ख) बोलपत्रदाताले विगत ३ वर्षभित्र आफूसंग सोही/समान प्रकृतिको मालसामान/उपकरणहरु खरिद गरेकाहरुको सूची, खरिद गरेको मालसामान/उपकरणहरुको परिमाण, र करार सम्झौताको मूल्य सम्बन्धी जानकारी दिनु पर्नेछ । यी जानकारीहरु, आवश्यक पर्दा, प्रस्तावित मालसामान/उपकरणहरुको कार्य-सम्पादनबारे बुझ्नको लागि प्रयोग गरिनेछ ।

(ग) मालसामान र सम्बद्ध सेवाहरुको आपूर्तिमा बोलपत्रदाताको कम्तिमा ३ वर्षको सामान्य अनुभव हुनुपर्नेछ ।

(घ) बोलपत्रदाताले सरकारी निकाय वा प्राईभेट संस्थाहरुमा विगत ३ वर्षभित्र समान प्रकृति, परिमाण, र करार-मूल्यको मालसामान र सम्बद्ध सेवाहरुको आपूर्ति गरेको विशेष अनुभव हुनुपर्नेछ ।

(ङ) मालसामानको उत्पादन क्षमता वा उपलब्धता न्यूनतम् .... हुनुपर्नेछ ।

(च) विगत ३ वर्षभित्र बोलपत्रदाताले, कम्तिमा पनि रु ........ बराबर करार-मूल्य भएको यौटै ठेक्का अन्तर्गत मालसामान आपूर्ति गरेको हुनुपर्नेछ ।

(छ) विगत ३ वर्षभित्रको वार्षिक औसत कारोवार रु ... हुनुपर्नेछ ।

(ज) तरल सम्पत्ति वा संचालन पूँजी वा कर्जा सुविधा कम्तिमा पनि रु ... हुनुपर्नेछ ।

(झ) *(यदि खरिद गरिने मालसामान जटिल र विशेष प्रकृतिको भएमा)* बोलपत्रदाताको उत्पादन क्षमता सम्बन्धित सार्वजनिक निकाय आफैंले वा उसद्वारा नियुक्त आधिकारिक प्रतिनिधिद्वारा परिक्षण गरिएको कागजात समावेश गर्नु पर्नेछ ।

(ञ) आधिकारिक (Competent) गुणस्तर नियन्त्रण संस्था वा मान्यता प्राप्त संस्थाबाट, स्पेशिफिकेशन र गुणको सन्दर्भमा खरिद गरिने मालसामानको निरीक्षण गरी सोबाट प्राप्त प्रमाणपत्र समावेश गर्नु पर्नेछ ।

(ट) सम्पूर्ण बिचाराधिन दावी, मध्यस्थता, वा अन्य मुद्दाहरु समग्रमा बोलपत्रदाताको नेट-वर्थको ५० (पचास) प्रतिशतभन्दा बढी हुनु हुँदैन ।



प्रमुख

# खण्ड - ४

# बोलपत्र सम्बन्धी फारमहरु

## Bidding Forms

यो खण्डमा बोलपत्रदाताले पेश गर्नु पर्ने बोलपत्र पेश गर्ने निवेदन, बोलपत्रदाताको विवरण सम्बन्धी फारम, वित्तिय विवरण सम्बन्धी फारम, सालाखाला (औसत) बार्षिक कारोबार सम्बन्धी फारम, वित्तिय स्रोत सम्बन्धी फारम, किनारा लाग्न बाँकी विवाद/मुद्दा सम्बन्धी फारम, विशेष अनुभव सम्बन्धी फारम, मूल्य विवरण, बोलपत्र जमानत फारम, र निर्माताको आधिकारिकताको पत्र सम्बन्धी फारमहरु रहने छन्।

आवश्यकता सम्बन्धी विवरण अनुसार, मूल्य विवरणको स्तम्भ १ को आईटम (Column 1 item) र स्तम्भ २ (Column 2) को मालसामान र सम्बद्ध सेवाहरुको विवरण चाँही खरिद निकायले भर्नु पर्दछ। यो खण्डले खरिदकर्ता र बोलपत्रदाता दुबैलाई मूल्य विवरणमा आवश्यक जानकारीहरु भर्न सघाउ पुर्‍याँउदछ।

# खण्ड - ५

# आवश्यकता सम्बन्धी विवरणहरु

## Schedule of Requirements (SR)

यो खण्डले मालसामान र सम्बद्ध सेवाहरुको सूची, डेलिभरी र काम-सम्पन्न गर्ने तालिका, प्राबिधिक स्पेशिफिकेशन, र ड्रइङ्गबारे जानकारी प्रदान गर्नेछ।

बोलपपत्रदातालाई आफ्नो बोलपत्र दक्षतापूर्वक र तथ्यपरक हिसाबले तयार पारी बोलपपत्रलाई बढी बस्तुगत र प्रतिष्पर्धी बनाउन आवश्यक हुने जानकारीहरु आवश्यकता सम्बन्धी विवरणहरुमा दिनु पर्दछ। आवश्यकता सम्बन्धि विवरण करार सम्बन्धी कागजातको अंग भएकोले खरिदकर्ताले आवश्यकता सम्बन्धि विवरण तयार पारी बोलपत्र सम्बन्धी कागजातमा समावेश गर्नु पर्दछ।

आवश्यकता सम्बन्धी विवरणहरु पूर्ण (Complete), निश्चित (Precise), र स्पष्ट (Clear) हुनु पर्दछ। अपूर्ण (Incomplete), अनिश्चत (Imprecise), वा अस्पष्ट (Unclear) आवश्यकता सम्बन्धी विवरणहरुले बोलपत्रदातालाई आवश्यकता सम्बन्धी विवरणहरुबारे स्पष्ट हुन खरिदकर्तासंग स्पष्टीकरण माग गर्नु पर्ने अवस्था सृजना हुन्छ वा खरिदकर्ताको आवश्यकतालाई भिन्न तरिकाले बुझि बोलपत्रदाताले शर्त सहितको बोलपत्र पेश गर्ने स्थिति सृजना हुनसक्छ। बोलपत्रदाताले खरिदकर्तासंग माग गरेको स्पष्टीकरणको प्रकृति अनुसार, खरिदकर्ताले बोलपत्र सम्बन्धी कागजातमा संशोधन गर्नु पर्ने र त्यस्तो संशोधनको कारण बोलपत्र पेश गर्ने अन्तिम म्याद बढाउनु पर्ने पनि हुनसक्छ। शर्त सहितको बोलपत्र चाँही अस्वीकार हुनसक्छ भने तुलना गर्न नसकिने बोलपत्रहरु पेश भएमा मूल्याङ्कन गर्न नसकिने हुन्छ।

बढी से बढी बोलपत्रदातालाई प्रतिष्पर्धामा सामेल हुन आकर्षित पनि गर्ने र संगसंगै आवश्यक कार्यकुशलता (Standard of workmanship), सामाग्रीहरुको विशेषता (Characteristics of materials) र



प्रमुख

मालसामानको कार्य-सम्पादनको स्तर (Performance of the goods) को साथै, मालसामान र सम्बद्ध सेवाहरुको डेलिभरी र कार्य सम्पन्न विवरण समेत स्पष्ट हुनेगरी, आवश्यकता सम्बन्धी विवरणहरु तयार पार्न खरिद निकायले अनुभवी कर्मचारीलाई जिम्मा दिनु पर्दछ । यस अनुसार गरेमा मात्र, राष्ट्रिय स्तरको खुल्ला बोलपत्र (NCB) प्रक्रियाले अङ्गीकार गरेको खरिदलाई किफायती (Economy), दक्ष (Efficient), स्वच्छ (Fair), र पारदर्शी (Transparent) बनाउने उद्देश्य पुरा हुन सक्दछ ।

## खण्ड - ६

# करारका सामान्य शर्तहरु

## General Conditions of Contract (GCC)

करारका सामान्य शर्तहरु परिवर्तन नहुने किसिमले तयार पारिएको हुँदा तिनमा रहेका विवरणहरुलाई परिमार्जन/परिवर्तन नगरी प्रयोग गर्नु पर्दछ । यस खण्डमा करारका सामान्य शर्तहरु राखिएका छन् जुन यो बोलपत्र जारी गरिएको ठेक्काको लागि लागू हुनेछ । कुनै खास बोलपत्र प्रक्रियाको लागि तोकिनु पर्ने आवश्यक कुराहरु करारका सामान्य शर्तहरु (GCC) मा समावेश गरिएको छ र थप विवरणहरु आवश्यक भए करारका विशेष शर्तहरु (SCC) मार्फत दिन सकिने व्यवस्था गरिएको छ ।

## खण्ड - ७

# करारका विशेष शर्तहरु

## Special Conditions of Contract (SCC)

यस खण्डमा ठेक्कासंग विशेष रुपले सम्बन्धित दफाहरु रहन्छन् जसले **खण्ड ६** मा रहेको **करारका सामान्य शर्तहरु**लाई परिमार्जन गर्दछन् वा तीनको पूरकको रुपमा काम गर्दछन् ।

करारका विशेष शर्तहरुमा, करारका सामान्य शर्तहरुमा रहेको व्यवस्थालाई निश्चित बोलपत्र प्रक्रियाको लागि आवश्यक हुने गरी विशेष रुपले उल्लेख गरिन्छ । खरिदकर्ताले बोलपत्र सम्बन्धी कागजातहरु जारी गर्दा, करारका सामान्य शर्तहरुमा रहेको दफाहरुमा करारका विशेष शर्तहरुमा उल्लेख हुनेछ भनि तोकिएका सम्पूर्ण व्यहोराहरु करारका विशेष शर्तहरुमा उल्लेख गर्नु पर्नेछ । करारका विशेष शर्तहरुमा रहेका कुनै पनि दफाहरु खाली छोडनु हुँदैन ।

करारका विशेष शर्तहरु तयार पार्न सजिलो होस् भनेर, करारका सामान्य शर्तहरुमा रहेका दफा नम्बरहरुलाई सोही अनुरुप नै करारका विशेष शर्तहरुमा पनि राखिएका छन् । यो खण्डले खरिदकर्तालाई आवश्यक सबै जानकारीहरु भर्न सघाउ पुर्‍याउनेछ ।

करारका विशेष शर्तहरु करार सम्बन्धी कागजातको अंग भएकोले, खरिद निकायले करारका विशेष शर्तहरुमा निर्देशित गरे मुताविक उपयुक्त ढंगले आवश्यक जानकारीहरु भर्नु पर्नेछ ।



प्रमुख

## खण्ड - ८

# करार सम्बन्धी फारमहरु

## Contract Forms

यस खण्डमा ठेक्का प्रदान गर्ने आसय (Intention of contract award) को सूचनाको नमूना, ठेक्का प्रदान गर्ने (Notification of award) जानकारी दिने फारम, करार सम्झौताको (Contract agreement) फारम, कार्य-सम्पादन जमानत (Performance security) फारम र अग्रीम पेश्की जमानत (Advance payment security) फारमहरु राखिएका छन् ।



प्रमुख

बोलपत्र सम्बन्धी कागजात

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

# RBPR Reagent Kit मालसामान खरिदको लागि

(मालसामानको पहिचान सम्बन्धी विवरण उल्लेख गर्नुहोस्)

## राष्ट्रियस्तरको खुल्ला बोलपत्र(NCB)

नेपाल सरकार
कृषि तथा पशुपंन्छी विकास मन्त्रालय
कृषि विभाग

**केन्द्रीय कृषि प्रयोगशाला**

हरिहरभवन, ललितपुर

फाल्गुण २०७५

जारी गरेको मिति:२०७५/११/२६ लाई जारी गरिएको
ठेक्काको सूचना नं:CAL-०१/०७५/०७६
NCBनं:



प्रमुख

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल सरकार
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

# सङ्क्षिप्त

# Abbreviations

| | | |
|---|---|---|
| BDS: | Bid Data Sheet | बोलपत्र सम्बन्धी विवरण |
| BD: | Bidding Document | बोलपत्र सम्बन्धी कागजात |
| DCS: | Delivery and Completion Schedule | डेलिभरी र कार्य-सम्पन्न विवरण |
| DP: | Development Partner | दातृ पक्ष |
| EQC: | Evaluation and Qualification Criteria | मूल्याङ्कन र योग्यताका आधारहरु |
| GCC: | General Conditions of Contract | करारका सामान्य शर्तहरु |
| GoN: | Government of Nepal | नेपाल सरकार |
| ICC: | International Chamber of Commerce | अन्तर्राष्ट्रिय चेम्बर अफ कमर्श |
| IFB: | Invitation for Bids | बोलपत्र आव्हानको सूचना |
| Incoterms: | International Commercial Terms | इन्कोटर्मस |
| ITB: | Instructions to Bidders | बोलपत्रदातालाई निर्देशन |
| LGRS: | List of Goods and Related Services | मालसामान र सम्बद्द सेवाहरुको सूची |
| NCB: | National Competitive Bidding | राष्ट्रिय स्तरको प्रतिष्पर्धी बोलपत्र |
| PAN: | Permanent Account Number | स्थायी लेखा नम्बर |
| PPMO: | Public Procurement Monitoring Office | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| SBD: | Standard Bidding Document | नमूना बोलपत्र सम्बन्धी कागजात |
| SBQ: | Schedule of Bidder Qualifications | बोलपत्रदाताको योग्यता सम्बन्धी विवरण |
| SCC: | Special Conditions of Contract | करारका विशेष शर्तहरु |
| SR: | Schedule of Requirements | आवश्यक्ता सम्बन्धी विवरण |
| TS: | Technical Specifications | प्राबिधिक स्पेशिफिकेशन |
| UNCITRAL | United Nations Commission on International Trade Law | |
| VAT | Value Added Tax | मूल्य अभिबृद्धि कर |



प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

## बिषय-सूचि

**बोलपत्र आह्वानको सूचना**

**भाग १ बोलपत्र सम्बन्धी कार्यबिधि**

खण्ड १: बोलपत्रदातालाई निर्देशन
खण्ड २: बोलपत्र सम्बन्धी विवरण
खण्ड ३: मूल्याङ्कन र योग्यताका आधारहरु
खण्ड ४: बोलपत्र सम्बन्धी फारमहरु

**भाग २आबश्यक्ता सम्बन्धी विवरण**

खण्ड ५: आबश्यकता सम्बन्धी विवरण

**भाग ३ करारका विशेष शर्तहरु र करार सम्बन्धी फारमहरु**

खण्ड ६: करारका सामान्य शर्तहरु
खण्ड ७: करारका विशेष शर्तहरु
खण्ड ८: करार सम्बन्धी फारमहरु



प्रमुख

## बोलपत्र आह्वानको सूचना

नेपाल सरकार

कृषि तथा पशुपंन्छी विकास मन्त्रालय

कृषि विभाग

केन्द्रीय कृषि प्रयोगशाला,हरिहरभवन

RBPR Reagent kit कोलागि बोलपत्र आव्हान गरिएकोछ

(प्रथम पटक सूचना प्रकाशित भएको मिति: २०७५/११/ २६

ठेक्का नं. CAL/०१/०७५/०७६

१. केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन योग्य बोलपत्रदाताहरूबाट, राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रकिया अन्तर्गत RBPR Reagent kit खरिद गर्न यो बोलपत्र आव्हान गर्दछ ।

२. योग्य बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस प्रयोगशालाको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:
कार्यालयको नाम: केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन, ललितपुर ।
*(खरिदकर्ताको टेलिफो : ०१-५५२०३१४*
*फयाक्स: ०१-५५२०३१४*
*इमेल : centralaglab.sspp@gmail.com*

३. योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन र कृषि विभाग, हरिहरभवनबाट लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी र बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु ३०००/- ( फिर्ता नहुने) पेश गर्नु पर्नेछ । बोलपत्र सम्बन्धी कागजातहरु हुलाक/कुरियर मार्फत पनि पठाउन सकिनेछ तर त्यसरी हुलाक/कुरियर मार्फत पठाईएको बोलपत्र सम्बन्धी कागजातहरु ढिलो गरी पुगेमा वा डेलिभरी नै नभएमा खरिदकर्ता जिम्मेवार हुनेछैन ।

४. शिलबन्दी गरिएको बोलपत्र केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवनमा मिति: *२०७५/१२/ २६ गते १२* बजे भित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्विकार गरिने छैन ।

५. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवनमा मिति: *२०७५/१२/ २६ गते २:००* बजे खोलिनेछ । बोलपत्र खोलिएको दिन देखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि बोलपत्र मान्य हुनेछ । बोलपत्रको साथ रु.९६,८५०/- ( छयानब्बे हजार आठ सय पचास मात्र ) बोलपत्र



प्रमुख

जमानत बापत पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अबधि बोलपत्रको मान्य हुने अबधि भन्दा कम्तिमा पनि ३० दिन बढी *(अर्थात् दिन/महिना/गते)* हुनु पर्नेछ ।

८. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिन सोही स्थान र समयमा क्रमशः उक्त कार्यहरु गरिने छ । यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

९. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

(नोटः

बोलपत्रदातालाई आवश्यक हुने कुनै पनि जानकारीहरु खरिदकर्ताले थप्न सक्नेछ तर, त्यसरी दिएका थप जानकारीहरु बोलपत्र सम्बन्धी कागजातहरुमा रहेका प्रावधानहरुसंग बाझिने खालको हुनु हुँदैन ।

यदि बोलपत्र आव्हानको सूचना स्लाइसहरुको लागि निकाल्नु पर्ने भएमा, हरफ नंबर २ को तलतिर निम्न जानकारी थप्नु पर्दछः

बोलपत्रदाताले तल उल्लेख गरिए अनुसार एक वा एकभन्दा बढी स्लाईसको लागि बोलपत्र पेश गर्न सक्दछ र सोही अनुसार छुटको पनि प्रस्ताव गर्न सक्दछ । मूल्याङ्कन गर्दा प्रत्येक स्लाईसको लागि छुट्टाछुट्टै मूल्याङ्कन गरिनेछ र ठेक्का प्रदान गर्दा चाँहीं समग्रमा खरिदकर्तालाई न्यून मूल्य हुने हिसाबले स्लाईस वा स्लाईसहरुको समूहको लागि गरिनेछ ।

ठेक्काको (स्लाईसको) नाम र नंबर तल दिईएकोछ;)



प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

# भाग - १

# बोलपत्र सम्बन्धी कार्यविधि

# BIDDING PROCEDURE

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

# विषय-सूचि(Table of Clauses)


**खण्ड १: बोलपत्रदातालाई निर्देशन** ....23

(क) सामान्य ....23

१. बोलपत्रको क्षेत्र ....23

२. रकमको स्रोत....23

३. जालसाजी र भ्रष्टाचार ....23

४.बोलपत्रदाताको ग्राह्यता ....26

५. मालसामान र सम्बद्ध सेवाहरुको ग्राह्यता ....28

६. साईट भ्रमण ....28

**(ख) बोलपत्र सम्बन्धी कागजातहरु**....29

७. बोलपत्र सम्बन्धी कागजातका अंगहरु ....29

८. बोलपत्र सम्बन्धी कागजातबारे स्पष्टिकरण/ बोलपत्र पेश गर्नु अघिको बैठक (पूर्व-बोलपत्र बैठक) ....29

९. बोलपत्र सम्बन्धी कागजातमा संशोधन....30

**(ग) बोलपत्रको तयारी** ....30

१०. बोलपत्र तयारीको खर्च ....30

११. बोलपत्रको भाषा ....30

१२. बोलपत्रमा समाविष्ट कागजातहरु ....31

१३. बोलपत्र पेश गर्ने निवेदन र मूल्य विवरण....31

१४. बैकल्पिक बोलपत्र ....31

१५. कबोल मूल्य (अंक) र छुट....31

१६. बोलपत्रमा प्रयोग हुने मुद्रा....33

१७. बोलपत्रदाताको योग्यता प्रमाणित गर्ने कागजातहरु ....33

१८. बोलपत्र सम्बन्धी कागजातसंग मालसामान र सम्बद्ध सेवाहरुको समानता पुष्टी गर्ने कागजातहरु ....33

१९. बोलपत्रदाताको योग्यता प्रमाणित गर्ने कागजातहरु ....34

२०. बोलपत्र मान्य हुने अवधि ....34

२१. बोलपत्र जमानत....34

२२. बोलपत्रको ढाँचा र हस्ताक्षर ....36

**(घ) बोलपत्र पेश गर्ने र खोल्ने**....37

२३. बोलपत्र शिलबन्दी र मार्किङ गर्ने (पहिचान गराउने)....37

२४. बोलपत्र पेश गर्ने अन्तिम समय ....37

२५. ढिलो गरी प्राप्त बोलपत्र ....37

२६. बोलपत्र फिर्ता वा संशोधन ....37

२७. बोलपत्र खोल्ने ....39

(ङ) बोलपत्र मूल्यांकन तथा तुलना....40

२८. गोपनियता....40

२९. **बोलपत्र सम्बन्धी विवरण**मा प्रष्ट पार्ने (बोलपत्रबारे स्पष्टिकरण)....41

३०. भिन्नता, अधिकार सुरक्षित गरिएको र छुटपुट कुराहरु ....41

३१. बोलपत्रको प्रभावग्राहिता ....41

३२. सानातिना फरक (भिन्नता) र त्रुटीहरु....41

३३. अङ्कगणितीय त्रुटी सच्याउने....42

३४. घरेलु प्राथमिकता ....42




प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर


३५. बोलपत्रको मूल्यांकन र तुलना....43
३६. बोलपत्रदाताको पश्चात-योग्यता परिक्षण....43
३७. कुनै बोलपत्र स्वीकार गर्ने, र कुनै वा सबै बोलपत्र अस्वीकार गर्ने खरिदकर्ताको अधिकार....43
(च) ठेक्का प्रदान....43
३८. ठेक्का प्रदान गर्ने आधार....43
३९. ठेक्का प्रदान गर्दा परिमाणमा हेरफेर गर्न पाउने (सक्ने) खरिदकर्ताको अधिकार....43
४०. ठेक्का प्रदान गर्ने आशयको सूचना....44
४१. कार्य-सम्पादन जमानत....44
४२. करार सम्झौतामा हस्ताक्षर....44
४३. उजुरी र पुनरावलोकन....46
४४. सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली लागू हुने....47
**खण्ड २: बोलपत्र सम्बन्धी विवरण**....48
(क) परिचय....48
(ख) बोलपत्र सम्बन्धी कागजातहरु....49
(ग) बोलपत्रको तयारी....50
घ. बोलपत्र पेश गर्ने र खोल्ने....52
(ङ) बोलपत्र मूल्यांकन तथा तुलना....52
(च) ठेक्का प्रदान....53
**खण्ड ३: मूल्याङ्कन र योग्यताका आधारहरू**....54
मूल्याङ्कनका आधारहरु....54
योग्यताका आधारहरु....55
नमूना प्राबधानहरु....55
**खण्ड ४: बोलपत्र सम्बन्धी फारमहरु**....55
१. बोलपत्र पेश गर्ने निवेदन....55
२. बोलपत्रदाताको विवरण सम्बन्धी फारम....57
३. संयुक्त उपक्रमको विवरण सम्बन्धी फारम....58
४. वित्तिय विवरण सम्बन्धी फारम....59
५. सालाखाला (औसत) बार्षिक कारोबार सम्बन्धी फारम....60
६. वित्तिय स्रोत सम्बन्धी फारम....60
७. किनारा लाग्न बाँकी विवाद/मुद्दा सम्बन्धी फारम....61
८. विशेष अनुभव सम्बन्धी फारम....62
९. मालसामानको मूल्य विवरण....63
१०. बोलपत्र जमानत....65
११. निर्माताको आधिकारिकताको पत्र....67
**भाग - २**....68
आवश्यकता सम्बन्धी विवरण....68
**खण्ड ५: आवश्यकता सम्बन्धी विवरण**....70
**भाग - ३ करारका शर्तहरु र करार सम्बन्धी फारामहरु**....89




प्रमुख

# खण्ड १: बोलपत्रदातालाई निर्देशन

## (क) सामान्य

| | | |
|---|---|---|
| **१. बोलपत्रको क्षेत्र** | १.१ | **"बोलपत्र सम्बन्धी विवरण"** मा उल्लेख गरिएको खरिदकर्ताले खण्ड-५ (आवश्यक मालसामान र सम्बद्ध सेवाको विवरण) मा उल्लेख भए बमोजिमको मालसामान र सो संग सम्बन्धित आनुषाङ्गिक सेवा आपूर्ति गर्न यो बोलपत्र सम्बन्धी कागजात जारी गरेको हो । |
| | १.२ | बोलपत्र सम्बन्धी यो कागजातमा:<br>(क) **'लिखित'** भन्ने शब्दले सप्रमाण लिखितरूपमा संचार (आदान प्रदान) भएको भन्ने जनाउने छ ।<br>(ख) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा **एक वचनले बहुवचन** र **बहुवचनले एकवचन**लाई पनि जनाउने छ।<br>(ग) **'दिन'** भन्ने शब्दले क्यालेण्डरमा उल्लेख भएको दिनलाई जनाउने छ। |
| **२. रकमको स्रोत** | २.१ | **नेपाल सरकारको स्रोत:** नेपाल सरकारद्वारा स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार खरिदकर्ताले आफुलाई उपलब्ध बजेटको केही अंश उपयुक्त तवरले भुक्तानी दिने गरी, **बोलपत्र सम्बन्धी विवरण**मा उल्लेख गरिएको करार अन्तर्गत उपयोग गर्न चाहेकोले यो बोलपत्र सम्बन्धी कागजात जारी गरिएको हो ।<br>वा<br>**दातृ पक्षको स्रोत:**नेपाल सरकारले **बोलपत्र सम्बन्धी विवरण**मा उल्लेख गरेका आयोजनाको निमित्त आवश्यक रकमको लागि दातृ पक्षसंग अनुरोध गरेको वा दातृ पक्षबाट सो आयोजनाको निमित्त आवश्यक रकम प्राप्त गरेको हुँदा सो रकमको केही अंश उपयुक्त तवरले भुक्तानी दिने गरी, **बोलपत्र सम्बन्धी विवरण**मा उल्लेख गरिएको करार अन्तर्गत उपयोग गर्न चाहेकोले यो बोलपत्र सम्बन्धी कागजात जारी गरिएको हो । |
| | २.२ | **दातृ पक्षको स्रोत:** नेपाल सरकारको अनुरोधमा मात्र दातृ पक्षले यस्तो रकमको भुक्तानी गर्नेछ । नेपाल सरकार र दातृ पक्षबीच भएको रकम उपलब्ध गराउने सम्बन्धि सम्झौता (जसलाई यसपछि "ऋण-सम्झौता" भनिने छ) मा उल्लिखित शर्तको अधिनमा रही दातृ पक्षले स्वीकृत गरेपछि मात्र यो रकमको भुक्तानी हुनेछ । यस ऋण-सम्झौता अन्तर्गत नेपाल सरकार बाहेक अन्य कुनै पनि पक्षले कुनै पनि प्रकारको अधिकार प्राप्त गर्ने छैन र सो रकममाथि कुनै पनि प्रकारको दावी गर्न पाउने छैन । |
| **३. जालसाजी र भ्रष्टाचार** | ३.१ | नेपाल सरकार, नेपाल सरकार/दातृ पक्षद्वारा प्राप्त रकम अन्तर्गत हुने करारको खरिद कार्य र त्यस्तो करार सम्पन्न गर्ने अबधिभर खरिद निकाय लगायत बोलपत्रदाता, आपूर्तिकर्ता, र निर्माण व्यवसायी तथा तिनीहरुका सब-कन्टयाक्टरहरु बाट उच्चनैतिक आचरणको अपेक्षा गर्दछ र यसको लागि:<br>(क) खरिदकर्ता तल उल्लेख गरिएका शब्दहरुलाई निम्न अनुसार परिभाषित गर्दछ; |



प्रमुख

(१) **भ्रष्टाचारजन्य व्यवहार** (Corrupt practice) भन्नाले अर्को पक्षको क्रियाकलापलाई अनुचित प्रभाव पर्ने गरी प्रत्यक्ष वा परोक्ष तवरबाट कुनै मूल्यवान वस्तु दिन प्रस्ताब गर्नु वा दिनु वा लिनु वा प्राप्त गर्ने इच्छा व्यक्त गर्नु भन्ने बुझ्नु पर्दछ;

(२) **जालसाजीपूर्ण व्यवहार** (Fraudulent practice) भन्नाले आर्थिक वा अन्य कुनै फाईदाको लागि वा आफ्नो दायित्वबाट पन्छिने उद्देश्यले जानाजान वा लापारबाही ढंगले कुनै काम गर्नु वा नगर्नु, वा झुठो विवरण दिनु वा दिन प्रयास गर्ने कार्य भन्ने बुझ्नु पर्दछ;

(३) **करकापजन्य व्यवहार** (Coercive practice) भन्नाले कुनै पक्षको कामलाई अनुचित प्रभाव पार्ने उद्देश्यले प्रत्यक्ष वा परोक्ष किसिमबाट कुनै अर्को पक्ष वा निजको सम्पत्ति माथि क्षति वा हानी पुऱ्याउने वा क्षति वा हानी पुऱ्याउन धम्की दिने कार्य भन्ने बुझ्नु पर्दछ;

(४) **मिलेमतो** (Collusive practice) भन्नाले दुई वा दुई भन्दा बढी पक्षहरू बीच कुनै अर्को पक्षको कामलाई अनुचित तवरबाट प्रभावित गर्ने उद्देश्यले गरिने वा गरिएको प्रबन्ध भन्ने बुझ्नु पर्दछ ।

(५) **बाधाविरोधजन्य गतिबिधि** (Obstructive practice) भन्नाले:

(क) भ्रष्टाचार, जालसाजी, करकाप वा मिलेमतो सम्बन्धी व्यवहारमाथि नेपाल सरकार वा दातृ पक्षद्वारा गर्न लगाइएको वा गरिएको छानबिनलाई बाधा पुर्‍याउने हिसाबले नियतबस सारभूत तथ्य प्रमाण नाश गर्ने, झुटो विवरण तयार पार्ने, तथ्य बंग्याउने वा लुकाउने; वा छानविनसंग सम्बन्धित जानकारी दिनबाट कसैलाई रोक्ने वा छानविनको प्रकिया अबरुद्ध पार्ने नियतले धम्काउने, हतोत्साही पार्ने, वा तर्साउने कार्य, र

(ख) **बोलपत्रदातालाई निर्देशनको दफा ३.५** ले नेपाल सरकार/दातृ पक्षलाई प्रदान गरेको निरीक्षण र लेखापरीक्षण गर्न पाउने अधिकारलाई कुण्ठित पार्ने क्रियाकलाप भन्ने बुझ्नु पर्दछ।

(ग) यस खरिद कार्यको प्रतिस्पर्धामा कुनै बोलपत्रदाता प्रत्यक्षरूपमा आफैं वा आफ्नो एजेन्ट मार्फत भ्रष्टाचारजन्य, जालसाजीजन्य, मिलेमतो, करकापजन्य कार्य वा बाधाविरोधजन्य गतिबधिमा संलग्न भएको खरिदकर्तालाई लागेमा त्यस्तो बोलपत्र खरिदकर्ताले सिधै अस्विकार गर्नेछ।

(घ) यदि कुनै फर्म यस खरिद कार्यको प्रतिस्पर्धा वा करार कार्यान्वयनको कममा प्रत्यक्ष रुपमा आफैं वा आफ्नो एजेन्ट मार्फत भ्रष्टाचारजन्य, जालसाजीजन्य, मिलेमतो, करकापजन्य कार्य वा बाधाविरोधजन्य गतिबधिमा संलग्न भएको खरिदकर्तालाई लागेमा त्यस्तो फर्म वा व्यक्तिलाई नेपाल सरकार/दातृ पक्षको सहयोग अन्तर्गतका ठेक्काहरुमा सहभागी हुनबाट बन्देज लगाइने वा निश्चित समयसम्मको लागि अयोग्य घोषित गरिने छ।

३.२ खरिद प्रकिया वा खरिद सम्झौता कार्यान्वयनको प्रकियालाई प्रभावित पार्ने उद्देश्यले बोलपत्रदाताले निम्न कार्यहरु गर्न वा गराउनु हुदैन:

(क) प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट अनुचित प्रलोभन दिन वा त्यस्तो प्रस्ताव गर्न,

(ख) तथ्य बंग्याउन वा गलत व्याख्या गर्न,



प्रमुख

| | |
|---|---|
| | (ग) भ्रष्टाचारवा जालसाजीजन्य कार्य गर्न वा त्यस्तो गतिबिधिमा संलग्न हुन,<br>(घ) अन्य प्रतिस्पर्धी बोलपत्रदाताहरुलाई बोलपत्र सम्बन्धी काम कारवाहीमा सहभागि हुन बाधा अबरोध पुऱ्याउन,<br>(ङ) खरिद प्रकियामा संलग्न हुने कुनै पनि व्यक्ति वा निजको सम्पत्ति माथि हानी नोक्सानी पुऱ्याउन प्रत्यक्ष वा अप्रत्यक्ष धम्कि दिन वा करकाप गर्न,<br>(च) खुल्ला प्रतिष्पर्धी बोल-मूल्यबाट प्राप्त हुने फाईदाबाट खरिदकर्तालाई बञ्चित गराउने मनशायले बोलपत्र दाखिला गर्नु अघि वा पछि बोलपत्रदाताहरूले आपसमा मिलोमतो गरी कामको बाँडफाँड गर्नु वा कृत्रिम/अप्रतिष्पर्धी बोल-मूल्य तय गर्न,<br>(छ) बोलपत्र खोलेपछि बोलपत्र स्वीकृतिको सूचना नदिंदासम्मको अवधिभर बोलपत्र सम्बन्धी कारवाहीमा प्रभाव पार्ने मनसायले खरिदकर्तालाई सम्पर्क गर्न वा बोलपत्रको परीक्षण र मूल्यांकनमा बाधा अबरोध पुग्ने कुनै पनि खालको कियाकलाप गर्न ।<br>३.३ खरिद निकायको शिफारिसमा, बोलपत्रदाताले गरेको कसुरको गाम्भीर्यता र निम्नलिखित अवस्थाको आधारमा, केन्द्रीय कृषि प्रयोगशालाले बोलपत्रदातालाई १ (एक) देखि ३ (तीन) वर्षसम्म कालो सूचीमा राख्न सक्ने छ:<br>(क) बोलपत्रदातालाई अदालतले फौजदारी कसूरमा दोषी ठहचाएको कारणले बोलपत्रदाता खरिद सम्झौता गर्न अयोग्य हुने भएमा,<br>(ख) बोलपत्रदाताले **बोलपत्रदातालाई निर्देशन**को दफा ३.२ र १९.५ को प्रतिकुल हुने गतिबिधि गरेको व्यहोरा प्रमाणित भएमा ।<br>३.४ कालो सूचीमा परी **नेपाल सरकार** वा **केन्द्रीय कृषि प्रयोग**शालाले वा **दातृ पक्ष**ले (दातृ पक्षको स्रोतमा संचालित आयोजनाको हकमा) अयोग्य ठहराएको बोलपत्रदाता,**नेपाल सरकार**, **केन्द्रीय कृषि प्रयोग**शालाल ले वा **दातृ पक्ष**ले तोकेको समयाबधिको लागि बोलपत्र प्रकियामा भाग लिन अयोग्य हुनेछन् ।<br>३.५ आपूर्तिकर्ताले आफ्नो कार्यसम्पादन संग सम्बन्धित हिसाब किताब/लेखा तथा अभिलेखहरू नेपाल सरकार/दातृ पक्षलाई निरीक्षण गर्न दिनु पर्नेछ र नेपाल सरकार/दातृ पक्षले आवश्यक ठानी, लेखापरीक्षक नियुक्त गरी लेखा परीक्षण गर्न पठाएमा लेखा परीक्षण गर्न दिनु पर्नेछ ।<br>३.६ **दातृ पक्षको स्रोतबाट व्यहोरिने:** जालसाजी तथा भ्रष्टाचार सम्बन्धी नीति अवलम्वन गर्दै,<br>(क) यदि स्वीकृतिको लागि प्रस्ताव गरिएको बोलपत्रको बोलपत्रदाता प्रत्यक्ष रुपमा वा आफ्नो एजेन्ट मार्फत भ्रष्टाचारजन्य, जालसाजीजन्य, मिलेमतो, करकापजन्य, वा बाधाविरोधजन्य कियाकलापमा संलग्न रहेको भन्ने दातृ पक्षलाई निश्चित भएमा दातृ पक्षले त्यस्तो प्रस्तावलाई अस्वीकार गर्नेछ,<br>(ख) यदि नेपाल सरकार वा ठेक्काको लाभग्राही पक्ष खरिद प्रकिया वा करार कार्यान्वयनको सिलसिलामा भ्रष्टाचारजन्य, जालसाजीजन्य, मिलेमतो, करकापजन्य, वा बाधाविरोधजन्य कियाकलापमा संलग्न रहेको भन्नेदातृ पक्षलाई निश्चित भएमा; र यस अवस्थामा, नेपाल सरकारले त्यस्तो कियाकलापलाई दातृ पक्षको चित्त बुझ्ने गरी समयमै उपयुक्त तवरले सम्बोधन नगरेमा, दातृ पक्षले सम्बन्धित ठेक्काको लागि छुट्याएको ऋण/कर्जा/अनुदानको अंश दातृ पक्षले रद्द गर्नेछ । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर

| | |
|---|---|
| **४.बोलपत्र दाताको ग्राह्यता** | ४.१<br>४.२ बोलपत्रदाता कुनै प्राकृतिक व्यक्ति, निजी संस्था, सरकारी स्वामित्वमा रहेको संस्था (**बोलपत्र दातालाई निर्देशन**को दफा ४.४ को अधिनमा रही)वा आपसमा सहकार्य गर्ने औपचारिक आशयपत्र सहितको माथि उल्लिखित व्यक्ति तथा संस्थाहरु बीचको कुनै समूह वा कुनै सम्झौता अन्तर्गत कायम रहेको संयुक्त उपक्रम हुन सक्दछ। संयुक्त उपकमको सन्दर्भमा:<br>(क) संयुक्त उपकमका सम्पूर्ण पक्षहरु संयुक्त वा छुट्टाछुट्टै रुपमा उत्तरदायी हुनेछन्; र<br>(ख) संयुक्त उपकममा रहेका पक्षहरुले खरिद प्रकियामा र ठेक्का प्रदान भएको अबस्थामा त्यस्तो करार कार्यान्वयनको अबधि भर संयुक्त उपकममा रहेका सबै पक्षहरुको सामूहिक एवं छुट्टाछुट्टै रुपमा जवाफदेहिता बहन गर्न सक्ने अधिकार सहितको एक जना प्रतिनिधि नियुक्त गर्नु पर्नेछ।<br>४.३ सम्बन्धित खरिद प्रकियामा बोलपत्रदाताको कुनै पनि किसिमले स्वार्थ बाझिएको हुनु हुँदैन । कुनै बोलपत्रदाताका स्वार्थ बाझिएको पाइएमा त्यस्तो बोलपत्रदाता खरिद प्रकियाको लागि अयोग्य ठहरिनेछ। अन्य अवस्थाहरुका अलावा सामान्यतया तल उल्लिखित अबस्थामा यो खरिद प्रकियामा रहेका एक वा एकभन्दा बढी पक्षहरुसंग बोलपत्रदाताको स्वार्थ बाझिएको मानिने छ:<br>(क) यदि तिनीहरुलाई नियन्त्रण गर्ने साझा नियन्त्रक शेयरधनी भएमा;<br>(ख) एकले अर्को संग प्रत्यक्ष वा अप्रत्यक्ष तवरमा कुनै अनुदान पाउने वा पाएको भएमा;<br>(ग) यो बोलपत्रको प्रयोजनका लागि दुवैको तर्फबाट काम गर्ने एउटै कानूनी प्रतिनिधि भएमा,<br>(घ) एक अर्को बीचको सूचना अर्कोमा आदान प्रदान हुन सक्ने वा एक अर्कोको बोलपत्रलाई प्रभाव पार्न सक्ने वा खरिदकर्ताको बोलपत्रसंग सम्बन्धित निर्णय प्रकियालाई सोझै वा कुनै तेस्रो पक्ष मार्फत प्रभाव पार्न सक्ने किसिमको आपसी सम्बन्ध भएमा;<br>(ङ) कुनै बोलपत्रदाता वा निजले यस खरिद प्रकियामा एकभन्दा बढी बोलपत्रमा सहभागीता जनाएमा। कुनै बोलपत्रदाता एकभन्दा बढी बोलपत्रमा सहभागी भएको पाइएमा, त्यस्तो बोलपत्रदाताको संलग्नता रहेको सबै बोलपत्रहरु अयोग्य ठहराइनेछ तर बोलपत्रदाताको रुपमा सहभागी नभएको कुनै व्यक्ति सव-कन्ट्राक्टरको रुपमा एकभन्दा बढी बोलपत्रमा सहभागी हुन यो ब्यबस्थाले बन्देज लगाउने छैन,<br>(च) कुनै बोलपत्रदाता वा निजको कुनै सम्बद्ध व्यक्ति वा फर्म यो बोलपत्र सँग सम्बन्धित वस्तु वा सेवाको डिजाइन वा प्राबिधिक स्पेशिफिकेशन बनाउने काममा संलग्न भएमा।<br>४.४ बोलपत्रदातालाई निर्देशनको दफा ३.४ बमोजिम नेपाल सरकार/दातृ पक्षले बोलपत्र दाखिला गर्ने अन्तिम मिति वा त्यसपछि अयोग्य घोषित भएको बोलपत्रदाता यो बोलपत्र प्रकियाको लागि अयोग्य ठानिने छ। |



प्रमुख

४.५ कानूनी र आर्थिक रूपमा स्वायत्त भई व्यवसायिक कानून अन्तरगत संचालनमा रहेको र खरिदकर्ता माथि आश्रित नरहेका सरकारी स्वामित्वका संस्थाहरु यस बोलपत्रमा सहभागी हुन सक्नेछन् ।

४.६ खरिदकर्ताले मनासिव तरिकाले अनुरोध गरेमा बोलपत्रदाताले सो बोलपत्रको लागि आफ्नो ग्राह्यता निरन्तर कायम रहेको प्रमाण सन्तोषजनक रुपमा खरिदकर्ता समक्ष पेश गर्नु पर्नेछ ।

४.७ तल उल्लिखित अवस्थामा, बोलपत्र प्रकियाबाट फर्म/कम्पनीलाई अलग गरिने छः

(क) **संयुक्त राष्ट्र संघ प्रतिज्ञा पत्र (चार्टर)** को अध्याय सात अनुसार संघको सुरक्षा परिषदको निर्णय पालना गर्ने सिलसिलामा यदि संयुक्त राष्ट्र संघले कुनै देशको व्यक्ति वा निकायबाट माल सामान आयात गर्न वा निर्माणकार्य वा सेवाको लागि करार गर्न वा भुक्तानी दिन निषेध गरेको भए,

(ख) **दातृ पक्षको स्रोतबाट व्यहोरिने:** कानून बमोजिम वा कुनै आधिकारिक व्यवस्था बमोजिम नेपाल सरकारले कुनै देशसँगको व्यापारिक सम्बन्धलाई निषेध गरेको भए र त्यस्तो निषेधको कारणले आवश्यक मालसामान वा सम्बद्ध सेवाको आपूर्तिमा हुने प्रभावकारी प्रतिस्पर्धालाई सीमित पार्दैन भन्ने कुरामा दातृ पक्ष सन्तुष्ट भएमा,

(ग) **दातृ पक्षको स्रोतबाट व्यहोरिने:**दातृ पक्षको स्रोतबाट व्यहोरिने आयोजनामा भ्रष्टाचार र जालसाजी हुन नदिने उद्देश्यले दातृ पक्षद्वारा तयार पारिएको निर्देशिकामा भएको व्यवस्थाको कारण कुनै फर्म/कम्पनी अयोग्य ठहरिएमा ।

४.८ दातृ पक्षको स्रोतबाट व्यहोरिने आयोजनाको हकमा बोलपत्रदाता र बोलपत्रदाताको रुपमा संलग्न हुने सबै पक्षहरु सम्बन्धित दातृ पक्षको लागि ग्राह्य देशका हुनु पर्नेछ ।

४.९ स्थायी लेखा नम्बर(PAN) र मूल्य अभिवृद्धि कर(VAT) दर्ताको प्रमाण पत्र भएका र आन्तरिक राजस्व कार्यालयबाट करचुक्ता प्रमाण पत्र वा कर विवरण दाखिला गरेको प्रमाण पत्र प्राप्त गरेका स्वदेशी फर्म/कम्पनी मात्र यो बोलपत्रमा सहभागी हुन योग्य हुनेछन् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर



प्रमुख

| | |
|---|---|
| **५. मालसामान र सम्बद्ध सेवाहरुको ग्राह्यता** | ५.१ **बोलपत्र सम्बन्धी विवरण**मा तोकिएका देशहरु उद्‌गमस्थल भएका र करार सम्झौता अन्तर्गत आपूर्ति गरिएका मालसामान र सम्बद्ध सेवाहरु ग्राह्य हुनेछन् ।<br>५.२ यस दफाको प्रयोजनको निमित्त, "उद्‌गमस्थल" भन्नाले मालसामान उत्खनन, उब्जाउ वा उत्पादन भएको वा सम्बद्ध सेवा आपूर्ति गरिने स्थान भन्ने बुझिनेछ ।<br>५.३ मालसामान र सम्बद्ध सेवाको उद्‌गमस्थल र बोलपत्रदाताको राष्ट्रियता दुई भिन्नाभिन्नै कुराहरु हुन् । |
| **६. साईट भ्रमण** | ६.१ मालसामान आपूर्तिको करार अन्तर्गत जडान/संचालन/नेटवर्किंग गर्नु पर्ने वा यस्तै प्रकृतिका सेवा साईटमा दिनु पर्ने भएमा, बोलपत्रदातालाई साईटमा गई साईटको निरीक्षण गरी मालसामान र सम्बद्ध सेवा प्रदान गर्ने बोलपत्र तयार गर्न र करार सम्झौता गर्न आवश्यक जानकारी हासिल गर्न सल्लाह दिईन्छ । यस्तो साईट भ्रमण तथा निरीक्षणको सिलसिलामा आइपर्ने सम्पूर्ण जिम्मेवारी र जोखिम बोलपत्रदाता स्वयंले बहन गर्नु पर्नेछ ।<br>६.२ बोलपत्रदाताको साईटको भ्रमण तथा निरीक्षणको लागि साईटमा आवश्यक तयारी गर्न खरिदकर्तालाई पर्याप्त समय पुग्ने गरी बोलपत्रदाताले आफूले गर्ने साईट भ्रमण तथा निरीक्षण सम्बन्धी जानकारी खरिदकर्तालाई गराउनु पर्नेछ ।<br>६.३ बोलपत्रदाताले आफ्नै खर्चमा साईट भ्रमण तथा निरीक्षणको ब्यबस्था मिलाउनु पर्नेछ । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर



प्रमुख

# (ख) बोलपत्र सम्बन्धी कागजातहरुका सूचि

| | |
|---|---|
| **७. बोलपत्र सम्बन्धी कागजातका अंगहरु** | ७.१ बोलपत्र सम्बन्धी कागजातमा तीन भाग - भाग १, २, र ३ रहेका छन् जस अन्तर्गत तल दिइए अनुसारका खण्डहरू छन् । यिनीहरुलाई **बोलपत्रदातालाई निर्देशन**को दफा ९ अनुसार जारी गरिएका पूरक अंश (Addenda) सहित पढ्नु तथा अर्थ लगाउनु पर्ने हुन्छ ।<br>**भाग - १: बोलपत्र सम्बन्धी प्रकिया**<br>खण्ड-१: बोलपत्रदातालाई निर्देशन<br>खण्ड-२: बोलपत्र सम्बन्धी विवरण<br>खण्ड-३: मूल्यांकन तथा योग्यताका आधारहरु<br>खण्ड-४: बोलपत्र सम्बन्धी फारमहरू<br>**भाग - २: आवश्यकता सम्बन्धी विवरण**<br>खण्ड-५: मालसामान तथा सम्बद्ध सेवाको विवरण<br>**भाग - ३: सम्झौताका शर्तहरू तथा सम्झौता सम्बन्धी फारमहरू**<br>खण्ड-६: करारका सामान्य शर्तहरु<br>खण्ड-७: करारका बिशेष शर्तहरु<br>खण्ड-८: करार सम्झौता सम्बन्धी फारमहरू<br>७.२ खरिदकर्ता वा **बोलपत्र सम्बन्धी विवरण**मा तोकिएको कार्यालयबाट सोझै नकिनी अन्य कुनै तवरबाट प्राप्त गरेको बोलपत्र कसैले पेश गरेमा त्यस्तो बोलपत्रलाई खरिदकर्ताले अस्वीकार गर्नेछ ।<br>७.३ बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातका साथै सोको पूरक अंश (यदि कुनै जारी गरिएको भए) मा समावेश गरिएका सम्पूर्ण निर्देशन, फारम, शर्त र स्पेसिफिकेसनहरू राम्ररी परिक्षण (अध्ययन) गरून् भन्ने अपेक्षा खरिदकर्ताले गरेको छ । बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भए अनुसारको जानकारी वा प्रमाण/कागजातहरु बोलपत्रमा समावेश नभएमा त्यस्तो बोलपत्र अस्वीकृत हुन सक्ने छ ।<br>७.४ खरिदकर्ताले जारी गरेको बोलपत्र आह्वानको सूचना बोलपत्र सम्बन्धी कागजातको अंग मानिने छैन । |
| **८. बोलपत्र सम्बन्धी कागजातबारे स्पष्टिकरण/ बोलपत्र पेश गर्नु अघिको बैठक (पूर्व-बोलपत्र** | ८.१ बोलपत्र सम्बन्धी कागजातमा रहेका कुनै कुरा माथि स्पष्ट हुन चाहने, बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताले खरिदकर्तासंग लिखित रूपमा **बोलपत्र सम्बन्धी विवरण**मा तोकिएको खरिदकर्ताको ठेगानामा सम्पर्क गर्नु पर्नेछ । कुनै बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा रहेको कुनै कुरा माथि स्पष्ट हुन **बोलपत्र सम्बन्धी विवरण**मा उल्लेख गरिएको म्याद (बोलपत्र पेश गर्ने अन्तिम मिति भन्दा अगावै) भित्र गरेको अनुरोधलाई खरिदकर्ताले लिखित रुपमा जवाफ दिनु पर्ने छ र यसरी दिइएको जवाफ खरिदकर्ताले बोलपत्र सम्बन्धी कागजात किनेका अन्य बोलपत्रदाताहरुलाई पनि दिनु पर्नेछ । यस्तो जवाफ दिंदा, |



प्रमुख

| | |
|---|---|
| **बैठक)** | प्रश्न/जिज्ञासा राख्ने पक्षको परिचय नखुलाई प्रश्न/जिज्ञासाको विवरण भने समावेश गरिएको हुनु पर्नेछ । यस क्रममा बोलपत्र सम्बन्धी कागजातमा कुनै संशोधनको आवश्यकता छ भन्ने खरिदकर्तालाई लागेमा **बोलपत्रदातालाई निर्देशन**को दफा ९ र २४.२ मा उल्लेख भए बमोजिम खरिदकर्ताले बोलपत्र सम्बन्धी कागजातमा आवश्यक संशोधन गर्नेछ ।<br>८.२ बोलपत्र पेश गर्ने अन्तिम मिति भन्दा कम्तिमा १० (दश) दिन अगावै, **बोलपत्रदातालाई निर्देशन**मा उल्लेख भएको स्थान, मिति, र समयमा बोलपत्रदातालाई बोलपत्र सम्बन्धी कागजात, प्राबिधिक स्पेशिफिकेशनका साथै अन्य आवश्यक कुराहरुबारे बोलपत्रदातालाई जानकारी दिन खरिदकर्ताले पूर्व-बोलपत्र बैठक राख्न सक्नेछ । यस बैठक पछि बोलपत्रसम्बन्धी कागजातमा कुनै संशोधनको आवश्यकता छ भन्ने खरिदकर्तालाई लागेमा, **बोलपत्रदातालाई निर्देशन**को दफा ९ र २४.२ मा उल्लेख भए बमोजिम खरिदकर्ताले बोलपत्रसम्बन्धी कागजातमा आवश्यक संशोधन गर्नेछ । |
| **९. बोलपत्र सम्बन्धी कागजातमा संशोधन** | ९.१ बोलपत्र पेश गर्ने अन्तिम मितिभन्दा अगाडी कुनैपनि समय खरिदकर्ताले पूरक-अंश (Addenda) जारी गरी बोलपत्र सम्बन्धी कागजातमा संशोधन गर्न सक्ने छ ।<br>९.२ खरिदकर्ताले जारी गरेको कुनैपनि पूरक-अंश (Addenda) बोलपत्र सम्बन्धी कागजातको अंग मानिने छ र खरिदकर्ताले आफुसंग बोलपत्र किनेका सबै बोलपत्रदातालाई आफूले जारी गरेकोपूरक-अंशको लिखित प्रति उपलब्ध गराउनेछ ।<br>९.३ पूरक-अंश (Addenda) मार्फत जारी गरिएको थप बिषयहरुलाई समेत ध्यान दिई बोलपत्र पेश गर्न, बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताहरुलाई, मनासिव समय दिनको लागि खरिदकर्ताले आफ्नो स्वैच्छामा, **बोलपत्रदातालाई निर्देशन**को दफा २४.२ मा भएको ब्यबस्था बमोजिम, बोलपत्र पेश गर्ने अन्तिम समय बढाउन सक्ने छ । |

# (ग) बोलपत्रको तयारी

| | |
|---|---|
| **१०. बोलपत्र तयारीको खर्च** | १०.१ बोलपत्र तयारी र पेश गर्ने सिलसिलामा हुने सबै खर्च बोलपत्रदाता स्वयमले व्यहोर्नु पर्नेछ, र बोलपत्रको प्रक्रियाको नतिजा जेसुकै भएता पनि वा जसरी सुकै भएता पनि बोलपत्रको सिलसिलामा हुने बोलपत्रदाताको कुनै प्रकारको खर्च प्रति खरिदकर्ताको कुनै जवाफदेहिता वा दायित्व रहने छैन । |
| **११. बोलपत्रको भाषा** | ११.१ बोलपत्र लगायत बोलपत्रसंग सम्बन्धित बोलपत्रदाता र खरिदकर्ता बीच आदान प्रदान हुने सम्पूर्ण पत्राचार र कागजातहरु **बोलपत्र सम्बन्धी विवरण**मा तोकिएको भाषामा हुनेछ । अन्य भाषामा लेखिएका थप कागजात र मुद्रित सामाग्रीहरु पनि, तिनीहरुका सान्दर्भिक अंशहरु **बोलपत्र सम्बन्धी विवरणमा** तोकिएको भाषामा गरिएको दुरुस्त अनुवाद गरी बोलपत्रको अंगको रूपमा रहन सक्नेछन् र यस्तो अबस्थामा, बोलपत्रको व्याख्याको प्रयोजनको निमित्त अनुवादित अंशलाई मान्यता दिईनेछ । |



प्रमुख

| | |
|---|---|
| **१२. बोलपत्रमा समाविष्ट कागजातहरु** | १२.१ बोलपत्रमा निम्न कागजातहरु समावेश हुनेछन्:<br>(क) **बोलपत्रदातालाई निर्देशन**को दफा १३, १५, र १६ बमोजिमको बोलपत्र पेश गर्ने निवेदन र सम्बद्ध मूल्य विवरण;<br>(ख) **बोलपत्रदातालाई निर्देशन**को दफा २१ बमोजिमको बोलपत्र जमानत;<br>(ग) बैकल्पिक बोलपत्र पेश गर्ने अनुमति दिईएको भए, **बोलपत्रदातालाई निर्देशन**को दफा १४ बमोजिमको बैकल्पिक बोलपत्र;<br>(घ) बोलपत्रमा हस्ताक्षर गर्ने व्यक्तिलाई, **बोलपत्रदातालाई निर्देशन**को दफा २२ बमोजिम, बोलपत्रदाताको तर्फबाट आवश्यक प्रतिबद्धता व्यक्त गर्न सक्ने लिखित अधिकार पत्र ।<br>(ङ) बोलपत्र पेश गर्ने, **बोलपत्रदातालाई निर्देशन**को दफा १७ बमोजिम, बोलपत्रदाताको योग्यता प्रमाणित गर्ने कागजातहरू ।<br>(च) मालसामान र सम्बद्ध सेवाहरु, **बोलपत्रदातालाई निर्देशन**को दफा १८ र ३१ बमोजिम, **बोलपत्र सम्बन्धी कागजात**मा उल्लेख भए अनुसारका छन् भनि प्रमाणित गर्न आवश्यक कागजातहरु,<br>(छ) **बोलपत्रदातालाई निर्देशन**को दफा १८ र ३१ बमोजिम बोलपत्र स्वीकृत भएको अवस्थामा, बोलपत्रदाता करार पूरा गर्न सक्षम छ भन्ने योग्यता प्रमाणित गर्ने कागजातहरु; र<br>(ज) **बोलपत्र सम्बन्धी विवरण**मा उल्लेख गरिएका अन्य कागजातहरु । |
| **१३. बोलपत्र पेश गर्ने निवेदन र मूल्य विवरण** | १३.१ बोलपत्रदाताले खण्ड ४, बोलपत्र सम्बन्धी फारमहरुमा राखिएको फारम भरी आफ्नो बोलपत्र पेश गर्नु पर्नेछ । ती फारमहरुमा बिना कुनै हेरफेर, तिनमा रहेका खालि ठाँउहरु सबैमा मागिएका विवरणहरु पूर्ण रुपले भर्नु पर्नेछ । ती फारमहरुलाई प्रतिस्थापन गर्ने अन्य कुनै फारम वा कागजात स्वीकार गरिने छैन ।<br>१३.२ बोलपत्रदाताले खण्ड ४, बोलपत्र सम्बन्धी फारमहरुमा राखिएको फारम भरी, तिनीहरुको उद्गमस्थललाई समेत ध्यानमा राखि, मालसामान र सम्बद्ध सेवाहरुको मूल्य विवरण पेश गर्नु पर्नेछ । |
| **१४. वैकल्पिक बोलपत्र** | १४.१ **बोलपत्र सम्बन्धी विवरणमा** स्पष्ट तोकिएको अवस्थामा बाहेक वैकल्पिक बोलपत्र उपर कुनै कारवाही गरिने छैन । |
| **१५. कबोल मूल्य र छुट** | १५.१ यस बोलपत्रमा समावेश गरिएका मालसामान र सम्बद्ध सेवाहरुको लागि उपयुक्त हुनेगरी मूल्य विवरण र सोको स्रोत सम्बन्धी जानकारी बोलपत्रदाताले भर्नु पर्नेछ । साथै, एकाई मूल्य, प्रत्येक आइटमको जम्मा मूल्य, जम्मा कबोल मूल्य र करार सम्झौता अन्तर्गत आपूर्ति गरिने मालसामानको संभावित उद्गमस्थल समेत बोलपत्रदाताले उल्लेख गर्नु पर्नेछ ।<br>१५.२ मूल्य विवरणमा कबोल मूल्य भर्दा छुट्टाछुट्टै रुपमा निम्न अनुसार भर्नु पर्नेछ:<br>(१) मालसामानको कबोल मूल्य उल्लेख गर्दा EXW (उपयुक्त हुनेगरी, ex works, ex factory, ex warehouse, ex showroom, or off-the-shelf) मूल्यमा तिर्नु पर्ने वा तिरिसकेको सम्पूर्ण भन्सार शुल्क र बिक्री तथा |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

अन्य करहरु समेत समावेश भएको हुनु पर्नेछ । यसरी EXW मूल्य उल्लेख गर्दा: (१) उत्पादन वा जडानको लागि प्रयोग हुने अवयव वा कच्चा पदार्थको मूल्यमा ex works वा ex factory मूल्य, र (२) विदेशमा उद्गमस्थल भएको र पहिले नै आयात गरिसकिएको मालसामानको मूल्य ex warehouse,ex showroom,वा off-the-shelf मूल्य उल्लेख गर्नु पर्नेछ;

(२) **बोलपत्र सम्बन्धी विवरण**मा तोकिएको भए, मालसामानलाई तिनीहरुको अन्तिम गन्तव्यसम्म पुचाई खरिदकर्तालाई बुझाउने बेलासम्मको लागि आवश्यक हुने आन्तरिक ढुवानी, बिमा, र अन्य खर्चहरु;

(३) **बोलपत्र सम्बन्धी विवरण**मा तोकिएका अन्य (अनुषाङ्गिक) सेवाहरुको खर्च ।

१५.३ **बोलपत्र सम्बन्धी विवरण**मा अन्यथा उल्लेख भएकोमा बाहेक, बोलपत्रदाताले कबोल गरेको मूल्य, बोलपत्रदाताले करार बमोजिमको कार्य सम्पादन गर्दाको अबधिभर परिवर्तन हुने छैन र कुनै पनि अवस्थामा घटबढ हुने छैन । कबोल मूल्यमा समायोजन हुने गरी पेश गरेको बोलपत्र अप्रभावग्राही मानिने छ र त्यस्तो बोलपत्र, बोलपत्रदातालाई निर्देशनको दफा ३१ बमोजिम, रद्द गरिनेछ । तर यदि, **बोलपत्र सम्बन्धी विवरण**मा, करार बमोजिमको कार्य सम्पादन गर्दाको अबधिमा बोलपत्रदाताले कबोल गरेको मूल्यमा मूल्य समायोजन गरिने व्यबस्था भएकोमा भने निश्चित कबोल मूल्य पेश गर्ने बोलपत्रदाताले पेश गरेको बोलपत्र रद्द हुने छैन । त्यो मूल्यमा मूल्य समायोजन नभएको (शून्य भएको) मानिने छ ।

१५.४ EXW एक्स वर्क्स लगायतका शव्दहरु अन्तर्राष्ट्रिय चेम्बर अफ कमर्श (ICC),पेरिसले प्रकाशित गर्ने **इन्कोटर्म्स**(INCOTERMs) को चालू संस्करणमा भएको व्यबस्था बमोजिम हुनेछ ।

१५.५ **बोलपत्रदातालाई निर्देशन**को दफा १५.१ बमोजिम बोलपत्रदाताले छुट्याएर पेश गरेका मूल्यहरु, खरिदकर्तालाई बोलपत्रहरुको तुलना गर्न सघाउ पुचाउने उद्देश्यले मात्र छुट्याईएका हुन् र यसबाट प्रस्ताव गरिएका कुनै पनि शर्तहरुमा करार गर्न सक्ने खरिदकर्ताको अधिकारलाई कुनै तवरबाट सीमित पार्ने छैन ।

१५.६ बोलपत्रदाताले नि:शर्त कुनै छुट प्रस्ताव गर्न चाहेमा त्यस्तो प्रस्ताव, निश्चित प्रतिशतमा खुलाई उल्लेख गर्नु पर्नेछ । त्यस्तो प्रस्तावित छुट, मालसामानको परिमाण घटबढ भएतापनि फरक हुने छैन र प्रत्येक एकाई दर रेटमा सो प्रस्तावित छुट लागू हुनेछ । यस्तो छुट बोलपत्र पेश गर्ने निवेदनमा उल्लेख गरिए अनुसार लागू गरिनेछ ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर

प्रमुख

| | |
|---|---|
| **१६. बोलपत्रमा प्रयोग हुने मुद्रा** | १६.१ सम्पूर्ण मूल्यहरु नेपाली रुपैयाँमा उल्लेख गर्नु पर्नेछ । |
| **१७. बोलपत्रदाताको योग्यता प्रमाणित गर्ने कागजातहरु** | १७.१ **बोलपत्रदातालाई निर्देशन**को दफा ४ बमोजिम आफ्नो योग्यता प्रमाणित गर्ने बोलपत्रदाताले: <br> (क) खण्ड ४ को **बोलपत्र सम्बन्धी फाराम**मा रहेको **बोलपत्र पेश गर्ने निवेदन**मा, आफू बोलपत्र पेश गर्न योग्य रहेको घोषणा गरेको हुनु पर्नेछ; र <br> (ख) यदि बोलपत्रदाता संयुक्त उपकममा रहेको, वा **बोलपत्रदातालाई निर्देशन**को दफा ४.२ बमोजिम संयुक्त उपकम मार्फत कार्य सम्पन्न गर्ने अभिप्राय भएमा, संयुक्त उपकम सम्बन्धी सम्झौताको प्रतिलिपि वा संयुक्त उपकम बनाउने अभिप्राय सम्बन्धी पत्र पेश गर्नु पर्नेछ । संयुक्त उपकम सम्बन्धी सम्झौता वा संयुक्त उपकम बनाउने अभिप्राय सम्बन्धी पत्रमा सम्बन्धित सबै पक्षका कानूनी रुपमा अधिकार प्राप्त प्रतिनिधिहरुले हस्ताक्षर गरेको हुनु पर्नेछ । <br> (ग) **बोलपत्र सम्बन्धी विवरण**मा उल्लेख गरिएका अन्य कागजातका प्रतिलिपिहरु । |
| **१८. बोलपत्र सम्बन्धी कागजातसंग मालसामान र सम्बद्ध सेवाहरुको समानता पुष्टी गर्ने कागजातहरु** | १८.१ बोलपत्र सम्बन्धी कागजातसंग मालसामान र सम्बद्ध सेवाहरुको समानता पुष्टी गर्न, बोलपत्रदाताले आफ्नो बोलपत्रको अंगको रुपमा, आवश्यक मालसामान र सम्बद्ध सेवाको विवरणमा (खण्ड ५) मा उल्लेख गरिएको आवश्यकतासंग आफूले आपूर्ति गर्ने मालसामान र सम्बद्ध सेवाहरु समान हुन् भन्ने कुरा पुष्टी हुने प्रमाणिक कागजातहरु समावेश गर्नु पर्नेछ । <br> १८.२ प्रमाणिक कागजातहरु भन्नाले प्रकाशित सामाग्रीहरु, ड्रईङ्ग, वा तथ्यांक लगायत आपूर्ति गरिने मालसामान र सम्बद्ध सेवाहरु, माग गरिए बमोजिम सारभूत रुपमा प्रभावग्राही छन् भनि प्रमाणित गर्न सहायक हुने, प्राबिधिक र कार्य-सम्पादनसंग सम्बन्धित मुख्य विशेषताहरुको कमागत विवरणहरु हुन सक्नेछन् । साथै, सान्दर्भिक भए, **आवश्यक मालसामान र सम्बद्ध सेवाको विवरण** (खण्ड ५) बमोजिम माग गरिएको आवश्यकतासंग आपूर्ति गरिने मालसामान र सम्बद्ध सेवाहरुमा रहेको भिन्नता र अपवादहरुको वर्णन समेत हुन सक्नेछन् । <br> १८.३ **मालसामान र सम्बद्ध सेवाको विवरण** (खण्ड ५) मा खरिदकर्ताले उल्लेख गरेको कार्यकुशलताको स्तर (Standard of workmanship), बिधि (Process), सामाग्री (Material), र उपकरण (Equipment) को साथै खरिदकर्ताले उल्लेख गरेको ब्राण्ड (व्यापारिक नाम) (Brand name) वा क्याटलग नम्बर सम्बन्धित विवरणलाई थप प्रष्ट्याउने मनसायले मात्र उल्लेख गरिएको हुँदा, तिनीहरुले मालसामान र सम्बद्ध सेवाको विवरणलाई कुनै पनि प्रकारले सीमित पार्ने छैन । बोलपत्रदाताले, खरिदकर्ताको चित्त बुझ्ने गरी, **मालसामान र सम्बद्ध सेवाको विवरण** (खण्ड ५) मा उल्लेख गरेको विवरणसंग सारभूत रुपमा समान वा ती भन्दा उन्नत अन्य कुनै गुणस्तर, ब्राण्ड, र/वा क्याटलग नम्बर प्रस्ताव गर्न सक्नेछ । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

| | |
|---|---|
| **१९. बोलपत्रदाताको योग्यता प्रमाणित गर्ने कागजातहरु** | १९.१ बोलपत्रदाताको बोलपत्र स्विकृत भएको खण्डमा, करार अनुसारको दायित्व पूरा गर्न, खरिदकर्ताले **मूल्यांकन तथा योग्यताका आधारहरु** (खण्ड-३) मा उल्लेख गरेको योग्यता, बोलपत्रदाताले पूरा गरेको छ भनि खरिदकर्तालाई आश्वश्त पार्न आवश्यक हुने प्रमाणिक कागजातहरु ।<br>१९.२ आफूले आपूर्ति गर्न प्रस्ताव गरेको मालसामान आफैंले निर्माण वा उत्पादन नगर्ने बोलपत्रदाताले, **बोलपत्र सम्बन्धी विवरण**मा उल्लेख भई आवश्यक भएको अवस्थामा, आफूलाई त्यस्तो निर्माता वा उत्पादकबाट उस्ले निर्माण वा उत्पादन गरेको मालसामान नेपालमा आपूर्ति गर्न र सोको वारेण्टीको ब्यबस्थापन गर्न यथोचित तवरले निर्माताको-आधिकारिकता (Manufacturer's authorization)प्रदान गरेको छ भन्ने पुष्टी गर्न **बोलपत्र सम्बन्धी फारम** (खण्ड ४) मा दिइएको फारम मुताविकको निर्माताको-आधिकारिकताको प्रमाण पत्र ।<br>१९.३ नेपालमा आफ्नो व्यवसाय नभएको बोलपत्रदाताले, **बोलपत्र सम्बन्धी विवरण**मा उल्लेख भई आवश्यक भएको अवस्थामा, नेपालमा आफ्नो प्रतिनिधत्व गर्ने एजेन्ट रहेको र सो एजेन्ट करारका शर्तहरु र/वा प्राबिधिक स्पेशिफिकेशनमा उल्लेख भएको मर्मत संभार र स्पेयर पार्टसको स्टक सम्बन्धी आपूर्तीकर्ताको दायित्व निर्वाह गर्न सक्षम रहेको प्रमाण पेश गर्नु पर्नेछ ।<br>१९.४<br>१९.५ |
| **२०. बोलपत्र मान्य हुने अवधि** | २०.१ खरिदकर्ताले बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि निश्चित समयसम्मको लागि भनि **बोलपत्र सम्बन्धी विवरण**मा उल्लेख गरेको अवधिसम्मको लागि बोलपत्र मान्य हुनेछ । तोकिएको अवधिभन्दा कम अवधिको लागि मान्य हुने गरी पेश गरिएको बोलपत्र अप्रभावग्राही मानि खरिदकर्ताले अस्वीकार गर्नेछ ।<br>२०.२ विशेष परिस्थितिमा, खरिदकर्ताले बोलपत्रदातालाई आफ्नो बोलपत्रको मान्य अवधि बढाउन, बोलपत्रको मान्य अवधि समाप्त हुनु अगावै अनुरोध गर्न सक्नेछ । यस्तो अनुरोध खरिदकर्ताले लिखित रूपमा गर्नेछ र बोलपत्रदाताले पनि यसको जवाफ लिखित रूपमा नै दिनु पर्नेछ । साथै, बोलपत्रदातालाई निर्देशनको दफा २१ बमोजिम बोलपत्र जमानत मागिएको भए, त्यस्तो बोलपत्र जमानतको मान्य अवधि समेत बोलपत्रको मान्य अवधि बढाइए सरह बढाउनु पर्नेछ । बोलपत्रदाताले खरिदकर्ताको यस्तो अनुरोधलाई अस्वीकार गर्न पाउने छ र खरिदकर्ताको यो अनुरोध नमानेको कारणले बोलपत्रदाताले राखेको बोलपत्र जमानत जफत हुने छैन । खरिदकर्ताको अनुरोध बमोजिम, बोलपत्रको मान्य अवधि बढाउने बोलपत्रदातालाई बोलपत्रमा कुनै हेरफेर गर्न आवश्यक हुने छैन र कुनै हेरफेर गर्न अनुमति पनि दिइने छैन । |
| **२१. बोलपत्र जमानत** | २१.१ बोलपत्रदाताले बोलपत्रको अंगको रुपमा **बोलपत्र सम्बन्धी विवरण**मा तोकिए बमोजिम बोलपत्र जमानतको सक्कल प्रति नै पेश गर्नु पर्नेछ । |



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर

प्रमुख

२१.२ **बोलपत्रदातालाई निर्देशन**को दफा २१.१ बमोजिम बोलपत्र जमानत पेश गर्नु पर्ने भएमा, बोलपत्रदाताले आफ्नो सुबिधा अनुसार निम्न मध्ये कुनै किसिमले बोलपत्र जमानत पेश गर्न सक्नेछ:

(क) 'क' वर्गको इजाजत प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको निशर्त बैंक जमानतको सक्कल प्रति; वा

(ख) **बोलपत्र सम्बन्धी विवरण**मा उल्लेख गरिएको नियोक्ता को बैंक खातामा रकम जम्मा गरेको भौचरको सक्कल प्रति ।

बैंक जमानत पेश गरेको खण्डमा, **बोलपत्र सम्बन्धी फारमहरू** (खण्ड ४) मा राखिएको **बोलपत्र जमानत फारम**को ढाँचामा पेश गर्नु पर्नेछ । बोलपत्र जमानतफारममा बोलपत्रदाताको पूरा नाम उल्लेख गर्नु पर्नेछ । बोलपत्र जमानतको मान्य अवधि, बोलपत्रको मान्य अवधिभन्दा कम्तिमा पनि तीस (३०) दिन बढीको हुनु पर्नेछ र बोलपत्रको मान्य हुने अवधि बढाइएको वा थपिएको अवस्थामा बोलपत्र जमानतको मान्य अवधि पनि यस व्यवस्था अनुसार नै हुने गरी बढाउनु पर्नेछ । बोलपत्र जमानत नेपाली मुद्रा हुनु पर्नेछ ।

नेपाल बाहिरको बिदेशी बैंकबाट जारी गरिएको बोलपत्र जमानत भए, नेपालमा रहेको 'क' वर्गको इजाजत प्राप्त बाणिज्य बैंकबाट प्रति-प्रत्याभूति (Counter Guarantee) गरिएको हुनु पर्नेछ ।

२१.३ **बोलपत्रदातालाई निर्देशन**को दफा २१.१ बमोजिम बोलपत्र जमानत पेश गर्नु पर्ने भएमा, **बोलपत्रदातालाई निर्देशन**को दफा २१.२ बमोजिम कार्यान्वयन गर्न सकिने र स्वीकार गर्न सकिने बोलपत्र जमानत संलग्न नभएको बोलपत्रलाई खरिदकर्ताले अप्रभावग्राही मानि अस्वीकार गर्नेछ ।

२१.४ **बोलपत्रदातालाई निर्देशनको** दफा २१.१ ले बोलपत्र जमानत पेश गर्नु पर्ने व्यवस्था गरेकोमा, बोलपत्र प्रकियामा असफल भएका बोलपत्रदाताहरुको बोलपत्र जमानत, बोलपत्र प्रकियामा सफल ठहरिएको बोलपत्रदाताले **बोलपत्रदातालाई निर्देशन**को दफा ४१ बमोजिम कार्य-सम्पादन जमानत पेश गरी करार सम्झौतामा हस्ताक्षर गरेको तीन (३) दिनभित्र फिर्ता गरिनेछ ।

२१.५ **बोलपत्रदातालाई निर्देशन**को दफा २१.१ ले बोलपत्र जमानत पेश गर्नु पर्ने व्यवस्था गरेकोमा, बोलपत्र प्रकियामा सफल ठहरिएको बोलपत्रदाताले आवश्यक कार्य-सम्पादन जमानत पेश गरी करार सम्झौतामा हस्ताक्षर गरेपछि यथासक्य छिटो निजले राखेको बोलपत्र जमानत फिर्ता गरिनेछ ।

२१.६ निम्न अवस्थामा बोलपत्र जमानत जफत हुन सक्नेछ:

(क) **बोलपत्रदातालाई निर्देशन**को दफा २०.२ को अवस्थामा बाहेक, बोलपत्रदाताले बोलपत्र पेश गर्ने निवेदनमा उल्लेख गरेको बोलपत्र मान्य

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

| | |
|---|---|
| | अवधिभित्र आफूले पेश गरेको बोलपत्र फिर्ता लिएमा;<br>(ख) बोलपत्र प्रक्रियामा सफल ठहरिएको बोलपत्रदाता निम्न अनुसार गर्न असफल भएमा:<br>(१) **बोलपत्रदातालाई निर्देशन**को दफा ४२ बमोजिम करार सम्झौतामा हस्ताक्षर गर्न; वा<br>(२) **बोलपत्रदातालाई निर्देशन**को दफा ४१ बमोजिम कार्य-सम्पादन जमानत पेश गर्न ।<br>२१.७ संयुक्त उपक्रमबाट बोलपत्र पेश गर्दा, बोलपत्र जमानत पनि संयुक्त उपक्रमको नामबाटै पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने समयमा, कानूनी रुपमा संयुक्त उपक्रम नबनिसकेको भए, संयुक्त उपक्रममा सहभागी हुन चाहने सबै पक्षहरुको नाममा, जसको नाम **बोलपत्रदातालाई निर्देशन**को दफा १७.१ बमोजिमको संयुक्त उपकम बनाउने अभिप्राय सम्बन्धी पत्रमा परेका छन्, बोलपत्र जमानत बनाइएको हुनु पर्नेछ । |
| **२२. बोलपत्रको ढाँचा र हस्ताक्षर** | २२.१ **बोलपत्रदातालाई निर्देशन**को दफा १२ बमोजिम बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरुको एक सेट मूल प्रति तयार पारी त्यसमा स्पष्टसंग "मूल प्रति"(ORIGINAL) भनि लेख्नु पर्नेछ । यसको अतिरिक्त, **बोलपत्र सम्बन्धी विवरण**मा तोके बमोजिम बोलपत्रदाताले अन्य थप सेटहरु पनि बुझाउनु पर्नेछ र त्यस्ता थप सेटहरुमा स्पष्टसंग "प्रतिलिपि"(COPY) भनि लेख्नु पर्नेछ । मूल-प्रति र प्रतिलिपिमा रहेका विवरण वा तथ्यमा कुनै फरक पाइएमा मूल प्रतिमा रहेको विवरण वा तथ्यले प्राथमिकता पाउने छ ।<br>२२.२ बोलपत्रको मूल प्रति र अन्य सबै प्रतिलिपिहरु टाइप गरिएको वा नमेटिने मसिले लेखिइएको हुनु पर्नेछ र बोलपत्रमा हस्ताक्षर गर्न अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनु पर्नेछ । बोलपत्रमा हस्ताक्षर गर्न पाएको अधिकारिकता बोलपत्रसंगै समावेश भएको हुनु पर्नेछ ।<br>२२.३ हरफहरुको बीचमा लेख्ने, लेखेकोलाई मेट्ने, वा दोहोराएर लेख्ने जस्ता कार्यद्वारा बोलपत्रमा कुनै संशोधन गरेको अबस्थामा त्यस्तो संशोधन गरिएको ठाँउमा समेत, बोलपत्रमा हस्ताक्षर गर्न अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको भएमात्र मान्य हुनेछ । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

प्रमुख

| (घ) बोलपत्र पेश गर्ने र खोल्ने | | |
|---|---|---|
| **२३. बोलपत्र शिलबन्दी र मार्किङ गर्ने** | २३.१ | बोलपत्रदाताले आफ्नो बोलपत्र हुलाकद्वारा, सोझै कार्यालयमा, वा कुरियर मार्फत पेश गर्न सक्नेछन् । बोलपत्रदाताले जुनसुकै माध्यम द्वारा बोलपत्र पेश गरे पनि,**बोलपत्रदातालाई निर्देशन**को दफा २४ मा उल्लेख गरिएको म्याद भित्र बोलपत्र पेश गर्नु पर्नेछ । |
| | २३.२ | हुलाकद्वारा, सोझै कार्यालयमा, वा कुरियर मार्फत बोलपत्र पेश गर्ने बोलपत्रदाताले, मूल प्रति र प्रतिलिपीका सबै सेटहरु तथा **बोलपत्रदातालाई निर्देशन**को दफा १४ ले अनुमति दिएको भए बैकल्पिक बोलपत्र समेत छुट्टाछुट्टै खाममा बन्द गरी ती खामहरुमा चिनिने गरी उपयुक्त तवरले "मूल प्रति" "बैकल्पिक प्रति" वा "प्रतिलिपि" भनि लेख्नु पर्नेछ । यस पछि, मूल प्रति र प्रतिलिपि सहित सबै खामहरुलाई अर्को एउटा खाममा हाली बन्द गर्नु पर्नेछ । बाँकी प्रक्रियाहरु भने **बोलपत्रदातालाई निर्देशन**को दफा २३.३ र २३.४ बमोजिम हुनेछ । |
| | २३.३ | भित्री र बाहिरी खाम दुबैमा:<br>(क) बोलपत्रदाताको नाम र ठेगाना लेख्नु पर्नेछ;<br>(ख) **बोलपत्रदातालाई निर्देशन**को दफा २३.१ बमोजिम खरिदकर्तालाई सम्बोधन गरिएको हुनु पर्नेछ; र<br>(ग) **"बोलपत्र खोल्ने मिति र समयभन्दा अघि नखोल्नु होला"** भनि सावधान गराइएको हुनु पर्नेछ । |
| | २३.४ | राम्ररी बन्द नगरिएका र चिनिने अवस्थामा नरहेका खामहरु अन्यत्र पर्न गए वा तोकिएको समयभन्दा अगाडी नै खोलिन गएमा त्यसप्रति खरिदकर्ताको कुनै दायित्व रहने छैन । |
| **२४. बोलपत्र पेश गर्ने अन्तिम समय** | २४.१ | खरिदकर्ताले **बोलपत्रसम्बन्धी विवरण**मा तोकेको स्थानमा र तोकेको मिति र समय भित्रै बोलपत्र प्राप्त गरिसक्नु पर्नेछ । |
| | २४.२ | खरिदकर्ताले, आफ्नो स्वेच्छामा, **बोलपत्रदातालाई निर्देशन**को दफा ९ बमोजिम बोलपत्रसम्बन्धी कागजातमा संशोधन गरी बोलपत्र पेश गर्ने म्याद बढाउन सक्नेछ र यसरी म्याद थप गरेको अवस्थामा, खरिदकर्ता र बोलपत्रदाता दुबैका साविकका अधिकार र दायित्वहरु थप गरिएको समयसम्म नै कायम रहनेछ । |
| **२५. ढिलो गरी प्राप्त बोलपत्र** | २५.१ | **बोलपत्रदातालाई निर्देशन**को दफा २४ मा उल्लेख गरे अनुसारको म्याद नाघि प्राप्त भएको बोलपत्र उपर खरिदकर्ताले कुनै कारवाही गर्ने छैन । म्याद नाघि प्राप्त भएको बोलपत्रलाई खरिदकर्ताले **ढिलो गरी प्राप्त बोलपत्र** घोषणा गरी अस्वीकार गर्नेछ, र त्यस्तो बोलपत्रलाई नखोलिकन बोलपत्रदातालाई नै फिर्ता गर्नेछ । |
| **२६. बोलपत्र फिर्ता वा संशोधन** | २६.१ | बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा, आधिकारिक प्रतिनिधिले हस्ताक्षर गरेका, सो सम्बन्धी लिखित सूचना शिलबन्दी गरी पेश गर्नु पर्नेछ । यस्तो सूचनाको साथमा, **बोलपत्रदातालाई निर्देशन**को दफा २२.२ बमोजिम (बोलपत्र फिर्ताको सूचनाको प्रतिलिपि (COPY) पेश गर्न आवश्यक नहुने कुरा बाहेक) को आधिकारिकता पाएको पत्र पनि समावेश गर्नु पर्नेछ । बोलपत्र फिर्ता लिन वा संशोधन गर्न सोही अनुसारको लिखित सूचना समावेश भएको हुनु पर्नेछ । यस्तो सूचना अनिवार्य रुपमा: |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर



प्रमुख

| | | |
|---|---|---|
| | | (क) **बोलपत्रदातालाई निर्देशन**को दफा २२ र २३ (बोलपत्र फिर्ताको सूचनाको प्रतिलिपि (COPY) पेश गर्न आवश्यक नहुने कुरा बाहेक) बमोजिम पेश गरिएको हुनु पर्नेछ । यसको अतिरिक्त, सम्बन्धित खाममा "बोलपत्र फिर्ता,"बोलपत्र संशोधन" भनि लेखिएको हुनु पर्नेछ; र |
| | | (ख) **बोलपत्रदातालाई निर्देशन**को दफा २४ बमोजिम, बोलपत्र पेश गर्न तोकिएको अन्तिम म्याद भित्र खरिदकर्ता समक्ष पेश गरिएको हुनु पर्नेछ । |
| | २६.२ | **बोलपत्रदातालाई निर्देशन**को दफा २६.१ बमोजिम फिर्ता गर्न माग गरेको बोलपत्र नखोलिकनै सम्बन्धित बोलपत्रदातालाई फिर्ता गर्नु पर्नेछ । |
| | २६.३ | बोलपत्र पेश गर्ने अन्तिम समयदेखि बोलपत्र मान्य हुने अवधि (बोलपत्र पेश गर्ने निवेदनमा बोलपत्रदाताले उल्लेख गरेको वा थपिएको अवधि) सकिनु अगाडीको समयभित्र कुनै पनि बोलपत्र फिर्ता लिन वा संशोधन गर्न पाइने छैन । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

प्रमुख

| | |
|---|---|
| **२७. बोलपत्र खोल्ने** | २७.१ **बोलपत्र सम्बन्धी विवरणमा** तोकिएको स्थान, मिति र समयमा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिहरुको, जो बोलपत्र खोल्दा उपस्थित हुन चाहन्छन्, रोहवरमा बोलपत्र खोलिने छ । यदि **बोलपत्रदातालाई निर्देशन**को दफा २३.१ बमोजिम विद्युतीय संचार माध्यमबाट बोलपत्र पेश गर्न अनुमति दिइएको भए र त्यस्तो बोलपत्र खोल्ने कुनै विशेष प्रक्रियाभए, **बोलपत्र सम्बन्धी विवरणमा** तोकिए अनुसार विद्युतीय संचार माध्यमबाट पेश भएको बोलपत्र खोलिने छ ।<br>२७.२ बोलपत्र खोल्नु अगाडी खरिदकर्ताले म्याद नाघि आएका बोलपत्र, फिर्ताको लागि वा संशोधनको लागि प्राप्त भएका निवेदन र रितपूर्वक दर्ता भएका खामहरु छुट्याउने छ । म्याद नाघि आएका बोलपत्रहरु नखोलिकै सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिनेछ । यसपछि, "बोलपत्र फिर्ता" लेखिएको खाम खोलिनेछ, त्यसमा लेखिएको व्यहोरा पढिनेछ, सोको टिपोट गरिनेछ, र बोलपत्रको खाम नखोलिकनै सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिनेछ । यदि बोलपत्र फिर्ता लिन पेश गरेको सूचनाको साथमा, **बोलपत्रदातालाई निर्देशन**को दफा २२.२ अनुसारको बोलपत्रमा हस्ताक्षर गर्न पाएको आधिकारिक पत्रको प्रतिलिपि संलग्न नरहेको खण्डमा, बोलपत्र फिर्ता लिन पेश गरेको निवेदन स्वीकार गरिने छैन र त्यस्तो बोलपत्र खोलिनेछ । यसपछि, "बोलपत्र संशोधन" लेखिएको खाम खोलिनेछ, त्यसमा लेखिएको व्यहोरा पढिनेछ र सोसंग सम्बन्धित बोलपत्रकोसाथमा त्यसको टिपोट गरिनेछ । यदि बोलपत्र संशोधनको सूचनाको साथमा, **बोलपत्रदातालाई निर्देशन**को दफा २२.२ अनुसारको बोलपत्रमा हस्ताक्षर गर्न पाएको आधिकारिक पत्रको प्रतिलिपि संलग्न नरहेको, र बोलपत्र खोल्दा नपढिएको र व्यहोरा टिपोट नगरिएको भए त्यस्तो बोलपत्र संशोधन हुने छैन । बोलपत्र खोल्न तोकिएको समयमा खोलिएको, पढिएको र व्यहोरा टिपोट गरिएको बोलपत्र मात्र अगाडिको थप कार्वाहीको लागि योग्य मानिनेछ ।<br>२७.३ दाखिला भएका अन्य सबै बोलपत्रका खामहरू क्रमैसंग खोली देहायको कुराहरु पढेर सुनाई सोको मुचुल्का तयार गर्नु पर्नेछ - बोलपत्रदाताको नाम र ठेगाना र त्यसमा रहे नरहेको व्यहोरा; कबोल मूल्य (लट अनुसार छुट्टाछुट्टै; यदि लटमा बिभाजन गरिएको भए); कुनै छूट दिन र बैकल्पिक प्रस्ताव गरेको भए सोको विवरण; बोलपत्र जमानत (यदि पेश गर्न आवश्यक भए) भए नभएको; अङ्क र अक्षरबीच भिन्नता भए सो भिन्नताको विवरण; बोलपत्र फारममा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए नभएको; र खरिदकर्ताले आवश्यक ठानेका अन्य विवरणहरु । बोलपत्र खोल्दा पढिएको र टिपोट गरिएको छुटको प्रस्ताव र वैकल्पिक प्रस्तावलाई मात्र मूल्यांकनमा समावेश गरिनेछ । बोलपत्रदातालाई निर्देशनको दफा २५.१ मा उल्लेख भए अनुसार ढिलो गरी प्राप्त भएको बोलपत्र बाहेक अन्य बोलपत्रहरु, बोलपत्र खोल्दा रद्द गरिने छैन ।<br>२७.४ खरिदकर्ताले बोलपत्र खोल्दा कम्तिमा पनि देहायका कुराहरु उल्लेख गरी मुचुल्का तयार गर्नेछ - बोलपत्रदाताको नाम र ठेगाना र त्यसमा बोलपत्र फिर्ता वा संशोधन भए नभएको; कबोल मूल्य (लट अनुसार छुट्टाछुट्टै; यदि लटमा बिभाजन गरिएको भए); कुनै छूट दिन प्रस्ताव र बैकल्पिक प्रस्ताव (यदिपेश गर्न अनुमति दिईएको भए) गरेको भए सोको विवरण; र बोलपत्र जमानतभए नभएको । बोलपत्र खोल्दा उपस्थित भएका बोलपत्रदाताका प्रतिनिधिहरुलाई मुचुल्कामा हस्ताक्षर गर्न अनुरोध गरिनेछ तर, बोलपत्रदाताका प्रतिनिधिहरुले मुचुल्कामा हस्ताक्षर नगरेको कारणले मुचुल्काको सार र उपयोगितामा कुनै असर पर्ने छैन । तोकिएको समयभित्र, नियमानुसार बोलपत्र पेश गरेका सबै बोलपत्रदातालाई बोलपत्र खोल्दाको मुचुल्का उपलब्ध गराईने छ । बोलपत्र खोल्दा उपस्थित भएका बोलपत्रदाताका प्रतिनिधिहरुलाई उपस्थिति पुस्तिकामा हस्ताक्षर गर्न पनि अनुरोध गरिनेछ । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

| (ङ) बोलपत्र मूल्यांकन तथा तुलना | |
|---|---|
| २८. गोपनियता | २८.१ बोलपत्रदाता वा आधिकारिक रूपमा मूल्यांकन प्रकियामा संलग्न नभएका अन्य कुनै व्यक्तिलाई ठेक्का प्रदान गरिएको जानकारी प्रकाशित नभएसम्म, बोलपत्रको परीक्षण, मूल्यांकन, तुलना, र पश्चात्-योग्यतापरीक्षण र ठेक्का प्रदान गर्न गरिएको सिफारिश सम्बन्धी जानकारी दिइने छैन । यस सम्बन्धी जानकारी बोलपत्रदातालाई निर्देशनको दफा ४२.२ बमोजिम दिईने छ । |
| | २८.२ बोलपत्रदाताले कुनै पनि किसिमले खरिदकर्तालाई बोलपत्रको परीक्षण, मूल्यांकन, तुलना, र पश्चात्-योग्यता परीक्षण र ठेक्का प्रदान गर्ने निर्णय प्रकियामा प्रभाव पार्ने कोसिस गरेमा त्यस्तो बोलपत्रदाताको बोलपत्र अस्वीकार हुन सक्नेछ । |
| | २८.३ बोलपत्रदातालाई निर्देशनको दफा २८.२ मा जेसुकै लेखिएको भएतापनि, बोलपत्र खोलिए देखि ठेक्का प्रदान नभएसम्मको अबधिभित्र कुनै बोलपत्रदाताले, बोलपत्रको प्रकियासंग सम्बन्धित विषयमा खरिदकर्ता संग सम्पर्क गर्न चाहेमा लिखित रूपमा सम्पर्क गर्नु पर्नेछ । |

नेपाल सरकार
कृषि तथा पशुपंछी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर



प्रमुख

| | |
|---|---|
| **२९. बोलपत्रबारे स्पष्टिकरण** | २९.१ बोलपत्रको परीक्षण, मूल्यांकन, तुलना र पश्चात्-योग्यता परीक्षणमा सघाउ पुर्‍याउन, खरिदकर्ताले आफ्नो स्वेच्छामा, कुनै पनि बोलपत्रदाता संग **बोलपत्र सम्बन्धी विवरण**मा थप प्रष्ट पार्न अनुरोध गर्न सक्नेछ । बोलपत्रदाताले पेश गरेको तर खरिदकर्ताले माग नगरेको विवरण वा स्पष्टीकरण माथि कुनै कारवाही गरिने छैन । **बोलपत्र सम्बन्धी विवरण**प्रष्ट पार्न निमित्त खरिदकर्ताले गर्ने अनुरोध र बोलपत्रदाताले पेश गर्ने विवरण वा स्पष्टीकरण दुबै लिखित रुपमा हुनु पर्नेछ । यस क्रममा, बोलपत्रको कबोल मूल्य वा सारतत्वमा कुनै पनि प्रकारको परिवर्तनको अपेक्षा गर्न, वा बोलपत्रको कबोल मूल्य वा सारतत्वमा कुनै पनि प्रकारको परिवर्तनको प्रस्ताव स्वीकार गर्न पाईने छैन । तर, **बोलपत्रदातालाई निर्देशन**को दफा ३३ बमोजिम, खरिदकर्ताले बोलपत्र मूल्यांकनको क्रममापत्ता लगाएको अङ्कगणितीय त्रुटी सच्याईएको कुरा स्वीकार गर्न भने यो व्यवस्थाले बाधा पुचाउने छैन । |
| **३०. भिन्नता, अधिकार सुरक्षित गरिएको र छुटपुट कुराहरु** | ३०.१ बोलपत्रको मूल्यांकनको प्रक्रियामा निम्न शब्दहरूको निम्न अनुसार व्याख्या गरिनेछ:<br>(क) "भिन्नता"(Deviation) भन्नाले बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिएका विवरण भन्दा फरक विवरण भन्ने बुझ्नु पर्नेछ;<br>(ख) "आरक्षित" (Reservation) भन्नाले बोलपत्र सम्बन्धी कागजातमा रहेका शर्तहरुलाई सीमित पार्ने, वा त्यसलाई पूर्णरुपमा स्वीकार गर्न इन्कार गर्ने कार्य भन्ने बुझ्नु पर्नेछ; र<br>(ग) "छुटपुट कुराहरु"(Omission) भन्नाले बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरी माग गरिएको जानकारी वा कागजातहरुको केही अंश वा पुरै अंश पेश गर्न असफल भएको भन्ने बुझ्नु पर्नेछ । |
| **३१.बोलपत्रको प्रभावग्राहिता** | ३१.१ खरिदकर्ताले बोलपत्रको प्रभावग्राहिता निर्धारण गर्दा, बोलपत्रदातालाई निर्देशनको दफा १२ मा उल्लेख भए बमोजिम, बोलपत्रदाताले पेश गरेको बोलपत्रको सारभूततालाई आधार मानि गर्नेछ ।<br>३१.२ खरिदकर्ताले बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरी माग गरेको विवरण र कागजातहरुमा सारभूत रुपमा भिन्नता नभएको, कुनै आरक्षण नभएको वा छुटपुट कुराहरु नभएको बोलपत्र सारभूतरूपमा प्रभावग्राही बोलपत्र मानिनेछ । सारभूत रुपमा भिन्नता नभएको, आरक्षित नगरिएको वा छुटपुट कुराहरु भन्नाले:<br>(क) बोलपत्र स्विकृत भएको अवस्थामा:<br>(१) मालसामान तथा सम्बद्ध सेवाहरुको, **आवश्यकता सम्बन्धी विवरण** (खण्ड ५) तोकिएको, क्षेत्र, गुण वा कार्य-सम्पादनलाई सारभूतरूपमा प्रभाव पार्ने, वा<br>(२) प्रस्तावित करार अन्तर्गतको खरिदकर्ताको अधिकार र बोलपत्रदाताको दायित्वलाई सारभूतरूपमा सीमीत पार्ने र बोललपत्र सम्बन्धी कागजातसंग मेल नखाने; वा<br>(ख) कुनै बोलपत्र सच्याईएको अवस्थामा, त्यसले सारभूतरूपमा प्रभावग्राही अन्य बोलपत्रको प्रतिस्पर्धी स्थानलाई अनुचित तवरले प्रभाव पार्ने अवस्था भन्ने बुझ्नु पर्नेछ ।<br>३१.३ **आवश्यकता सम्बन्धी विवरण** (खण्ड ५) मा उल्लेख गरिएको कुराहरु, कुनै तात्विक भिन्नता विना, वा कुनै अधिकार सुरक्षित नगरी बोलपत्रदाताले पूर्ण रुपमा पूरा गरेको छ भनि निश्चित हुन, खरिदकर्ताले पेश गरिएका बोलपत्रहरुको प्राविधिक पक्षको विशेष परीक्षण गर्नेछ । |
| **३२.** | ३२.१सानातिना फरकहरु जसले बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिएका विशेषताहरु, सेवा तथा शर्तहरुका साथै अन्य विवरणहरुलाई तात्विक फरक र गम्भीर असर नपार्ने, |



प्रमुख

| | |
|---|---|
| **सानातिना फरक र त्रुटीहरु** | वा बोलपत्रको सारतत्वमा खास असर नपर्ने गरी सच्याउन सकिने खालका त्रुटी वा भूलहरु रहेका बोलपत्रलाई पनि खरिदकर्ताले प्रभावग्राही बोलपत्र मान्न सक्नेछ ।<br>३२.२ बोलपत्र सारभूतरूपमा प्रभावग्राही भएको अवस्थामा, बोलपत्रमा रहेको सानातिना फरक वा त्रुटीहरु सच्याउन वा छुटपुट कुराहरु पूरा गर्न आवश्यक विवरण वा कागजात निश्चित समयभित्र पेश गर्न खरिदकर्ताले बोलपत्रदातालाई अनुरोध गर्न सक्नेछ । खरिदकर्ताले माग गरेको विवरण वा कागजातहरु कबोल मूल्यको कुनै पनि पक्षसंग सम्बन्धित हुनु हुँदैन । यो व्यवस्था अनुरुप हुने गरी माग गरिएको विवरण वा कागजातहरु पेश गर्न असफल भएमा त्यस्तो बोलपत्रदाताको बोलपत्र रद्द हुन सक्नेछ ।<br>३२.३ बोलपत्र सारभूतरूपमा प्रभावग्राही भएको अवस्थामा, खरिदकर्ताले सानातिना त्रुटीहरु वा छुटपुट कुराहरु सच्याउन सक्नेछ । यस प्रयोजनको लागि, छुटेका वा मेल नखाएका आइटम वा पाटपूर्जाहरुको मूल्य पनि समावेश गरी बोलपत्रहरुको तुलना गर्ने उद्देश्यले खरिदकर्ताले कबोल मूल्य समायोजन गर्नेछ । यस्तो समायोजन गर्दा **मूल्याङ्कन र योग्यता सम्बन्धी विवरण** (खण्ड ३) मा उल्लेख गरिएको पद्दती अपनाई गरिनेछ ।<br>३२.४ प्राबिधिक स्पेसिफिकेशन, विवरण वा विशेषताहरुमा सामान्य भिन्नता रहेको अवस्थामा, बोलपत्र नै रद्द नगरी संभव भएसम्म त्यस्तो फरकको मूल्य निकाली बोलपत्रलाई मूल्यांकनमा समावेश गरिनेछ ।<br>३२.५ **बोलपत्रदातालाई निर्देशन**को दफा ३२.४ बमोजिमको सानातिना फरक वा त्रुटीको मूल्य, बोलपत्रदाताले पेश गरेको बोलपत्रको कबोल मूल्य को १५ प्रतिशतभन्दा बढी भएमा यस्तो बोलपत्रलाई सारभूतरूपमा अप्रभावग्राही मानी मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन । |
| **३३. अङ्कगणितीय त्रुटी सच्याउने** | ३३.१ बोलपत्र सारभूतरूपमा प्रभावग्राही भएको अवस्थामा, खरिदकर्ताले निम्न अनुसार अङ्कगणितीय त्रुटी सच्याउनेछः<br>(क) यदि एकाईमूल्य र एकाईमूल्यले परिमाणलाई गुनेर प्राप्त भएको जम्मा मूल्यमा फरक पाईएमा एकाई मूल्यलाई मान्यता दिईनेछ र सो एकाई मूल्यको आधारमा जम्मा मूल्य सच्याइने छ, तर एकाई मूल्यमा दशमलव जनाउने थोप्ला भूलबस अर्को ठाँउमा परेको हो भन्ने खरिदकर्तालाई स्पष्ट रुपमा लागेमा, बोलपत्रदाताले कबोल गरेको जम्मा मूल्यलाई मान्यता दिइनेछ र यसको आधारमा एकाईमूल्यलाई सच्याइने छ;<br>(ख) प्रत्येक उप-समूहका जम्मा मूल्य (Sub total) हरु जोड्दा वा घटाँउदा कूल जम्मा मूल्य (Grand total)मा गल्ती भएको पाईएमा, उप-समूहका जम्माहरुको जोडलाई मान्यता दिइनेछ र यसको आधारमा कूल जम्मा मूल्य (Grand total)लाई सच्याइने छ; र<br>(ग) यदि अंङ्क र अक्षरमा लेखिएकोमा फरक पाईएमा, अक्षरमा लेखिएको अङ्कलाई मान्यता दिइनेछ, तर अक्षरमा लेखिएको अंङ्क - अङ्कगणितीय त्रुटीसंग सम्बन्धित भएको अवस्थामा भने माथिको (क) र (ख) बमोजिम हुने गरी अङ्कमा लेखिएको मूल्यले मान्यता पाउनेछ ।<br>३३.२ न्युनतम मूल्याङ्कित मूल्य भएको बोलपत्रदाताले यस्तो त्रुटी सुधारलाई स्वीकार नगरेमा उसको बोलपत्र रद्द गरिनेछ र बोलपत्र जमानत जफत हुनेछ । |
| **३४. घरेलु प्राथमिकता** | ३४.१ यदि नेपालमा उत्पादित मालसामानको मूल्य विदेशी मालसामानको मूल्यभन्दा दश (१०) प्रतिशतसम्म बढी भएमा, नेपालमा उत्पादित मालसामानलाई बोलपत्र मूल्यांकनमा दश (१०) प्रतिशतसम्मको घरेलु प्राथमिकता दिईनेछ ।<br>(यो व्यवस्था नेपाल सरकारको श्रोतबाट गरिने खरिदमा मात्र लागु हुनेछ ।) |



प्रमुख

| | |
|---|---|
| **३५. बोलपत्रको मूल्यांकन र तुलना** | ३५.१ यो चरणसम्म आईपुग्दा, खरिदकर्ताले सारभूतरूपमा प्रभावग्राही ठहरिएका प्रत्येक बोलपत्रको मूल्यांकन र तिनीहरुबीच तुलना गर्नेछ ।<br>३५.२ खरिदकर्ताले यो दफाको साथै **मूल्याङ्कन र योग्यता सम्बन्धी विवरण** (खण्ड ३) मा उल्लेख गरेको सम्पूर्ण आधार र पद्दती बमोजिम बोलपत्रको मूल्यांकन गर्नेछ र सो बाहेक अन्य कुनै आधार वा पद्दती बोलपत्रको मूल्यांकनको लागि अपनाउने छैन । |
| **३६. बोलपत्रदाताको पश्चात-योग्यता परिक्षण** | ३६.१ न्यूनतम् मूल्याङ्कित र सारभूतरूपमा प्रभावग्राही बोलपत्र पेश गरी छनौटमा परेको बोलपत्रदाता, करार बमोजिमको काम सम्पन्न गर्न योग्य छ भन्ने कुरामा आफू सन्तुष्ट हुन खरिदकर्ताले त्यस्तो बोलपत्रको पश्चात-योग्यता परिक्षण गर्नेछ ।<br>३६.२ पश्चात-योग्यता परिक्षणगर्दा, **बोलपत्रदातालाई निर्देशन**को दफा १९ बमोजिम बोलपत्रदाताले पेश गरेको उसको योग्यता प्रमाणित गर्ने तथ्य कागजातहरुको परिक्षण गरिनेछ ।<br>३६.३ बोलपत्रदातालाई ठेक्का प्रदान गर्ने निर्णय गर्नु अगाडी पश्चात-योग्यता परिक्षणको नतिजा सकारात्मक हुनु जरुरी छ र यो नतिजा नकारात्मक रहेमा त्यस्तो बोलपत्र अयोग्य ठहरिनेछ । यस्तो अवस्थामा, खरिदकर्ताले दोश्रो न्यून मूल्याङ्कित बोलपत्रको अगाडीकै पश्चात-योग्यता परिक्षणको प्रकिया अनुसरण गरी, सम्बन्धित बोलपत्रदाताले सन्तोषजनक रुपमा करार बमोजिमको काम सम्पादन गर्न सक्षम छ भन्ने कुराको निर्क्योल गर्नेछ । |
| **३७. कुनै बोलपत्र स्वीकार गर्ने, र कुनै वा सबै बोलपत्र अस्वीकार गर्ने खरिदकर्ताको अधिकार** | ३७.१ ठेक्का प्रदान गर्ने निर्णय गर्नु अघि कुनै बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र कुनै पनि समय बोलपत्रको प्रक्रियालाई अन्त गर्ने र सबै बोलपत्रहरु अस्वीकार गर्ने अधिकार खरिदकर्तामा निहित रहनेछ, र यसबाट बोलपत्रदाताप्रति खरिदकर्ताको कुनै दायित्व रहने छैन । |

## (च) ठेक्का प्रदान

| | |
|---|---|
| **३८. ठेक्का प्रदान गर्ने आधार** | ३८.१ सारभूतरूपमा प्रभावग्राही ठहरिएको न्यूनतम् मूल्याङ्कित बोलपत्रदाताको प्रस्ताव (बोलपत्र), जुन पश्चात्-योग्यता परिक्षणमा सफल पनि भएको छ, लाई खरिदकर्ताले ठेक्का प्रदान गर्न छनौट गर्नेछ । |
| **३९. ठेक्का प्रदान गर्दा परिमाणमा** | ३९.१ **मालसामान र सम्बद्ध सेवाको आवश्यकता सम्बन्धी विवरण** (खण्ड ५) मा तोकिएको मालसामान र सम्बद्ध सेवाको परिमाण ठेक्का प्रदान गर्दा हेरफेर गर्न पाउने अधिकार खरिदकर्तामा निहित रहनेछ, तर त्यस्तो हेरफेर |



नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

प्रमुख

| | | |
|---|---|---|
| **हेरफेर गर्न पाउने (सक्ने) खरिदकर्ताको अधिकार** | | **बोलपत्र सम्बन्धी विवरण**मा तोकिएको प्रतिशतभन्दा धेरै हुनु हुँदैन र यो हेरफेरबाट एकाई मूल्य वा बोलपत्र र बोलपत्र सम्बन्धी कागजातमा रहेको सेवा तथा शर्तहरुमा समेत कुनै परिवर्तन आउनु हुँदैन । |
| **४०. ठेक्का प्रदान गर्ने आशयको सूचना** | ४०.१ | **बोलपत्रदातालाई निर्देशन**को दफा ३८.१ बमोजिम ठेक्का प्रदान गर्न छनौट भएको बोलपत्रदातालाई, नीज त्यसरी छनौट भएको सात (७) दिनभित्र, ठेक्का सम्बन्धी फारममा रहेको स्वीकृतिको आशयको पत्र अनुरुप नीजको बोलप्रत्र स्वीकृत गर्ने आशयको लिखित सूचना दिनु पर्नेछ । बोलपत्र पेश गर्ने अन्य सबै बोलपत्रदाताहरुलाई ठेक्का प्रदान गर्न छनौट भएका बोलपत्रदाताको नाम, ठेगाना, र कबोल मूल्य सम्बन्धी जानकारी दिनु पर्नेछ । |
| | ४०.२ | **बोलपत्रदातालाई निर्देशन**को दफा ४०.१ बमोजिम सूचना दिएको ७ (सात) दिनभित्र **बोलपत्रदातालाई निर्देशन**को दफा ४३.१ बमोजिमकुनै बोलपत्रदाताले कुनै निवेदन नदिएमा **बोलपत्रदातालाई निर्देशन**को दफा ३८.१ बमोजिमठेक्का प्रदान गर्न छनौट भएको बोलपत्रलाई, बोलपत्रको मान्य हुने अबधि समाप्त हुनु अगावै, खरिदकर्ताले स्वीकार गर्नेछ र सम्बन्धित बोलपत्रदातालाई आवश्यक कार्य-सम्पादन जमानत सहित १५ दिनभित्र करार सम्झौता गर्न उपस्थित हुन सूचना दिनेछ । |
| **४१. कार्य-सम्पादन जमानत** | ४१.१ | खरिदकर्ताबाट ठेक्का प्रदान गर्न स्वीकृतीको सूचना पाएको १५(पन्ध्र) दिनभित्र, सफल बोलपत्रदाताले **करारका सामान्य शर्तहरुमा** उल्लेख भए बमोजिम कार्य-सम्पादन जमानत राख्नु पर्नेछ र यसको लागि **करार सम्बन्धी फारमहरु** (खण्ड ८) मा राखिएको कार्य-सम्पादन जमानतको फारम, वा खरिदकर्ताकर्तालाई मान्य हुने अन्य कुनै फारम प्रयोग गर्नु पर्नेछ । नेपाल बाहिरको बिदेशी बैंकबाट जारी गरिएको कार्य-सम्पादन जमानत भए, नेपालमा रहेको 'क' वर्गको इजाजत प्राप्त बाणिज्य बैंकबाट प्रति-प्रत्याभूति (counter guaranttee) गरिएको हुनु पर्नेछ । |
| | ४१.२ | सफल बोलपत्रदाताले माथि उल्लिखित कार्य-सम्पादन जमानत पेश गर्न नसकेमा वा करार सम्झौता गर्न नसकेमा नीजलाई ठेक्का प्रदान गर्न गरिएको निर्णय रद्द गर्न र नीजले पेश गरेको बोलपत्र जमानत जफत गर्न खरिदकर्तालाई पर्याप्त आधार हुनेछ । यस्तो अवस्थामा, खरिदकर्ताले त्यसपछिको न्यूनतम् मूल्याङ्कित भएको र सारभूतरूपमा प्रभावग्राही ठहरिएको बोलपत्रदातालाई, नीजको पश्चात्-योग्यता परिक्षण गरी ठेक्का प्रदान गर्न सक्नेछ । |
| **४२. करार सम्झौतामा हस्ताक्षर** | ४२.१ | सफल बोलपत्रदाताले, **बोलपत्रदातालाई निर्देशन**को दफा ४१ बमोजिम कार्य-सम्पादन जमानत पेश गरेपछि, खण्ड ८ मा राखिएको फारममा हस्ताक्षर गरी करार सम्झौता गर्नेछ । |
| | ४२.२ | यसको लगत्तै खरिदकर्ताकर्ताले ठेक्का प्रदान गरेको सार्वजनिक सूचना आफ्नो सूचना पाटीमा टाँस्नु पर्नेछ र यो सूचनाको प्रतिलिपि जिल्ला |



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर

प्रमुख

| | | |
|---|---|---|
| | | समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, र जिल्ला कोष तथा लेखा नियन्त्रकको कार्यालयमा समेत टाँस्ने व्यवस्था मिलाउनु पर्नेछ । यसैगरी, खरिदकर्ताकर्ताले यो सूचना आफ्नो वेबसाइट भए आफ्नो वेबसाइटमा र यदि नभए, कृषि विभागको वेबसाइटमा, बोलपत्र वा लट नम्बर सहित निम्न व्यहोरा खुलाई राख्ने व्यवस्था गर्नु पर्नेछ:<br>(१) बोलपत्र पेश गर्ने सम्पूर्ण बोलपत्रदाताहरुको नाम; (२) बोलपत्र खोल्दा पढिएको कबोल मूल्य; (३) प्रत्येक बोलपत्रदाताको नाम र तिनीहरुको मूल्याङ्कित मूल्य; (४) अस्वीकृत ठहरिएका बोलपत्रदाताहरुको नाम र बोलपत्र अस्वीकृत हुनाको कारण; र (५) सफल बोलपत्रदाताको नाम, र नीजले प्रस्ताव गरेको कबोल मूल्यको साथसाथै प्रदान गरिएको ठेक्काको संक्षिप्त कार्य-विवरण र अवधि सम्बन्धी जानकारी । |
| | ४२.३ | ठेक्का प्रदान गर्ने आसयको सूचना जारी गरेको तीस (३०) दिनभित्र बोलपत्र प्रक्रियामा असफल ठहरिएको कुनै बोलपत्रदाताले, **बोलपत्रदातालाई निर्देशन**को दफा ४०.२ बमोजिम, आफ्नो बोलपत्र छनौट हुन नसक्नाको कारण थाहा पाउन लिखित रुपमा अनुरोध गरेमा खरिदकर्ताकर्ताले यथासक्य छिटो लिखित रुपमा सोको जवाफ दिनु पर्नेछ । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर



प्रमुख

**४३. उजुरी र पुनरावलोकन**

४३.१ खरिद प्रकिया वा खरिदकर्ताले ठेक्का प्रदान गर्ने गरेको निर्णय कुनै बोलपत्रदातालाई चित्त नबुझेमा, त्यस्तो बोलपत्रदाताले आफूले त्यस्तो सूचना पाएको वा निर्णय थाहा पाएको सात (७) दिनभित्र तथ्य र कानूनी आधार खोली सम्बन्धित सार्वजनिक निकायको प्रमुख समक्ष पुनरावलोकनको लागि उजुरी दिन सक्नेछ ।

४३.२ **बोलपत्रदातालाई निर्देशन**को दफा ४३.१ मा उल्लिखित म्याद नाघि प्राप्त उजुरी माथि कुनै कारवाही हुने छैन ।

४३.३ **बोलपत्रदातालाई निर्देशन**को दफा ४३.१ बमोजिम लिखित उजुरी प्राप्त भएको पाँच (५) दिनभित्र सम्बन्धित सार्वजनिक निकायको प्रमुखले, लिखित रुपमा कारण सहितको निर्णय दिनु पर्नेछ र सो निर्णयमा निम्न कुराहरु खुलाउनु पर्नेछ:

(क) खरिद प्रकिया स्थगन गर्नु पर्ने वा नपर्ने, र खरिद कारवाही अगाडी बढाउने प्रकृयाबारे; वा

(ख) प्राप्त उजुरी अस्वीकार गर्ने वा नगर्नेबारे ।

**बोलपत्र सम्बन्धी विवरण**मा तोकिएको कबोल मूल्यसम्मको ठेक्कामा सम्बन्धित सार्वजनिक निकायको प्रमुखले दिएको निर्णय बिरुद्ध पुनरावलोकन समिति समक्ष उजुरीहाल्न पाईने छैन।

४३.४ सार्वजनिक निकायले **बोलपत्रदातालाई निर्देशन**को दफा ४३.३ बमोजिम दिएको निर्णय सम्बन्धित बोलपत्रदातालाई चित्त नबुझेमा, वा सार्वजनिक निकायले **बोलपत्रदातालाई निर्देशन**को दफा ४३.१ बमोजिम उजुरी प्राप्त गरेको पाँच (५) दिनभित्र आफ्नो निर्णय नदिएमा सम्बन्धित बोलपत्रदाताले, सार्वजनिक निकायले दिएको निर्णय आफुलाई चित्त नबुझ्नाको कारण उल्लेख गरी र सोसंग सम्बन्धित कागजपत्रहरु सहित पुनरावलोकन समिति समक्ष निवेदन दिन सक्नेछ । यसरी पुनरावलोकन समिति समक्ष निवेदन दिने बोलपत्रदाताको कबोल मूल्य बोलपत्रदातालाई निर्देशनको दफा ४३.३ मा उल्लेख गरिएको मूल्यभन्दा बढी हुनु पर्नेछ । पुनरावलोकन समिति समक्ष दिईने निवेदन समितिको कार्यालयमा सिधै, वा हुलाक, वा कुरियर, वा बिद्युतीय संचारको माध्यमद्वारा पठाउन सकिनेछ । यसरी पठाएको निवेदन समयभित्र पुगे नपुगेको यकिन बोलपत्रदाता स्वयंले गर्नु पर्नेछ ।

४३.५ **बोलपत्रदातालाई निर्देशन**को दफा ४३.४ मा उल्लिखित म्यादभन्दा ढिलो गरी प्राप्त निवेदन उपर कुनै कारवाही गरिने छैन ।

४३.६ **बोलपत्रदातालाई निर्देशन**को दफा ४३.४ बमोजिमको बोलपत्रदाताको निवेदन प्राप्त गरेको तीन (३) दिनभित्र **बोलपत्रदातालाई निर्देशन**को दफा ४३.३ बमोजिम पुनरावलोकन समितिले सम्बन्धित सार्वजनिक निकायलाई, खरिद कार्यबिधि र उजुरीसंग सम्बन्धित, जानकारी पुनरावलोकन समितिलाई उपलब्ध गराउन सूचित गर्नेछ ।

४३.७ बोलपत्रदातालाई निर्देशनको दफा ४३.६ बमोजिम सूचना पाएको तीन (३)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर



प्रमुख

| | | |
|---|---|---|
| | | दिनभित्र सार्वजनिक निकायले सम्बन्धित उजुरीमाथिको आफ्नो प्रतिकिया सहित सोसंग सम्बन्धित कागजातहरु पुनरावलोकन समिति समक्ष पेश गर्नु पर्नेछ । |
| | ४३.८ | बोलपत्रदाता र सार्वजनिक निकायसंग आवश्यक जानकारी प्राप्त गरेपछि, पुनरावलोकन समितिले आवश्यक ठानेमा, **बोलपत्रदातालाई निर्देशन**को दफा ४३.४ बमोजिम बोलपत्रदाताले निवेदन दिएको एक (१) महिनाभित्र आफ्नो निर्णय दिनेछ । |
| | ४३.९ | **बोलपत्रदातालाई निर्देशन**को दफा ४३.४ बमोजिम निवेदन दिने बोलपत्रदाताले **बोलपत्र सम्बन्धी विवरण**मा तोकिए बमोजिमको रकम-जमानत वा **बोलपत्रदातालाई निर्देशन**को दफा ४३.४ बमोजिम निवेदन दर्ता गरेको मितिले कम्तिमा पनि नब्बे (९०) दिनको मान्य अबधि भएको बैंक-जमानत पेश गर्नु पर्नेछ र जमानत विनाको निवेदन उपर कुनै कारवाही गरिने छैन । |
| | ४३.१० | बोलपत्रदातालाई निर्देशनको दफा ४३.४ बमोजिम बोलपत्रदाताले गरेको दावीलाई पुनरावलोकन समितिले उचित ठहराएमा, निवेदकले बोलपत्रदातालाई निर्देशनको दफा ४३.९ बमोजिम पेश गरेको जमानत, पुनरावलोकन समितिले आफूले निर्णय गरेको सात (७) दिनभित्र निवेदकलाई फिर्ता गर्नु पर्नेछ । |
| | ४३.११ | यदि बोलपत्रदातालाई निर्देशनको दफा ४३.४ बमोजिम बोलपत्रदाताले गरेको दावीलाई पुनरावलोकन समितिले अस्वीकार गरेमा, बोलपत्रदाताले बोलपत्रदातालाई निर्देशनको दफा ४३.९ बमोजिम पेश गरेको जमानत जफत हुनेछ । |
| **४४. सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली लागू हुने** | ४४.१ | यो बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित कुनै प्राबधान सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा रहेका प्राबधानसंग बाझिएमा बाझिएको हदसम्म यो बोलपत्र सम्बन्धी कागजातमा रहेका प्राबधानहरु स्वत: निष्किय हुनेछन् र उल्लिखित ऐन र नियमावलीमा रहेका प्राबधानहरु मान्य हुनेछन् । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर



प्रमुख

# खण्ड २: बोलपत्र सम्बन्धी विवरण

| (क) परिचय | |
|---|---|
| **बोलपत्रदातालाई निर्देशन १.१** | खरिदकर्ताको नाम: केन्द्रीय कृषि प्रयोगशाला,हरिहरभवन, ललितपुर |
| **बोलपत्रदातालाई निर्देशन २.१** | ठेक्का (करार) नम्बर: CAL ०१-२०७५/०७६<br>*(ठेक्का नम्बर(हरु) उल्लेख गर्नुहोस्)*<br>*(नोट: समान प्रकृतिको, तर मालसामान र सम्बद्ध सेवाको आवश्यकता सम्बन्धी विवरण ( खण्ड ५) मा उल्लेख भए अनुसार कुनै उपकरणहरुको छुट्टै आइटम आवश्यक हुने आयोजनाको हकमा, बैकल्पिक करारको व्यवस्था सहित बोलपत्र आव्हान गर्न सकिने छ । यस्तो अबस्थामा, बोलपत्रदातालाई उसको स्वेच्छामा छुट्टाछुट्टैआइटमको लागि मात्र वा समान आइटमहरुको समूह (प्याकेज)को लागि बोलपत्र पेश गर्न पाउने व्यवस्था गर्नु पर्नेछ । आइटम वा प्याकेजको लागि बोलपत्रको मूल्याङ्कन र ठेक्का प्रदान गर्ने आधार यहाँ उल्लेख गरिए अनुसार हुनेछ ।)* |
| **बोलपत्रदातालाई निर्देशन २.१** | वैदेशिक युरोपियन युनियन - शान्तिकोषको नगद अनुदान तर्फको रकम ।<br>आयोजना कार्यान्वयन गर्ने निकाय: केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन |
| **बोलपत्रदातालाई निर्देशन ४.१** | निम्न लिखित देशका बोलपत्रदाताहरु यो बोलपत्र प्रकियाको लागि अयोग्य मानिने छ: ...<br>नेपाल सरकारको श्रोत अन्तर्गतको खरिद हुने भएकोले लागू नहुने । |
| **बोलपत्रदातालाई निर्देशन ४.९** | विदेशी बोलपत्रदाताले बोलपत्रसंगै:<br>● निम्न कागजातहरु पेश गर्नु पर्नेछ *(पेश गर्नुपर्ने आवश्यक कागजातहरू उल्लेख गर्ने ।)*<br>● निम्न कागजातहरु करार सम्झौता गर्दा पेश गर्नेछु भनि उल्लेख गरेको घोषणापत्र पेश गर्नु पर्नेछ *(पेश गर्नुपर्ने आवश्यक कागजातहरू उल्लेख गर्ने ।)* |
| **बोलपत्रदातालाई निर्देशन ५.१** | निम्न देशहरुबाट आपूर्ति गरिने मालसामान र सम्बद्ध सेवाहरु स्वीकार गरिने छैन:<br>नेपाल सरकारको श्रोत अन्तर्गतको खरिद हुने भएकोले लागू नहुने । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

| (ख) बोलपत्र सम्बन्धी कागजातहरु | |
|---|---|
| बोलपत्रदातालाई निर्देशन ८.१ | बोलपत्र स्पष्ट पार्ने प्रयोजनको लागि मात्र, खरिदकर्ताको ठेगाना:<br><br>सम्बन्धित पदाधिकारी: श्री राजिवदास राजभण्डारी<br>वरिष्ठ बाली संरक्षण अधिकृत<br><br>खरिदकर्ताको नाम: केन्द्रीय कृषि प्रयोगशाला,<br><br>ठेगाना: हरिहरभवन, ललितपुर ।<br><br>फोन नं: ०१- ५५२०३१४<br><br>इमेल:centralaglab.sspp@gmail.com |
| बोलपत्रदातालाई निर्देशन ८.१ | बोलपत्र दाखिला गर्ने अन्तिम मिति भन्दा कम्तिमा दश (१०) दिन अगावै बोलपत्र सम्बन्धी कुनै कुरामा स्पष्ट पार्नका लागि गरिएको अनुरोधको खरिदकर्ताले लिखित रुपमा जवाफ दिनेछ । |
| बोलपत्रदातालाई निर्देशन ८.२ | पूर्व-बोलपत्र बैठक आयोजना गरिने छैन ।<br><br>पूर्व-बोलपत्र बैठक आयोजना गरिने भए निम्न मिति, स्थान, र समयमा आयोजना गरिनेछ:<br><br>मिति:<br><br>समय:<br><br>स्थान: |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

# (ग) बोलपत्रको तयारी

| | |
|---|---|
| **बोलपत्रदातालाई निर्देशन ११.१** | बोलपत्रको भाषा: नेपाली र अंग्रेजी हुनेछ । |
| **बोलपत्रदातालाई निर्देशन १२.१ (ज)** | बोलपत्रदाताले निम्न अनुसारका थप कागजातहरु बोलपत्रसंग पेश गर्नु पर्नेछ: <br> Taiwan Agricultural Institute (TARI), Taiwan Methodology बाट प्रयोग गर्न मिल्ने RBPR Reagent kit हुनु पर्नेछ । |
| **१४. करार मूल्य** | १४.१ सम्झौतामा उल्लेख भएको मूल्य र करार बमोजिम सो मूल्यमा थपिने रकम र करार अनुसार गरिने समायोजन, वा करार अनुसार सो मूल्यबाट घटाईने रकम समेत गरेर हुन आउने मूल्य करार मूल्य हो ।<br>१४.२ करार अनुसार आपूर्तिकर्ताले डेलिभरी गरेको मालसामान र सम्पादन गरेको सम्बद्ध सेवाहरुको लागि लगाउने मूल्य आफूले कबोल गरेको मूल्यभन्दा भिन्न हुनु हुँदैन तर, विशेष शर्तहरूमा उल्लेख भए अनुसारको कुनै मूल्य समायोजनलाई भने अपवादको रुपमा लिईनेछ । |
| **१५. भुक्तानीका शर्तहरु** | १५.१ करार मूल्य नेपाली मुद्रामा भुक्तानी गरिनेछ ।<br>१५.२ आपूर्तिकर्ताले भुक्तानीको लागि लिखित रुपमा अनुरोध गर्नु पर्दछ र त्यस्तो अनुरोधको साथमा आफुले डेलिभरी गरेको मालसामान र सम्पादन गरेको सम्बद्ध सेवाहरुको विवरण (उपयुक्त भएसम्म) सहितको विजक ( इन्भ्वाईस), र **सामान्य शर्तहरु**को दफा ११ बमोजिम पेश भएका कागजातहरु समावेश गर्नु पर्नेछ । भुक्तानीको लागि आपूर्तिकर्ताले करार बमोजिमको आफ्नो सम्पूर्ण दायित्वहरु पूरा गरेको हुनुपर्दछ ।<br>१५.३ आपूर्तिकर्ताले विजक पेश गरेको वा भुक्तानीको लागि अनुरोध गरेको र खरिदकर्ताले त्यसलाई स्वीकृत गरेको सम्भवभएसम्म छिटो गरी बढीमा तीस (३०) दिनभित्र भुक्तानी दिनु पर्दछ । |
| **१६. कर र भन्सार महशूल** | १६.१ करार अनुसार आपूर्ति गरेको मालसामानमाथि खरिदकर्तालाई डेलिभरी गरेको समयसम्म लाग्ने सम्पूर्ण कर, भन्सार महशूल शुल्क, लाइसेन्स (अनुमति) आदि जस्ता सम्पूर्ण शुल्कहरु प्रति आपूर्तिकर्ता पूर्ण रुपले उत्तरदायी हुनेछ । |
| **१७. कार्य सम्पादन जमानत** | १७.१ आपूर्तिकर्ताले ठेक्का स्वीकृतिको सूचना पाएको पन्ध्र (१५) दिनभित्र, करार अनुसारको कार्य सम्पादन गर्ने प्रत्याभूतिको लागि, विशेष शर्तहरूमा तोकिए अनुसारको रकम कार्य सम्पादन जमानत राख्नु पर्नेछ।<br>१७.२ कार्य सम्पादन जमानत बापत राखिएको रकम, करार अनुसारको कार्य सम्पादन गर्न आपूर्तिकर्ता असफल भएको कारण खरिदकर्तालाई कुनै हानी भएमा त्यस्तो हानीको क्षतिपूर्ति स्वरुप खरिदकर्तालाई भुक्तानी दिनु पर्दछ ।<br>१७.३ कार्य सम्पादन जमानत नेपाली रुपैयाँमा वा खरिदकर्ताकर्तालाई मान्य हुने र खुल्ला रुपमा सटही गर्न सकिने अन्य कुनै मुद्रामा, खरिदकर्ताले विशेष शर्तहरूमा तोकिदिए अनुसारको फारम प्रयोग गरी जारी गरिएको हुनु पर्नेछ ।<br>१७.४ कार्य सम्पादन जमानत, आपूर्तिकर्तालेकरार अनुसारको आफ्नो दायित्व, वारेण्टी सम्बन्धी दायित्व समेत (करारमा अन्यथा उल्लेख भएकोमा बाहेक) पूरा गरेको मितिले तीस (३०) दिनभित्र खरिदकर्ताकर्ताले कार्य सम्पादन जमानत फुकुवा गरी आपूर्तिकर्तालाई फिर्ता गर्नेछ । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

| | | |
|---|---|---|
| १८. **प्रतिलिपि सम्बन्धी अधिकार** | १८.१ | आपूर्तिकर्ताले खरिदकर्ताकर्ता समक्ष पेश गरेको तथ्याङ्क र जानकारीहरु भएका सबै ड्रइङ्ग, कागजात लगायत अन्य सामाग्रीहरुमाथिको प्रतिलिपि अधिकार आपूर्तिकर्तामा नै निहित रहनेछ, वा यदि त्यस्तो सामाग्री, सिधै वा कुनै आपूर्तिकर्ता मार्फत कुनै तेस्रो पक्ष (मालसामानको आपूर्तिकर्ता लगायत) ले खरिदकर्ताकर्ता समक्ष पेश गरेको भए प्रतिलिपि अधिकार त्यस्तो तेस्रो पक्षमा नै निहित रहनेछ । |
| **१९. गोप्य सूचनाहरु** | १९.१ | खरिदकर्ताकर्ता र आपूर्तिकर्ताले गोप्यता कायम राख्नु पर्दछ र प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट अर्को पक्षले पेश गरेको करारसंग सम्बन्धित कागजातहरु (Documents), तथ्याङ्क (Data), वा अन्य सूचनाहरु; त्यस्तो सूचना करार हुनु अगावै, करार हुँदाको बखत वा करार समाप्त भएपछि वा करार तोडिएपछि पेश गरिएको भएतापनि; सम्बन्धित पक्षको लिखित सहमति विना कुनै तेस्रो पक्षलाई उपलब्ध गराउनु हुँदैन । तर, आपूर्तिकर्ताले खरिदकर्ताबाट पाएको कागजात, तथ्याङ्क, वा अन्य सूचनाहरु, सब-कन्ट्राक्टरलाई करार अन्तर्गतको काम पूरा गर्न आवश्यक हुने जति उपलब्ध गराउन सक्नेछ र यस्तो अबस्थामा आपूर्तिकर्ताले सब-कन्ट्राक्टरबाट, **सामान्य शर्तहरु**को दफा १९ अन्तर्गत आपूर्तिकर्ताले पालना गर्नु पर्ने सरहको गोप्यता कायम राख्ने प्रतिबद्धता लिनु पर्दछ । |
| | १९.२ | करारसंग असम्बन्धित अन्य कुनै पनि प्रयोजनका लागि खरिदकर्ताकर्ताले आपूर्तिकर्ताबाट प्राप्त गरेको कागजात, तथ्याङ्क, वा अन्य सूचनाहरु उपयोग गर्नु हुँदैन । यसैगरी, आपूर्तिकर्ताले पनि खरिदकर्ताकर्ताबाट प्राप्त गरेको कागजात, तथ्याङ्क, वा अन्य सूचनाहरु करार अन्तर्गतको काम पूरा गर्न आवश्यक पर्ने डिजाईन, खरिद, वा अन्य कार्य वा सेवाको लागि बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्नु हुँदैन । |
| | १९.३ | **सामान्य शर्तहरु**को उपदफा १९.१ र १९.२ अन्तर्गतका दायित्वहरु निम्न अबस्थामा लागू हुने छैनः<br>(क) करारको वित्तिय व्यबस्थापनमा सहभागि कुनै संस्था लाई उपलव्ध गराउनु परेमा;<br>(ख) यस उप्रान्त, पक्षहरुको त्रुटी विनै, सार्वजनिक अधिकार क्षेत्रभित्र प्रवेश गरेमा;<br>(ग) जानकारी हुँदाको बखत नै कुनै पक्षले प्राप्त गरिसकेको भनि प्रमाणित गर्न सकिने भएमा र अर्को पक्षबाट प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट पहिले नै प्राप्त नगरेको भएमा, वा<br>(घ) गोप्यता कायम गर्नु पर्ने दायित्व नभएको कुनै तेस्रो पक्षबाट उक्त पक्षले कानूनी रुपमा प्राप्त गरेकोमा । |
| | १९.४ | **सामान्य शर्तहरु**को दफा १९ ले आपूर्ति वा यसको केही भागसंग सम्बन्धित करार हुनु अघि नै पक्षहरुलाई प्रदान गरिएको गोप्यता सम्बन्धी व्यवस्थामा कुनै पनि प्रकारले परिमार्जन गर्ने छैन । |
| | १९.५ | **सामान्य शर्तहरु**को दफा १९ करारको समाप्ति वा करार तोडिएको अबस्थामा पनि कायम रहने छ । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

| | | |
|---|---|---|
| **२०. सव-कन्ट्राक्टमा दिनेबारे** | २०.१ | यदि आपूर्तिकर्ताले बोलपत्रमा उल्लेख नभएको करार अन्तर्गतका कुनै मालसामान वा सम्बद्ध सेवाहरु सव-कन्ट्राक्टमा दिएमा, सोको लिखित सूचना खरिदकर्ताकर्तालाई दिनुपर्नेछ । सव-कन्ट्राक्टमा दिँदैमा, आपूर्तिकर्ताले करार अन्तर्गतको आफ्नो दायित्व, कर्तव्य, जवाफदेहिता, वा जिम्मेवारीबाट छुटकारा पाउने छैन । |
| | २०.२ | सव-कन्ट्राक्ट सामान्य शर्तहरुको दफा ३ को व्यवस्था अनुरुप हुनु पर्दछ । |
| **२१. स्पेशिफिकेशन र स्टाण्डर्ड (स्तर)** | २१.१ | **प्राबिधिक स्पेशिफिकेशन र ड्रईङ्ग**<br>(क) आपूर्तिकर्ताले मालसामान र सम्बद्ध सेवाहरु प्राबिधिक स्पेशिफिकेशन र करारका अन्य व्यवस्था अनुरुप भएको सुनिश्चित गर्नु पर्नेछ ।<br>(ख) खरिदकर्ताले आफैं वा अन्य कसैद्वारा तयार पारिएको कुनै डिजाईन, तथ्याङ्क, ड्रईङ्ग, स्पेशिफिकेशन वा अन्य कागजात, वा त्यसपछिका अन्य कुनै संशोधनका सम्बन्धमा खरिदकर्ताकर्तालाई जानकारी दिएर त्यसप्रति आफ्नो जिम्मेवारी नभएको घोषणा गर्नसक्तछ ।<br>(ग) यस करार अन्तर्गत आपूर्ति गरिने मालसामान र सम्बद्ध सेवाहरु खण्ड-५ (आवश्यकता सम्बन्धी विवरण) मा खोजिएको स्टाण्डर्ड (स्तर) अनुरुप हुनु पर्दछ र, उपयुक्त स्टाण्डर्ड (स्तर) उल्लेख नभएको अवस्थामा, मालसामानको उद्गमस्थल भएको देशमा सो मालसामानको प्रयोगको लागि तोकिएको उपयुक्त स्टाण्डर्ड (स्तर) वा सोभन्दा माथिल्लो स्टाण्डर्ड (स्तर)को हुनु पर्दछ । |
| | २१.२ | यदि करारमा कुनै कोड र स्टाण्डर्ड तोकेर करार सोही अनुरुप कार्यान्वियन हुनु पर्ने व्यवस्था गरिएको रहेछ भने, त्यस्तो कोड र स्टाण्डर्डको संस्करण वा परिमार्जित संस्करण, खण्ड-५ (आवश्यकता सम्बन्धी विवरण) मा तोकिए अनुसार हुनेछ । करार कार्यान्वयनको कममा, त्यस्तो कोड र स्टाण्डर्डमा यदि कुनै परिवर्तन भएमा त्यस्तो परिवर्तन खरिदकर्ताकर्ताबाट स्वीकृति लिएर मात्र लागू गर्नु पर्दछ र सामान्य शर्तहरुको दफा ३२ बमोजिम गर्नु पर्दछ । |
| **२२. प्याकिङ्ग र सम्बन्धित कागजातहरु** | २२.१ | करारमा तोकिएको अन्तिम गन्तव्यसम्म मालसामान यथा अवस्थामा - विना क्षति र विना नोक्सानी, पुचाउन आवश्यक हुने गरी आपूर्तिकर्ताले मालसामानको प्याकिङ्ग गर्नु पर्नेछ । मालसामान ओसारपसारको कममा, मालसामानलाई जथाभावी तवरले यताउता सार्दा, ज्यादै प्रतिकूल तापकम, ओसिलो ठाउँ वा लवणहरुको संसर्गमा राख्दा, र खुल्ला ठाउँमा राख्दा समेत मालसामानलाई यथा अवस्थामा - विना क्षति र विना नोक्सानी बचाएर राख्न सक्ने हिसाबले प्याकिङ्ग गरिएको हुनु पर्नेछ । प्याकिङ्ग गर्दा केशको साईज र तौललाई पनि ध्यानमा राख्नु पर्दछ र अवस्था हेरी, मालसामान पुचाउनु पर्ने अन्तिम गन्तव्यसम्मको दूरी र ओसारपसार हुने ठाउँहरुमा सामान सार्ने/बोक्न ह्याण्डलिङ्ग सुबिधाहरुको उपलब्धता/ अनुपलब्धतालाई समेत ध्यानमा राखेर प्याकिङ्ग गरिएको हुनु पर्नेछ । |
| नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर | २२.२ | प्याकेजको भित्र र बाहिर गरिनु पर्ने प्याकिङ्ग, मार्किङ, र समावेश गर्नु पर्ने सम्बन्धित कागजातहरु, करारमा स्पष्ट रुपमा दिईएको विशेष निर्देशन अनुरुप हुनु पर्नेछ । यदि विशेष शर्तहरूमा थप आवश्यकताहरु दिइएको भए र खरिदकर्ताकर्ताले अन्य कुनै निर्देशन जारी गरेको भए ती सबै अनुरुप हुने गरी प्याकिङ्ग गर्नु पर्दछ । |



प्रमुख

| | | |
|---|---|---|
| २३. बिमा | २३.१ | विशेष शर्तहरूमा अन्यथा व्यवस्था भएकोमा बाहेक, करार अन्तर्गत आपूर्ति गरिने मालसामानहरु उत्पादन वा प्राप्त गर्दा, र ढुवानी, स्टोर, र डेलिभरी गर्दा हुन सक्ने हानी नोक्सानीको लागि पूर्ण रुपमा, खुल्ला रुपमा सटही गर्न सकिने मुद्रामा, विशेष शर्तहरूमा तोकिए बमोजिम, बिमा गरिएको हुनु पर्दछ । |
| २४. ढुवानी | २४.१ | विशेष शर्तहरूमा अन्यथा व्यवस्था भएकोमा बाहेक, मालसामान ढुवानी गर्ने दायित्व तोकिएको इन्कोटर्म्स अनुसार हुनेछ । |
| २५. निरिक्षण र परिक्षण (जाँच) | २५.१ | खरिदकर्ताकर्तालाई कुनै व्ययभार नपर्ने गरी मालसामान र सम्बद्ध सेवाहरुको, खण्ड-५ (आवश्यकता सम्बन्धी विवरण) मा उल्लेख भए अनुसारको सम्पूर्ण परिक्षण र/वा निरिक्षण आफ्नै खर्चमा गर्ने/गराउनु पर्दछ । |
| | २५.२ | मालसामानको निरिक्षण र परिक्षण, **विशेष शर्तहरूमा** तोकिए बमोजिम, आपूर्तिकर्ता वा उसको सव-कन्ट्राक्टरको हाता, डेलिभरी दिने ठाँउ र/वा मालसामानको अन्तिम गन्तव्य, वा नेपालभित्रको अन्य कुनै ठाँउमा हुन सक्नेछ । **सामान्य शर्तहरु**को उपदफा २५.३ बमोजिम, मालसामानको निरिक्षण र परिक्षण आपूर्तिकर्ता वा उसको सव-कन्ट्राक्टरको हातामा गरिएको खण्डमा, आवश्यक सम्पूर्ण सुबिधा र सहयोग लगायत ड्रईङ्ग, र उत्पादनसंग सम्बन्धित तथ्याङ्कहरु खरिदकर्ताकर्तालाई कुनै व्ययभार नपर्ने गरी सम्बन्धित निरिक्षकलाई उपलब्ध गराउनु पर्दछ । |
| | २५.३ | **सामान्य शर्तहरु**को उपदफा २५.२ मा उल्लेख भएको निरिक्षण र/वा परिक्षणमा खरिदकर्ता वा उसद्वारा नियुक्त प्रतिनिधिलाई उपस्थित हुने अधिकार रहनेछ र यसरी खरिदकर्ता वा उसद्वारा नियुक्त प्रतिनिधि उपस्थित हुँदा सो वापतको उसको सम्पूर्ण (लागत र) खर्च जस्तैः भ्रमण खर्च, दैनिक खर्च आदि खरिदकर्ता आँफैले व्यहोर्नु पर्दछ । |
| | २५.४ | निरिक्षण र परिक्षणको लागि आपूर्तिकर्ता तयार भएपछि, त्यस्तो निरिक्षण र परिक्षण गरिने स्थान र समय खोलि आपूर्तिकर्ताले खरिदकर्तालाई उचित तवरले अग्रिम सूचना दिनु पर्दछ । खरिदकर्ता वा उसद्वारा नियुक्त प्रतिनिधिलाई निरिक्षण र परिक्षणको लागि उपस्थित हुन सम्बन्धित कुनै तेस्रो पक्ष वा उत्पादकको कुनै अनुमति वा सहमति आवश्यक पर्ने भए, त्यस्तो अनुमति वा सहमति आपूर्तिकर्ताले लिईदिनु पर्नेछ । |
| | २५.५ | करारमा उल्लेख नभएको तर मालसामानको विशेषता र कार्य सम्पादन, करार अन्तर्गतको प्राविधिक स्पेशिफिकेशन, कोड र स्टाण्डर्डहरु अनुरुप छन् भनि सुनिश्चित गर्न आवश्यक भएमा, खरिदकर्ताले आपूर्तिकर्तालाई कुनै पनि प्रकारको निरिक्षण र परिक्षण गर्न लगाउन सक्नेछ । यस्तो परिक्षण र/वा निरिक्षण गर्दा लागेको उचित खर्च भने करार मूल्यमा थप्नु पर्दछ । यसको अतिरिक्त, यदि त्यस्तो परिक्षण र/वा निरिक्षणले उत्पादनको प्रगतिको दरमा र/वा आपूर्तिकर्ताको करार अन्तर्गतका अन्य दायित्वहरु पूरा गर्ने काममा बाधा पुचाई उत्पादन र/वा करार अन्तर्गतका अन्य दायित्वहरु पूरा गर्न थप समय लाग्ने भएमा, त्यस्तो समय डेलिभरी दिने समय र काम पूरा गर्ने समयमा समायोजन गर्नु पर्दछ र यसैगरी अन्य दायित्वहरुमा पनि असर गर्ने भए तिनीहरुलाई पनि समायोजन गर्नु पर्दछ । |
| | २५.६ | परिक्षण र/वा निरिक्षण को प्रतिवेदन आपूर्तिकर्ताले खरिदकर्तालाई दिनु पर्दछ । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

| | |
|---|---|
| | २५.७ परिक्षण र/वा निरिक्षणमा पास नभएको वा स्पेशिफिकेशन अनुरुप नभएको कुनै पनि मालसामान वा तिनका अंशहरु खरिदकर्ताले अस्वीकार गर्न सक्नेछ । अस्वीकृत गरिएको त्यस्तो सामान वा तिनका अंशहरुलाई स्पेशिफिकेशन अनुरुपको बनाउन, आपूर्तिकर्ताले आफ्नै खर्चमा, सच्याउन, फेर्न, वा परिवर्तन गर्न सक्नेछ र आपूर्तिकर्ताले आफ्नै खर्चमा पून: परिक्षण र/वा निरिक्षण दोहोराउनु पर्नेछ । यसरी गरिने पून: परिक्षण र/वा निरिक्षणको सूचना **सामान्य शर्तहरु**को उपदफा २५.४ अनुसार दिनु पर्नेछ ।<br>२५.८ आपूर्तिकर्ता यो कुरामा आफ्नो सहमति प्रदान गर्दछ कि, मालसामान वा तिनका अंशहरुको परिक्षण र/वा निरिक्षण, वा खरिदकर्ता वा उसद्वारा नियुक्त प्रतिनिधिको उपस्थिति, वा **सामान्य शर्तहरु**को उपदफा २५.६ अनुसार दिईएको प्रतिवेदनले आपूर्तिकर्तालाई करार अन्तर्गतको वारेण्टी वा अन्य दायित्वहरु पूरा गर्नबाट मुक्त गर्दैन । |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

प्रमुख

| | | |
|---|---|---|
| २६. पूर्व निर्धारित क्षतिपूर्ति | २६.१ | **सामान्य शर्तहरुको** दफा ३१ बमोजिमको अवस्थामा बाहेक, करारमा तोकिएको समयभित्र सम्पूर्ण वा केही मालसामानहरु डेलिभरी गर्न वा सम्बद्ध सेवाहरु सम्पादन गर्न असफल भएमा, खरिदकर्ताले करार मूल्यबाट, प्रत्येक हप्ता वा दिनको लागि विशेष शर्तहरूमा तोकिएको प्रतिशत बराबरको रकम (खास डेलिभरी वा सम्पादन गर्न ढिलो भएको अवधिसम्म) कट्टा गर्न सक्नेछ र यसरी कट्टा गरिने जम्मा रकम **विशेष शर्तहरूमा** तोकिएको प्रतिशतभन्दा बढी हुने छैन । यस्तो रकम तोकिएको सीमाभन्दा नाध्ने अवस्था आएमा, सामान्य शर्तहरुको दफा ३४ बमोजिम खरिदकर्ताले करार अन्त गर्न सक्नेछ । यस व्यवस्थाले करार अन्तर्गत खरिदकर्ताको अन्य उपचार पाउने हकलाई कुनै पनि प्रकारले संकुचित पार्ने छैन । |
| २७. वारेण्टी | २७.१ | आपूर्तिकर्ता यो प्रत्याभूति गर्दछ कि करारमा अन्यथा व्यवस्था भएकोमा बाहेक, सबै मालसामानहरु नयाँ, प्रयोग नगरिएका, र सबभन्दा पछिल्लो वा चालू मोडेलको हुनुका साथै प्रयोग भएका सामाग्री र डिजाईनमा नयाँ सुधारहरु समावेश भएका छन् । |
| | २७.२ | **सामान्य शर्तहरुको** उपदफा २१.१ बमोजिम हुने गरी, आपूर्तिकर्ता यो पनि प्रत्याभूति गर्दछ कि मालसामानहरु, आपूर्तिकर्ताले कुनै काम गरेको वा नगरेको कारणले वा डिजाईन, प्रयोग भएका सामाग्री, र कार्य-कुशलताको कारण उत्पन्न हुन सक्ने खराबीबाट मुक्त छन् र नेपालको चालू अवस्थामा सामान्य प्रयोगको लागि उपयुक्त छन् । |
| | २७.३ | **विशेष शर्तहरूमा** अन्यथा व्यवस्था भएकोमा बाहेक, मालसामान वा त्यसको केही भाग (तोकिएको अवस्थामा) तोकिएको स्थानमा डेलिभरी गरी स्वीकार गरेको **विशेष शर्तहरूमा** अन्यथा व्यवस्था भएकोमा बाहेक बाह्र (१२) महिनासम्म वारेण्टीको अवधि कायम रहनेछ । |
| | २७.४ | कुनै खराबी पत्ता लाग्ने बित्तिकै, त्यस्तो खराबीको प्रकृति र त्यस्को भेटिएसम्मका प्रमाणहरु सहित, खरिदकर्ताले आपूर्तिकर्तालाई तुरुन्तै सूचित गर्नु पर्दछ । खरिदकर्ताले आपूर्तिकर्तालाई त्यस्तो खराबीको निरिक्षण गर्न संभवभएसम्मको उचित अवसर प्रदान गर्नु पर्दछ । |
| | २७.५ | खराबीको सूचना पाएपछि आपूर्तिकर्ताले **विशेष शर्तहरूमा** तोकिएको समयभित्र, खराबी देखिएको मालसामान वा त्यस्को भाग, खरिदकर्तालाई कुनै आर्थिक भार नपर्ने गरी, यथासक्य छिटो मर्मत गर्नु वा फेर्नु पर्दछ । |
| | २७.६ | खराबीको सूचना पाएपछि, यदि आपूर्तिकर्ता **विशेष शर्तहरूमा** तोकिएको समयभित्र त्यस्तो खराबी सच्याउन असफल भएमा, खरिदकर्ताले आपूर्तिकर्ताकै जोखिम र खर्चमा, त्यस्तो खराबी सच्याउन उचित अवधिभित्र उचित प्रकिया अपनाउन सक्नेछ । यस व्यवस्थाले करार अन्तर्गत खरिदकर्ताको आपूर्तिकर्तामाथि रहेको अन्य अधिकारहरुलाई कुनै पनि प्रकारले संकुचित पार्ने छैन । |
| २८. पेटेण्ट (प्रतिलिपी अधिकार) को क्षतिपूर्ति (हर्जाना) | २८.१ | खरिदकर्ताले उपदफा २८.२ मा भएको व्यवस्था बमोजिम गरेकोमा, कुनै पेटेण्ट, युटिलिटी मोडेल, रजिष्टर्ड डिजाईन, ट्रेडमार्क, कपिराईट (प्रतिलिपि अधिकार), वा दर्ता गरिएको अन्य कुनै प्रकारको वा अन्य कुनै प्रकारले सम्झौता गर्दाको बखत अस्तित्वमा रहेको बौद्धिक सम्पत्तिमाथिको अधिकार तल उल्लिखित कारणले उल्लङ्घन गरेको वा उल्लङ्घन गरेको दावी गरिएको कारणले खरिदकर्ताले व्यहोर्न पर्न सक्ने, कुनै वा सबै मुद्दा, कार्वाही वा प्रशाशनिक प्रकिया, दावी, माग, क्षति, हानी नोक्सानी र वारेस/प्रतिनिधीको शुल्क लगायत अन्य कुनै पनि प्रकृतिको खर्चबाट आपूर्तिकर्ताले खरिदकर्ता, उसको कर्मचारी र अधिकृतहरुलाई सुरक्षित पार्नु पर्दछ र कुनै हानी नोक्सानीबाट समेत मुक्त राख्नु पर्दछः |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

| | | |
|---|---|---|
| | | (क) आपूर्तिकर्ताले मालसामान जडान गरेको वा साईट रहेको देशमा मालसामान प्रयोग गरिएकोमा,<br>(ख) त्यस्तो मालसामानद्वारा उत्पादन गरिएका उत्पादनहरु कुनै पनि देशमा बिक्री गरिएकोमा ।<br>तर, करारमा इङ्गित गरिएको वा करारको प्रकृति अनुसार अनुमान गर्न सकिने उद्देश्यमा बाहेक अन्य उद्देश्य प्राप्त गर्न प्रयोग गरिएमा, र त्यस्तो मालसामान वा सोको कुनै भाग (अवयव), वा आपूर्तिकर्ताले करार अर्न्तगत आपूर्ति नगरेको कुनै उपकरण, प्लाण्ट, वा सामाग्रीहरुसंग संयुक्त रुपमा घ्घ्र संगसंगै कुनै उत्पादनहरु उत्पादन गरिएको कारणले पेटेण्ट ( प्रतिलिपी अधिकार) उल्लङ्घन हुन गएमा यो दफा अर्न्तगतको हर्जाना वा क्षतिपूर्ति आपूर्तिकर्ताले व्यहोर्नु पर्ने छैन । |
| | २८.२ | यदि सामान्य शर्तहरुको दफा २८.१ मा उल्लेख गरिएको बिषय अन्तर्गत खरिदकर्ता बिरुद्ध कुनै कार्वाही अगाडी बढाईएमा वा दावी गरिएमा, त्यस्को सूचना खरिदकर्ताले आपूर्तिकर्तालाई तुरुन्तै दिनु पर्नेछ, र आपूर्तिकर्ताले, आफ्नै खर्चमा, खरिदकर्ताको तर्फबाट त्यस्तो कार्वाही वा दावीको जिम्मेवारी लिन र त्यस्तो कार्वाही वा दावी समाधान गर्न कुराकानी (नेगोसिएसन) गर्न सक्नेछ । |
| | २८.३ | यदि आपूर्तिकर्ताले खरिदकर्ताबाट त्यस्तो सूचना पाएको तीस (३०) दिनभित्र त्यस्तो कार्वाही वा दावीको जिम्मेवारी लिई सो सम्बन्धी कार्वाही आफुले अगाडी बढाउन चाहेको सूचना खरिदकर्तालाई नदिएमा, खरिदकर्ताले, आपूर्तिकर्ताको तर्फबाट, त्यस्तो कार्वाही वा दावीलाई समाधानको लागि अगाडी बढाउन सक्नेछ । |
| | २८.४ | आपूर्तिकर्ताको अनुरोधमा, त्यस्तो कार्वाही वा दावी समाधानको लागि अगाडी बढाउन खरिदकर्ताले उपलब्ध भएसम्म सहयोग जुटाईदिनु पर्दछ, र यस सिलसिलामा कुनै खर्च भए, त्यस्तो उचित खर्चको आपूर्तिकर्ताले खरिदकर्तालाई सोधभर्ना दिनु पर्नेछ । |
| नेपाल सरकार कृषि तथा पशुपंछी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर | २८.५ | कुनै पेटेण्ट, युटिलिटी मोडेल, रजिष्टर्ड डिजाईन, ट्रेडमार्क, कपिराईट (प्रतिलिपि अधिकार), वा दर्ता गरिएको अन्य कुनै प्रकारको वा अन्य कुनै प्रकारले सम्झौता गर्दाको बखत अस्तित्वमा रहेको बौद्धिक सम्पत्तिमाथिको अधिकार उल्लङ्घन गरेको वा उल्लङ्घन गरेको दावी गरिएको कारणले आपूर्तिकर्ताले व्यहोर्न पर्न सक्ने, कुनै वा सबै मुद्दा, कार्वाही वा प्रशाशनिक प्रकिया, दावी, माग, क्षति, हानी नोक्सानी र वारेस/प्रतिनिधीको शुल्क लगायत कुनै डिजाईन, तथ्याङ्क, ड्रईङ्ग, स्पेशिफिकेशन, वा खरिदकर्ता वा नीजको तर्फबाट दिईएको कुनै कागजात वा सामाग्रीहरु वा डिजाईन वा अन्य कुनै पनि प्रकृतिको खर्चबाट खरिदकर्ताले आपूर्तिकर्ता, उसको कर्मचारी र अधिकृतहरुलाई सुरक्षित पार्नु पर्दछ र कुनै हानी नोक्सानीबाट समेत मुक्त राख्नु पर्दछ । |



प्रमुख

| | | |
|---|---|---|
| **२९. दायित्वको सीमा** | २९.१ | पूर्ण लापरवाही वा खराब नियतपूर्वक गरिएको आचरण बाहेकको अवस्थामा:<br>(क) कुनै पनि पक्ष अर्को पक्षप्रति, अप्रत्यक्ष तवरको वा अनुषाङ्गिक प्रकृतिको हानी वा क्षति, उपयोग गर्दा हुने क्षति, उत्पादनमा हुने क्षति, वा नाफामा वा नाफाको मूल्यमा हुने क्षतिप्रति जिम्मेवार हुने छैन । तर, यो व्यवस्था आपूर्तिकर्ताले खरिदकर्तालाई बुझाउनु पर्ने पूर्व निर्धारित क्षतिपूर्तिको हकमा भने लागू हुने छैन ।<br>(ख) आपूर्तिकर्ताको खरिदकर्ताप्रतिको समग्र दायित्व (करार अन्तर्गत वा हानी नोक्सानी (टोर्ट) सम्बन्धी वा अन्य कुनै), करार मूल्यभन्दा बढी हुने छैन । तर यो सीमा, बिग्रिएको उपकरणलाई मर्मत गर्ने वा बदल्ने मूल्य वा पेटेण्ट उल्लङ्घनको कारणबाट उत्पन्न हुने क्षतिपूर्तिबाट खरिदकर्तालाई जोगाउने आपूर्तिकर्ताको दायित्वमा भने लागू हुने छैन । |
| **३०. कानून परिवर्तनको असर** | ३०.१ | करारमा अन्यथा उल्लेख भएकोमा बाहेक, बोलपत्र आव्हान गरिसकेपछि, नेपाल (साईट भएको देश) मा कुनै कानून, नियम, अध्यादेश, आदेश वा कार्यबिधि लागू भएमा, घोषणा भएमा, खारेज भएमा, वा संशोधन भएमा ( *अधिकारप्राप्त निकायले यस्तो परिवतर्नलाई कसरी व्याख्या गर्ने र प्रयोग गर्ने भन्ने कुरा समावेश गरेको हुनुपर्दछ)* र त्यसबाट डेलिभरी गर्ने समय र/वा सम्झौता मूल्यमा असर पर्ने भएमा, करार अन्तर्गतको आपूर्तिकर्ताको दायित्व पूरा गर्न आपूर्तिकर्तालाई असर नगर्ने हदसम्म, असरको प्रकृति अनुसार डेलिभरी गर्ने समय र/वा सम्झौता मूल्यलाई सोही अनुपातमा घटाउनु वा बढाउनु पर्दछ । यदि, त्यस्तो घटबढलाई **सामान्य शर्तहरुको** दफा १४ अनुसार, मूल्य समायोजनमा समावेश गरिसकेको भए, थप घटेको वा बढेको रकम छुट्टै भुक्तानी दिन वा लिन सकिने छैन । |
| **३१. काबु बाहिरको परिस्थिति** | ३१.१ | काबु बाहिरको परिस्थितिको कारण, आपूर्तिकर्ता करार अन्तर्गतको आफ्नो कार्य सम्पादन गर्न ढिलो भएमा वा करार अन्तर्गतको आफ्नो दायित्व पूरा गर्न असफल भएमा, आपूर्तिकर्ताको बोलपत्र जमानत वा पूर्व निर्धारित क्षतिपूर्ति वापतको रकम जफत गर्न वा दोषको कारण करारको अन्त गर्न पाईने छैन । |
| | ३१.२ | यो दफाको प्रयोजनको निमित्त, "काबु बाहिरको परिस्थिति" भन्नाले आपूर्तिकर्ताको आफ्नो काबुभन्दा बाहिरको त्यस्तो - जुन अन्दाज गर्न नसकिने, पन्छाउन नसकिने, वा आपूर्तिकर्ताको आफ्नो हेलचेक्र्याई वा असावधानीको कारण सृजित नभएको - परिस्थितिलाई जनाउनेछ । त्यस्तो काबु बाहिरको परिस्थिति भन्नाले खरिदकर्ताको आफ्नो प्रभाव क्षेत्रभित्र भएको युद्ध वा क्रान्ति, आगलागी, बाढी, महामारी, (क्वारेन्टाईनसंग सम्बन्धित) निषेध, र परिबहन हडताल जस्ता परिस्थितिहरु पर्दछन् । |
| | ३१.३ | यदि काबु बाहिरको परिस्थिति सृजना भएमा, आपूर्तिकर्ताले त्यस्तो अवस्था र सोको कारण खोली तुरुन्तै खरिदकर्तालाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ । खरिदकर्ताले लिखित रुपमा अन्यथा निर्देशन गरेकोमा बाहेक, आपूर्तिकर्ताले करार अन्तर्गतको आफ्नो दायित्व, व्यवहारिक रुपमा उपयुक्त भएसम्म निरन्तर रुपमा निर्बाह गर्दै रहनु पर्दछ, र संभव भएसम्म त्यस्तो स्थितिको असर नपरेको कार्यहरु सम्पादन गर्न बैकल्पिक माध्यमहरुको खोजि समेत गर्नु पर्नेछ । |
| **३२.** | ३२.१ | खरिदकर्ताले कुनै पनि समय, **सामान्य शर्तहरुको** दफा ७ बमोजिमको सूचना दिएर, |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

| | |
|---|---|
| **परिवर्तनको आदेश र करार संशोधन** | करारको सामान्य क्षेत्रभित्र निम्न अनुसारका सबै वा कुनै कुरामा परिवर्तन गर्न सक्नेछ:<br>(क) यदि करार अन्तर्गतका मालसामान खरिदकर्ताको लागि विशेष किसिमले उत्पादन गर्नु पर्ने भएमा, ड्रईङ्ग, डिजाईन, वा स्पेशिफिकेशन;<br>(ख) जहाजमा मालसामान राख्ने वा प्याकिङ्ग गर्ने तरिका;<br>(ग) डेलिभरी दिने स्थान; र<br>(घ) आपूर्तिकर्ताले दिनुपर्ने सम्बद्ध सेवाहरु ।<br>३२.२ यदि यस्तो परिवर्तनको कारण करार मूल्यमा, वा करार अन्तर्गतको कुनै कार्य सम्पादन गर्न लाग्ने समयमा कुनै घट वा बढ हुने भएमा, सोही अनुसार करार मूल्यमा वा डेलिभरी दिने वा कार्य सम्पन्न गर्ने समयमा वा दुबैमा आवश्यक समायोजन गर्नु पर्नेछ र सोही अनुसार करार संशोधन गर्नु पर्नेछ । यो दफा अन्तर्गत समायोजनको लागि आपूर्तिकर्ताको कुनै दावी भए, आपूर्तिकर्ताले खरिदकर्ताबाट परिवर्तनको आदेश पाएको, तीस (३०) दिनभित्र पेश गर्नु पर्नेछ ।<br>३२.३ आवश्यक हुन सक्ने, तर करारमा समावेश नभएको, कुनै सम्बद्ध सेवाहरुको लागि आपूर्तिकर्ताले तोक्नु पर्ने मूल्य, अग्रिम रुपमा पक्षहरुबीच सहमति भए अनुसार हुनु पर्नेछ र समान प्रकृतिको सेवाको लागि आपूर्तिकर्ताले अन्य पक्षलाई तोकेको ( लगाएको) मूल्यभन्दा बढी हुनुहुँदैन । |
| **३३. समय-थप** | ३३.१ करार बमोजिमको कार्य सम्पादनको क्रममा, **सामान्य शर्तहरु**को दफा ११ बमोजिम समयमै मालसामान डेलिभरी गर्न वा सम्बद्ध सेवाहरु सम्पन्न गर्नमा आपूर्तिकर्ता वा सव-कन्ट्राक्टरलाई कुनै बाधाव्यवधान आईपरेमा, आपूर्तिकर्ताले तुरुन्तै, र खरिद करारको म्याद समाप्त हुनु कम्तिमा पनि सात (७) दिन अगावै, ढीलो भएको व्यहोरा, ढीलो हुन सक्ने अबधि र ढीलो हुनाको कारणको लिखित सूचना खरिदकर्तालाई दिनु पर्नेछ । यसरी आपूर्तिकर्ताको सूचना पाएपछि, व्यबहारिक रुपले संभवभएसम्म छिटो खरिदकर्ताले अवस्था (परिस्थिति) को मूल्याङ्कन गर्नु पर्नेछ र आफ्नो स्वेच्छामा आपूर्तिकर्ताको कार्य सम्पादन गर्ने समय थप गर्नु पर्दछ । यसरी समय थपिएकोमा करार संशोधन गरी दुबै पक्षले यसलाई अनुमोदन गर्नु पर्दछ ।<br>३३.२ **सामान्य शर्तहरु**को दफा ३१ अनुसारको काबु बाहिरको पस्थितिमा बाहेक, आपूर्तिकर्ताले मालसामान र सम्बद्ध सेवाहरु डेलिभरी गर्न वा सम्पन्न गर्ने आफ्नो दायित्व पूरा गर्न ढीलो गरेमा, **सामान्य शर्तहरु**को उपदफा ३४.१ बमोजिम समय थप गरिएको कुरामा सहमति जनाएको अवस्थामा बाहेक, खरिदकर्ताले **सामान्य शर्तहरु**को दफा २६ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति लगाउन सक्नेछ । |
| **३४. सम्झौताको अन्त्य** | ३४.१ **खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा**<br>(क) खरिदकर्ताले, करार उल्लङ्घन गरे वापतको उपचारको अन्य हकलाई यथावत् राखी, आपूर्तिकर्तालाई निजले करार उल्लङ्घन गरेको सूचना दिई सम्झौता पूरै वा आंशिक रुपमा अन्त्य गर्न सक्नेछ:<br>(१) आपूर्तिकर्ताले करारमा तोकिएको समयभित्र, वा **सामान्य शर्तहरु**को दफा ३३ बमोजिम खरिदकर्ताले दिएको समयथपको अबधिभित्र, सबै वा केही मालसामान डेलिभरी गर्न नसकेमा;<br>वा<br>(२) आपूर्तिकर्ता करार अन्तर्गतका अन्य दायित्वहरु पूरा गर्न असफल भएमा ।<br>(ख) **सामान्य शर्तहरु**को दफा ३४.१ बमोजिम खरिदकर्ताले सम्झौता पूरै वा आंशिक रुपमा अन्त्य गरेमा, खरिदकर्ताले उचित शर्त र तरिका अपनाई आपूर्तिकर्ताले डेलिभरी नगरेको मालसामान वा सम्पादन नगरेको सम्बद्ध सेवा खरिद गर्न सक्नेछ र यसरी मालसामान वा सम्बद्ध सेवा खरिद गर्दा लाग्ने थप खर्चप्रति आपूर्तिकर्ता जिम्मेवार |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

| | |
|---|---|
| | हुनेछ । तर, अन्त्य नगरिएको हदसम्मको बाँकी करारको सम्पादन भने आपूर्तिकर्ताले विना रोकावट जारी राख्नु पर्नेछ ।<br>(ग) यदि आपूर्तिकर्ता, करारको लागि प्रतिष्पर्धा गर्ने वा करार कार्यान्वयन गर्ने सिलसिलामा, **सामान्य शर्तहरुको** दफा ३ मा परिभाषित गरिएको भ्रष्टाचारजन्य, जालसाजीजन्य, मिलेमतो, करकापजन्य कार्य वा बाधाविरोधजन्य गतिबधिमा संलग्न भएकोखरिदकर्ताले ठहर गरेमा ।<br>३४.२ **टाट उल्टिएमा**<br>यदि आपूर्तिकर्ता टाट उल्टेमा वा ऋण तिर्न भएमा, आपूर्तिकर्तालाई सूचना दिई कुनै पनि समय खरिदकर्ताले सम्झौता अन्त्य गर्न सक्नेछ । यस्तो अवस्थामा, सम्झौताको अन्त्यबाट आपूर्तिकर्ताले कुनै क्षतिपूर्ति पाउने छैन र सम्झौताको अन्त्य भएपछि सोको कारण थपिने वा थपिँदै जान सक्ने कुराहरुको लागि कार्वाही अगाडी बढाउने वा उपचार खोज्ने खरिदकर्ताको अधिकारलाई संकुचित पार्ने वा असर गर्ने छैन ।<br>३४.३ **सुविस्ताको आधारमा**<br>(क) खरिदकर्ताले, आपूर्तिकर्तालाई सूचना दिई सुविस्ताको आधारमासम्झौता पूरै वा आंशिक रुपमा अन्त्य गर्न सक्नेछ । सम्झौता अन्त्य गरेको सूचनामा खरिदकर्तालेआफ्नो सुविस्ताको लागि सम्झौताको अन्त्य गरेको कुरा उल्लेख गर्नु पर्नेछ र करार कार्यान्वयनको (सम्पादनको) कुन हदसम्म अन्त्य गरिएको हो र त्यस्तो अन्त्य कहिलेदेखि लागू हुने हो खुलाउनु पर्नेछ ।<br>(ख) सम्झौताको अन्त्य भएको सूचना आपूर्तिकर्ताले पाएको सात (७) दिन भित्र तयार भई जहाजमा राख्न सकिने अवस्थामा रहेको मालसामान खरिदकर्ताले, करारको शर्त र मूल्य अनुसार नै स्वीकार्नेछ र बाँकी मालसामानको हकमा भने:<br>(१) केही भाग तयार गरी करारको शर्त र मूल्य अनुसार नै डेलिभरी गर्ने; र/वा<br>(२) बाँकी रहेको जति रद्द गर्ने र आंशिक रुपमा पूरा गरेको मालसामान र सम्बद्ध सेवाको लागि र आपूर्तिकर्ताले पहिले नै किनिसकेको सामाग्री र पार्टसहरुको लागि सहमति भए अनुसारको मूल्य आपूर्तिकर्तालाई भुक्तानी दिनेछ । |
| **३५. समर्पण (Assignment)** | ३५.१ खरिदकर्ता र आपूर्तिकर्ता दुबैले, अर्को पक्षको लिखित पूर्व-स्वीकृति विना, यस करार अन्तर्गतको आफ्ना दायित्वहरु, पूरै वा आंशिक, अरु कसैलाई समर्पण गर्न पाउने छैन । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर

प्रमुख

# खण्ड - ७

# करारका विशेषशर्तहरू

तल उल्लिखित करारका विशेष शर्तहरू (विशेष शर्तहरू) करारका सामान्य शर्तहरु (सामान्य शर्तहरु) को पूरकको रूपमा रहने छन् । **विशेष शर्तहरु** र **सामान्य शर्तहरु**मा रहेका कुराहरु बाझिएमा, यसमा रहेका कुराहरुले मान्यता पाउनेछ ।

| | |
|---|---|
| **जिसिसि १.१ (झ)** | खरिदकर्ताको देश: नेपाल । |
| **जिसिसि १.१ (ञ)** | खरिदकर्ता: केन्द्रीय कृषि प्रयोगशाला, हरिहभवन । |
| **जिसिसि १.१ (त)** | केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन । |
| **जिसिसि ४.२ (ख)** | |
| **जिसिसि ५.१** | भाषा नेपाली र अंग्रेजी |
| **जिसिसि ७.१** | सूचना दिने प्रयोजनको लागि, खरिदकर्ताको ठेगाना:<br>खरिदकर्ताको नाम: केन्द्रीय कृषि प्रयोगशाला<br>ठेगाना: हरिहरभवन<br>फोन नं: ०१-५५२०३१४<br>इमेल: centralaglab.sspp@gmail.com |
| | सूचना दिने प्रयोजनको लागि, आपूर्तिकर्ताको ठेगाना: *(आपूर्तिकर्ताको फोन, फ्याक्स, इमेल लगायत पूरा नाम र ठेगाना लेख्नुहोस् ।)*<br><br>आपूर्तिकर्ताको नाम: ....<br>ठेगाना: ...<br>फोन नं: ....<br>फ्याक्स नं: ...<br>इमेल: ... |
| **जिसिसि ९.२** | विवाद समाधानको औपचारिक माध्यम (संयन्त्र) तल दिइए बमोजिम हुनेछ: *( विवाद समाधानको किसिम र विवरण लेख्नुहोस्)*<br>रु १० करोडसम्म सम्झौता मूल्य भएको खरिद सम्झौतामा भएको विवाद एड्जुडिकेटरद्वारा र सोभन्दा बढी सम्झौता मूल्य भएको खरिद सम्झौतामा भएको विवाद तीन-सदस्यीय विवाद समाधान समितिद्वारा समाधान गर्नु पर्दछ । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

| | |
|---|---|
| | एड्जुडिकेटर वा विवाद समाधान समितिले आफू समक्ष विवाद पेश भएको मितिले तीस (३०) दिनभित्र सम्बन्धित पक्षको दावी पुग्ने वा नपुग्ने कारण र आधार खोली, आफ्नो निर्णय दिनु पर्नेछ ।<br><br>एड्जुडिकेटर/विवाद समाधान समितिले दिएको निर्णय कुनै पक्षलाई चित्त नबुझेमा, त्यस्तो निर्णय प्राप्त गरेको तीस (३०) दिनभित्र मध्यस्थद्वारा त्यस्तो विवाद समाधान गर्ने प्रक्रिया शुरु गर्नु पर्नेछ ।<br><br>खरिदकर्ता र आपूर्तिकर्ताबीचको कुनै विवाद "नेपाल मध्यस्थता परिषद्" को विवाद समाधान प्रक्रिया अनुरुप समाधान गर्ने गरी मध्यस्थ समक्ष पेश गर्नु पर्नेछ । |
| **जिसिसि १०.१** | आपूर्तिको क्षेत्रः केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन । |
| **जिसिसि ११.१** | ढुवानीकर्तालाई मालसामान डेलिभरी गरेपछि आपूर्तिकताले खरिदकर्ताकर्तालाई सूचना दिनु पदर्छ र निम्न लिखित कागजातहरु खरिदकर्ताकर्तालाई पठाउनु पर्दछः<br>(क) मालसामानको विवरण, परिमाण, एकाई मूल्य र जम्मा मूल्य सहितको आपूर्तिकर्ताको विजकको प्रतिलिपिहरु;<br>(ख) प्रत्येक प्याकेजको विवरण सहितको प्याकिङ्गको सूचि;<br>(ग) डेलिभरी नोट, रेल वा ट्रकको रसिद;<br>(घ) उत्पादक वा आपूर्तिकर्ताको तर्फबाट जारी गरिएको वारेण्टी प्रमाणपत्र;<br>(ङ) उद्‌गमस्थलको प्रमाणपत्र;<br>(च) आधिकारिक (नियुक्त गरिएको) एजेन्सीद्वारा जारी गरिएको निरिक्षण प्रमाणपत्र र आपूर्तिकर्ताले फ्याक्ट्री निरिक्षण गरेको प्रतिवेदन;<br><br>खरिदकर्ताकर्ताले मालसामान प्राप्त गर्नु अगावै खरिदकर्ताकर्ता समक्ष माथि उल्लेखित कागजातहरु पुगिसक्नु पर्दछ र यदि खरिदकर्ताकर्ताले मालसामान प्राप्त गर्नु अगावै उल्लेखित कागजातहरु नपुगेको कारणले कुनै खर्चहरु भएमा त्यस्तो खर्चप्रति आपूर्तिकर्ता जिम्मेवार हुनेछ ।<br><br>*(नोटः माथि दिईएका विवरणहरु प्रत्येक खरिदको लागि छुट्टाछुट्टै हिसाबले पुनरावलोकन गर्नु पर्दछ, र प्रत्येक खरिदको लागि आवस्यक्ता अनुसार संशोधन पनि गर्नु पर्दछ ।)* |
| **जिसिसि १४.२** | सम्पादन गर्नु पर्ने मालसामान र सम्बद्ध सेवाहरुको लागि कबोल गरिएको मूल्य, करार सम्झौताको अबधिभर परिवर्तन हुनेछैन (स्थिर रहनेछ) । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर

प्रमुख

| | |
|---|---|
| **जिसिसि १५.१** | करार अन्तर्गत आपूर्तिकर्तालाई गरिने भुक्तानीका शर्तहरु निम्न अनुसार हुनेछ:<br><br>१. भुक्तानी निम्न अनुसार गरिनेछ:<br>(क)<br>(ख) लेखा शाखा/खरिदकर्ताको ईकाइ मार्फत, वा<br>(ग) कोष तथा लेखा नियन्त्रकको जिल्लास्थित कार्यालय मार्फत |
| **जिसिसि १५.१** | १. भुक्तानी नेपाली रुपैयाँमा देहाय अनुसार हुनेछ<br><br>**मालसामान डेलिभरी गरी स्वीकार भएपछि:** सम्झौता मूल्यको ... *(एक सय (१००)* प्रतिशत रकम, मालसामान प्राप्त गरी उपदफा ११.१ मा तोकिए अनुसारका कागजातहरु सहित भुक्तानीको लागि आफ्नो दावी पेश गरेको गरेको तीस (३०) दिनभित्र भुक्तानी दिईनेछ ।<br><br>(लागू नहुने जति हटाउनुहोस्) |
| **जिसिसि १७.१** | आपूर्तिकर्ताले सम्झौता मूल्यको पाँच (५) प्रतिशत रकम कार्य-सम्पादन जमानत राख्नु पर्नेछ । कार्य-सम्पादन जमानत वापतको रकम नेपाली रुपैयाँमा हुनु पर्नेछ र १२० दिन सम्मको लागि मान्य हुने हुनु पर्दछ । |
| **जिसिसि १७.३** | देहाय बमोजिमको कार्य-सम्पादन जमानत स्वीकार्य हुनेछ:<br>नेपालमा रहेको "क"श्रेणीको बाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेण्टी वा विदेशमा रहेको र खरिदकर्तालाई मान्य हुने प्रतिष्ठित बैंकद्वारा, खण्ड ८, करार सम्बन्धी फारमहरुमा दिईएको ढाँचामा जारी गरिएको हुनु पर्नेछ । विदेशी बैंकबाट जारी भएको कार्य-सम्पादन जमानत नेपालमा रहेको "क" श्रेणीको बाणिज्य बैंकबाट प्रतिप्रत्याभूति (Counter Guarantee) गरिएको हुनु पर्नेछ । |
| **जिसिसि १७.४** | कार्य-सम्पादन जमानत देहायको अवस्थामा फुकुवा गरिनेछ:<br>*((क) सामान्य शर्तहरुको उपदफा १७.४ मा उल्लेख भए बमोजिम; वा (ख) कार्य-सम्पादन जमानत कसरी फुकुवा गरिने हो सोको व्यहोरा लेख्नुहोस्)*<br>*(उदाहरणको लागि: सामान्य शर्तहरुको उपदफा १७.४ बमोजिम, मालसामान डेलिभरी गरी स्विकार भएपछि, कार्य-सम्पादन जमानतलाई घटाएर, सामान्य शर्तहरुको उपदफा २७.३ बमोजिम आपूर्तिकर्ताको वारेण्टी सम्बन्धी दायित्वको प्रत्याभूतिको लागि ... (३ प्रतिशत भनि लेख्नुहोस्) प्रतिशत कायम गरिनेछ ।)* |
| **जिसिसि २२.२** | प्रत्येक प्याकेज भित्र रहेको मालसामानको विवरण सहितको प्याकिङ्गको सूचिलाई पानी नछिर्ने खाममा हाली प्याकिङ्गको केशको बाहिरपट्टी सुरक्षित तवरले राख्नु पर्दछ । यसको अतिरिक्त, हरेक प्याकेजमा प्रष्ट बुझिने गरी नमेटिने मसी वा रंगले निम्न कुराहरु लेख्नु पर्नेछ:<br>(क) ठेक्का नम्बर:<br>(ख) खरिदकर्ताको नाम र ठेगाना:<br>(ग) मालसामानको उद्‌गमस्थल:<br>(घ) ग्रस-तौल: |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर



प्रमुख

| | |
|---|---|
| | (ङ) नेट-तौल: <br> (च) प्याकेजको संख्या (जम्मा प्याकेजहरुको संख्या अनुसार): <br> (छ) प्याकेजभित्रको विवरण संक्षेपमा: <br> (ज) *(अन्य थप केही संकेतहरु आवश्यक भए लेख्नुहोस्)* <br><br> प्रत्येक प्याकेज/प्याकिङ्गको चारै साईडमा (आवश्यक भए), "यो साईड माथि पट्टी पार्नुहोस्" भन्ने संकेत लेख्नु/राख्नु पर्नेछ । <br><br> प्याकिङ्गको लागि प्रयोग गरिने समाग्रीहरु वातावरण-मैत्री हुनु पर्नेछ । <br> *(नोट: माथि दिईएका विवरणहरु प्रत्येक खरिदको लागि छुट्टाछुट्टै हिसाबले पुनरावलोकन गर्नु पर्दछ, र प्रत्येक खरिदको लागि आबश्यक्ता अनुसार संशोधन पनि गर्नु पर्दछ ।)* |
| **जिसिसि २३.१** | |
| **जिसिसि २४.१** | मालसामान ढुवानी गर्ने दायित्व निम्न अनुसार हुनेछ: <br><br> *यस प्रयोगशाला, हरिहरभवन, ललितपुर सम्म ढुवानी बोलपत्रदाताले गर्नु पर्ने छ ।* |
| **जिसिसि २५.२** | खण्ड-५ **आवश्यकता सम्बन्धी विवरण**मा उल्लेख भए अनुसारको <br> *स्थान:* RBPR Lab, <br> *ठेगाना:* .Kalimati, Kathmandu |
| **जिसिसि २६.१** | पूर्व निर्धारित क्षतिपूर्ति निम्न अनुसार लगाईनेछ: (दर - सम्झौता मूल्यको ०.०५ प्रतिशत प्रतिदिन ।) |
| **जिसिसि २६.१** | पूर्व निर्धारित क्षतिपूर्ति अधिकतम् ........ *(सम्झौता मूल्यको दश (१०) प्रतिशत)* हुनेछ । |
| **जिसिसि २७.३** | अन्तिम उपयोगी मिति यस प्रयोगशालामा प्राप्त भएको मितिले कम्तिमा पनि १.५ (डेढ) वर्षको हुनु पर्नेछ । |
| **जिसिसि २७.५** | अन्तिम उपयोगी हुने लागू हुने मालसामानमा देखिएको खराबी, खरिदकर्ताले आपूर्तिकर्तालाई खराबीको सूचना दिएको मितिले ५ दिन भित्र/मा त्यस्तो खराबी आपूर्तिकर्ताले फिर्ता लानु पर्नेछ । |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर

प्रमुख

# खण्ड - ८

# करारसंग सम्बन्धित फारमहरू

## आशयपत्र (Letter of Intent)

(केन्द्रीय कृषि प्रयोगशाला,लेटर प्याडमा)

मिति ................

श्री .... *(ठेकेदारको नाम र ठेगाना लेख्नुहोस्)*

**विषय : ठेक्का प्रदान गर्ने आशयपत्र जारी गरिएका बारे ।**

हाम्रो मिति ...... *(मिति लेख्नुहोस्)* को बोलपत्र आव्हानको सूचना अनुसार .......................................... *(करार सम्बन्धी विवरण/एससिसि अनुसार ठेक्काको नाम र न लेख्नुहोस्)* कार्यान्वयन गर्न तपाँईले पेश गर्नु भएको, रु ........................ *(कबोल मूल्य अङ्क र अक्षरमा लेख्नुहोस्)*कबोल मूल्य भएको, र बोलपत्रदातालाई निर्देशनमा उल्लेख भए बमोजिम सच्याइ र संशोधन गरि रु ....................................... *(अङ्क र अक्षरमा लेख्नुहोस्)*कायम भएको, बोलपत्र सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित भई ठेक्का प्रदान गर्न छानिएको हुँदा, तपाईंलाई ठेक्का प्रदान गर्ने हाम्रो आशय रहेको यो सूचनाद्वारा जानकारी गराउँदछौं ।

हस्ताक्षर:

नाम:

पद:

**<u>बोधार्थ:</u>**

*(बोलपत्र पेश गर्ने सम्पूर्ण बोलपत्रदाताहरुको नाम र ठेगाना लेख्नुहोस्)*

(**आशयपत्रको सम्बन्धमा नोट:**
यो आशयपत्र जारी गर्नुको उदेश्य,खरिदकर्ताले बोलपत्र प्रक्रियामा सफल भएको बोलपत्र र बोलपत्रदाताको बारेमा जानकारी दिनुका साथै बोलपत्रमा सहभागी अरू असफल बोलपत्रदाताहरुलाई खरिद प्रक्रियाको परिणामको बारेको सूचना दिनु पनि हो ।सारभूत रूपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित बोलपत्र छनौट गरपछि मात्र, आशयपत्रको यो नमूना भरेर सफल बोलपत्रदातालाई पठाउनु पर्दछ । )

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

प्रमुख

# स्वीकृति पत्र(Letter of Acceptance)

(केन्द्रीय कृषि प्रयोगशाला, लेटर प्याडमा)

मिति ................

श्री .... *(ठेकेदारको नाम र ठेगाना लेख्नुहोस्)*

**विषय : स्वीकृतिको सूचना**

हाम्रो मिति ...... *(मिति लेख्नुहोस्)* को बोलपत्र आव्हानको सूचना अनुसार ............................................ *(करार सम्बन्धी विवरण/एससिसि अनुसार ठेक्काको नाम र न लेख्नुहोस्)* कार्यान्वयन गर्न तपाँईले पेश गर्नु भएको र बोलपत्रदातालाई निर्देशनमा उल्लेख भए बमोजिम सच्याइएको र संशोधन गरिएको रु ........................ *(कबोल मूल्य अङ्क र अक्षरमा लेख्नुहोस्)*कबोल मूल्य भएको बोलपत्र स्वीकृत गरिएको व्यहोरा यो सूचनाद्वारा जानकारी गराउँदछौं ।

औपचारिक रुपमा करार सम्झौतामा हस्ताक्षर गर्न यो पत्रको मितिले पन्ध्र (१५) दिनभित्र यस कार्यालयमा उपस्थित हुन तपाईलाई सूचित गरिन्छ । बोलपत्र सम्बन्धी कागजातको खण्ड ८, करारका शर्तहरु बमोजिम, करार सम्बन्धी फारमहरुमा राखिएको ढाँचा अनुरुपको बैंक ग्यारेण्टी सहितको करारका विषेश शर्तहरुमा तोकिए अनुसारको कार्य-सम्पादन जमानत पेश गर्नु पर्ने व्यहोरा पनि तपाँईलाई जानकारी गराईन्छ ।

माथि तोकिएको म्यादभित्र कार्य-सम्पादन जमानत पेश गर्न र करार सम्झौतामा हस्ताक्षर गर्न तपाँई सफल नभएमा तपाईले पेश गर्नु भएको बोलपत्र जमानत खरिदकर्ताले जफत गर्ने व्यहोरा पनि तपाँईलाई जानकारी गराईन्छ ।

हस्ताक्षर:

नाम:

पद:

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

# सम्झौता फारम(Agreement Form)

यो सम्झौता मिति ... *(दिन)* ... *(महिना)* ... *(साल)* का दिन श्री ............................................. *(खरिदकर्ताको नाम र ठेगाना लेख्नुहोस्)* (यसपछि खरिदकर्ता भनिने) र श्री ............................................. *(आपूर्तिकर्ताको नाम र ठेगाना लेख्नुहोस्)* (यसपछि आपूर्तिकर्ताभनिने) बीच, मालसामान र सम्बद्ध सेवाहरु अर्थात् ....................................... *(मालसामान र सम्बद्ध सेवाहरुको संक्षिप्तविवरण लेख्नुहोस्)* को लागि बोलपत्र आव्हान गरेको र आपूर्तिकर्ताले मालसामान र सम्बद्ध सेवाहरु रु. ................. *(कर सहितको सम्झौता मूल्य अङ्क र अक्षरमा लेख्नुहोस्)*(यसपछि सम्झौता मूल्यभनिने) मा आपूर्ति गर्ने गरी पेश गरेको बोलपत्र खरिदकर्ताले स्वीकृत गरेको हुँदा, खरिदकर्ता र आपूर्तिकर्ता यो सम्झौतालाई निम्न अनुसार कार्यान्वयन गर्न सहमत भएकाछन्:

१. यस सम्झौतामा प्रयोग भएका शब्द र कथनको अर्थ, यो सम्झौतासंग सम्बन्धित करारका शर्तहरुले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

२. निम्न लिखित कागजातहरू यो सम्झौताको अंगको रुपमा रहेका छन् र तिनीहरुलाई यो सम्झौतासंगै पढिने र अर्थ लगाईनेछ:

(क) खरिदकर्ताले आपूर्तिकर्तालाई दिएको ठेक्का स्वीकृतिको सूचना;
(ख) आपूर्तिकतको बोलपत्र पेश गरेको निवेदन र मालसामानको मूल्य विवरण;
(ग) करारका विशेष शर्तहरु;
(घ) करारका सामान्य शर्तहरु;
(ङ) आवश्यकता सम्बन्धी विवरण; र
(च) *(अन्य आवश्यक कागजातहरु लेख्नुहोस्)*

प्राथमिकताक्रममा यो करार सम्झौता, करार सम्बन्धी अन्य कागजातहरु भन्दा माथि हुनेछ र करार सम्बन्धी अन्य कागजातहरुमाथि यो प्रभावी हुनेछ । करार सम्बन्धी कागजातहरुमा कुनै भिन्नता भएमा वा परस्परमा बाझिएमा, माथि दिईए अनुसार कै प्राथमिकताक्रममा तिनीहरु प्रभावी वा मान्य हुनेछन् ।

३. यो सम्झौतामा उल्लेख भए बमोजिम खरिदकर्ताले आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा, आपूर्तिकर्ता करारमा भएको व्यवस्था बमोजिम मालसामान र सम्बद्ध सेवाहरु र तिनीहरुमा रहेका त्रुटीहरु सच्याउने आफ्नो सहमति व्यक्त गर्दछ ।

४. आपूर्तिकर्ताले मालसामान र सम्बद्ध सेवाहरु र तिनीहरुमा रहेका त्रुटीहरु सच्याईदिएकोमा, सम्झौता मूल्य वा करारका अन्य प्रावधान बमोजिम तोकिए अनुसारको समय र प्रकिया अनुरुप आपूर्तिकर्तालाई भुक्तानी दिन खरिदकर्ता आफ्नो सहमति व्यक्त गर्दछ ।

माथि उल्लेख भएको मितिमा, माथि नाम उल्लेख गरिएका पक्षहरूबीच, नेपालको कानून बमोजिम यो सम्झौता कार्यान्वयन गर्न, तल उल्लेखित साक्षीको रोहवरमा, यो सम्झौता भएको छ ।

हस्ताक्षर: *(खरिदकर्ताको आधिकारिक हस्ताक्षर)* (खरिदकर्ताको लागि)

हस्ताक्षर: *(आपूर्तिकर्ताको आधिकारिक हस्ताक्षर)* (आपूर्तिकर्ताको लागि)

प्रमुख

# कार्य-सम्पादन जमानत(Performance Security)

*(ठेक्काको नाम र नम्बर लेख्नुहोस्)*

श्री ..............................*(खरिदकर्ताको पूरा नाम लेख्नुहोस्)*

श्री ................ *(आपूर्तिकर्ताको नाम लेख्नुहोस्)* (जसलाई यसपछि "आपूर्तिकर्ता" भनिनेछ) ले ............... *(ठेक्काको नाम र नम्बर लेख्नुहोस्)*(जसलाई यसपछि "ठेक्का" भनिनेछ) कार्यान्वयनको लागि ठेक्का स्वीकृतिको सूचना प्राप्त गरेको र सो सूचना बमोजिम आपूर्तिकर्ताले करार अन्तर्गत आफूले पूरा गर्नु पर्ने दायित्वको प्रत्याभूतिको लागि, तपाई समक्ष प्रतिष्ठित बैंकद्वारा जारी गरिएको तोकिए अनुसारको रकमको जमानत ..... *(जमानतको किसिम लेख्नुहोस्)* , पेश गर्नु पर्ने हुँदा, ............... *(जमानी दिनेको पूरा ठेगाना लेख्नुहोस्)*मा आधिकारिक ठेगाना भएको, ......*(जमानी दिने बैंकको पूरा नाम लेख्नुहोस्)*(जसलाई यसपछि "बैंक" भनिनेछ) आपूर्तिकर्ताको तर्फबाट जमानत दिन मञ्जुर भएकोछ ।

उल्लिखित सन्दर्भमा, हामी तपाई समक्ष घोषणा गर्दछौं कि हामी जमानी बसेकोले, अब उप्रान्त आपूर्तिकर्ताको तर्फबाट जम्मा ...... *(जमानतको मुद्रा र अङ्क र अक्षरमा जमानत रकम लेख्नुहोस्)* तपाईलाई भुक्तानी दिने जिम्मेवारी हामीले लिएका छौं र करार अन्तर्गत आपूर्तिकर्ताले आफ्नो कर्त्तव्य पूरा नगरेको भनि तपाईले लिखित रुपमा माग गरेको पहिलो पत्र प्राप्त हुने बित्तिकै, विना अवरोध वा वादविवाद, ......... *(जमानतको मुद्रा र अङ्क र अक्षरमा जमानत रकम लेख्नुहोस्)* सम्मको रकम पुरै वा सोको केही अंश, माथि उल्लेख गरिए अनुसार, तपाईबाट कुनै प्रमाण नमागिकन वा कारण नसोधिकन तपाईलाई भुक्तानी दिने छौं ।

यो जमानत .... *(मिति: गते, महिना, साल लेख्नुहोस्)* सम्मको लागि मान्य हुनेछ ।

नाम: .................... *(जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको पूरा नाम लेख्नुहोस्)*

दर्जा: .................... *(जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको दर्जा लेख्नुहोस्)*

हस्ताक्षर: .................... *(माथि नाम र दर्जा खुलाईएको व्यक्तिले हस्ताक्षर गर्ने)*

श्री .............................. *(बैंकको नाम लेख्नुहोस् छाप लगाउनुहोस्)* को तर्फबाट यो जमानत पत्रमा हस्ताक्षर गर्न अधिकार प्राप्त ।

मिति: *(मिति: गते, महिना, साल लेख्नुहोस्)*

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

प्रमुख

# अग्रिम पेश्की भुक्तानी जमानत(Advance Payment Security)

*(ठेक्काको नाम र नम्बर लेख्नुहोस्)*

श्री ..............................*(खरिदकर्ताको पूरा नाम लेख्नुहोस्)*

करारमा रहेको भुक्तानी सम्बन्धी व्यवस्था बमोजिम, अग्रिम पेश्की भुक्तानीको सिलसिलामा, श्री ................ *(आपूर्तिकर्ताको पूरा नाम लेख्नुहोस्)* (जसलाई यसपछि "आपूर्तिकर्ता" भनिनेछ) ले खरिदकर्ता समक्ष, उचित र ईमानदारी पूर्वक करारको सम्बन्धित दफामा उल्लेख भए अनुसारको आफ्नो दायित्व पूरा गर्न जम्मा ...... *(जमानतको मुद्रा र अङ्क र अक्षरमा जमानत रकम लेख्नुहोस्)* ................ *(जमानतको किसिम लेख्नुहोस्)*जमानत पेश गर्नु पर्ने हुँदा, .............. *(जमानी दिनेको पूरा ठेगाना लेख्नुहोस्)*मा आधिकारिक ठेगाना भएको, ......*(जमानी दिने बैंकको पूरा नाम लेख्नुहोस्)*(जसलाई यसपछि "बैंक" भनिनेछ) ले, आपूर्तिकर्ताले अनुरोध गरे अनुसार निःशर्त र अपरिवर्तनीय रहने गरी मुख्य जमानीकर्ताको हैसियतमा, तपाईले लिखित रुपमा माग गरेको पहिलो पत्र प्राप्त हुने बित्तिकै, विना अबरोध वा वादविवाद, ......... *(जमानतको मुद्रा र अङ्क र अक्षरमा जमानत रकम लेख्नुहोस्)* सम्मको रकम पुरै वा सोको केही अंश तपाईलाई भुक्तानी दिने छौं ।

यो जमानत, करार अन्तर्गत आपूर्तिकर्ताले अग्रिम पेश्की भुक्तानी पाएको मितिदेखि ........................ *(मितिः गते, महिना, साल लेख्नुहोस्, करार सम्पन्न हुने मिति यो मितिको लागि आधार हुनसक्छ)* सम्मकोलागि मान्य र पूर्ण प्रभावी रहनेछ ।

नामः .................... *(जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको पूरा नाम लेख्नुहोस्)*

दर्जाः .................... *(जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको दर्जा लेख्नुहोस्)*

हस्ताक्षरः .................... *(माथि नाम र दर्जा खुलाईएको व्यक्तिले हस्ताक्षर गर्ने)*

श्री .............................. *(बैंकको नाम लेख्नुहोस् छाप लगाउनुहोस्)* को तर्फबाट यो जमानत पत्रमा हस्ताक्षर गर्न अधिकार प्राप्त ।

मितिः *(मितिः गते, महिना, साल लेख्नुहोस्)*

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन, ललितपुर

प्रमुख